# आवधिक पञ्चवर्षिय योजना

# (२०७९/०८०-२०८३/०८४)

बडीकेदार गाउँपालिकाको कार्यालय

खड्यौली, डोटी

२०७९

## भूमिका

नेपाल सरकारको दिर्घकालिन नीति चालु आवधिक योजना गाउँपालिकाको आर्थिक नीति तथा प्रथम पंचबर्षिय योजना (आ.ब २०७९/०८०-२०८३/०८४ को आधार पत्रले गरेका लक्ष्य र उद्देश्य हाँसिल गर्न सार्बजनी खर्चको कुशल एबम प्रभावकारी व्यब स्थापन गर्नु पर्ने हुन्छ । योजना र बार्षिक बजेट बीच तादम्यता र सामजस्यता ल्याई वित्तीय अनुशासन कायम गर्न मध्यकालीन खर्चको संरचनाले महत्व पूर्ण औजारको रुपमा काम गर्दछ ।

अन्तर-सरकारी वित्तीय व्यवस्थापन ऐन २०७४ तथा गा.पाको आर्थिक कार्य बिधि तथा वित्तीय उत्तर दायित्व सम्बन्धि ऐन २०७४ (संशोधन सहित) र स्थानीय सरकार संचालन कार्यविधि २०७४ ले प्रत्येक आर्थिक बर्षको बजेट तर्जुमा गर्नु अघि आगामी तिन बर्षको आम्दानि र खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्चको संरचना तयार गर्नु पर्ने ब्यबस्था गरेको छ । प्रस्तुत सन्दर्भमा मध्यकालीन खर्चको संरचना तयार गर्नु जिम्मेबारी यस गाउँपालिकालाई भए अनुसार आगामी तिन आर्थिक बर्षको (२०७९/०८०-२०८१/०८२ ) को लागि खर्चको संरचना तयार गरेको हो । मध्यकालीन खर्च सरचनाको प्रमुख लक्ष्य बडीकेदार गाउँपालिकाको सर्वाङ्गिण सन्तुलित विकास र दिगो विकासका लक्ष्य पुरा गर्न सार्बजनिक खर्चको व्यवस्थापनलाई उत्पादनमुखी दक्ष्य र अनुशाशित बनाइ स्रोतको प्रभावकारिता बढाउनु रहेको छ । हालै तयार भएको यस गाउँ पालिकाको प्रथम पंचबर्षिय योजनाको आधार पत्रले राखेको सोच "आत्मनिर्भर उन्मुख समृद्ध गाउँ पालिका "लक्ष्य तथा उद्देश्यहरुको प्रभावकारी कार्यान्वयन पनि यस खर्च संरचनाको उद्देस्य रहेको छ । यसले उपलब्ध हुने वित्तीय स्रोतको सिमा भित्र रही प्राथमिकता क्रम अनुरुप पंचबर्शीय योजनाको आधार पत्रको आधारमा बार्षिक योजना कार्यान्वयनको लागि आवश्यक स्रोतको सुनिश्चताको खोजि गर्दै समस्टिगत आर्थिक स्थायित्वको लागी दिगो तथा भर पर्दो आधार प्रस्तुत गर्ने प्रयास गरेको छ । खर्च संरचना तयार गर्ने सिलसिलामा समष्टिगत वित्त खाका तयार गर्दा नेपालको कुल ग्राहस्थ उत्पादनमा गाउँ पालिकाको स्थान र योगदान समेतको तुलनात्मक विश्लेषण गरि राष्ट्रिय प्राथमिकता ,प्रदेश प्राथमिकता र गाउँपालिकाको प्राथमिकताको समेत तुलनात्मक बिबेचना गरिएको छ । यसका अतिरिक्त मध्यकालीन खर्च संरचनाको माध्यमबाट खर्च पक्षलाई अझ प्रभावकारी बनाउदै लागि आगामी दिनमा यसलाइ क्रमसः मध्यकालीन बजेट सरचना हुदै मध्यकालीन नतिजा सरचनाको स्वरुपमा पुर्याउन यसलाई अझ वैज्ञानिक बनाउदै जानु पर्ने देखिन्छ ।

यस आ.ब.मा तयार गरिएको मध्यकालीन खर्चको सरचनामा दिगो बिकासका लक्ष्यहरुलाई कार्यान्वयनमा लाने गरि आन्तारिकिक्रण गरिएको छ । त्यसका साथै लैंगिक संकेत ,जलबायु संकेत र योजनाको प्राथमिकीकरणलाई समेत समाबेश गरिएको छ । दिगो बिकास लक्ष्यमा आधारित मध्यकालीन खर्च संरचना तयार गर्नमा सहयोग गर्नु हुने सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दछ ।

बडिकेदार गाउँ पालिका

गाउँ कार्यपालिकाको कार्यालय

खड्यौली डोटी

२०७९

बिषय सुची


परिच्छेद -१

**मध्यकालिन खर्च संरचनाको परिचय**

| | |
|---|---|
| १.१ पृष्ठभूमि | १ |
| | ४ |
| १.२ अबधारणा र उद्देश्य | ४ |
| १.२.१अवधारणा | ४ |
| १.२.२ उद्देश्य | ५ |
| १.३ मध्यकालीन खर्च संरचना तर्जुमाका आधार | ५ |
| १.४ संस्थागत व्यबस्था | ७ |
| १.५ मध्यकालीन खर्च संरचना तर्जुमा निर्देशक समिति | ८ |
| १.५.१ कुल बजेटको तयारी | ८ |
| १.५.२ बजेट सीमा र मार्गदर्शन | ९ |
| १.५.३ बजेट सीमाछलफल | ९ |
| १.५.४ बजेट तथा कार्यक्रम अनुसारखर्च संरचना तयारी | ९ |
| १.६ मध्यकालीन खर्च संण्रचना र दिगो बिकास लक्ष्य | |
| परिच्छेद २ | |
| मध्यकालीन खर्च संरचना | १० |
| २.१ पृष्ठभूमि | ११ |
| | १२ |
| २.२ चुनौती र अबसर | १४ |
| २.३ सोच ,लक्ष्य उद्देस्य तथा रणनीतिहरु | २० |
| २.४ प्रमुख नतिजा सूचक तथा लक्ष्य | २२ |
| २.५ मध्यकालीन खर्च संरचनाको बजेट बिनियोजन र प्रक्षेपण | २२ |
| २.६ बजेट बिनियोजन र प्रक्षेपणको बाडफाट | २२ |
| २.६.१ प्राथमिकताको आधारमा बाँडफाँट | २२ |
| २.६.२ दिगोविकास लक्ष्यको आधारमा बाँडफाँट | २३ |
| २.६.३ लैङ्गिक संकेतको आधारमा बाँडफाँट | २३ |
| २.६.४ जलवायु संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट तथा प्रक्षेपण | २४ |
| २.७ बिषयगत र क्षेत्रगत आधारमा बाडफाट | २४ |

२.८ बजेट तथा स्रोतको त्रि बर्षिय अनुमान तथा प्रक्षेपण
२.९ अन्तर सरकारी बित्त हस्तान्तरणको अनुमान र प्रक्षेपण

**भाग-एक**

## १.१पृष्ठभूमि

मुलकले संविधान प्राप्तिसँगै स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय सरकारको रुपमा तहको जिम्मेवारी तथा कार्यप्रणाली सुनिश्चित गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनले सबै स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक र रणनीतिगत विषयक्षेगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यसबै व्यवस्था अनुसार बडिकेदार गाउपालिकाको बैठकको निर्णद्वारा यस गाउँपालिकाको मध्यकालीन आवधिक गाउँपालिका विकास योजना तर्जुमा गर्ने अठोटका साथ आरम्भ गरिएको हो । संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकारको सूची र स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेका काम, कर्तव्य, अधिकार र जिम्मेवारीलाई ध्यानमा राखी आवश्यकता, क्षमता तथा सम्भावनाहरुलाई मध्यनजर गरी सहभागितामूलक र समावेशी प्रक्रियाबाट यस गाउँपालिकाको आवधिक विकास योजनाको -आ.वि.यो) तर्जुमा गरिएको छ । प्रस्तुत आवधिक गाउँपालिका विकास  योजनाको दस्तावेजलार्य प्रभावकारी, बोधगम्य र मार्गदर्शक योजनाको रुपमा लिई संक्षिप्त रुपमा तयार गरिएको छ ।

## १.२आवधिक योजना तर्जुमाको उद्देश्य

स्थानीय सरकार सञ्चालन ऐनले प्रावधान बमोजिम गाउँपालिकाको आफ्नो अधिकार र जिम्मेवारी क्षेत्रभित्रको विषयमा स्थानीय स्तरको समष्टिगत र एकीकृत विकासका लागि आवधिक योजना बनाउनुपर्ने हुन्छ । यसै उद्देश्यले गाउँपालिकाको आर्थिक, सामाजिक, वातावरणीय, भौतिक विकास र संस्थागत विकास र प्रभावकारी वित्तीय व्यवस्थापनका लागि दीर्घकालीन सोच अनुसार निर्धारण भएका लक्ष्य र उद्देश्यहरु प्राप्त गर्न आगामी पाँच  वर्ष (२०७९/०८०-२०८३/०८४) का लागि तयार गरिएको छ । यस दस्तावेजमा निर्धारित लक्ष्य र उद्देश्यहरु हासिल गर्न सिद्धान्त, रणनीति तथा प्रमुख कार्यक्रमहरुसमेत पहिचान एवं औसत लगानीको प्रक्षेपण गरिएको छ । यस आवधिक योजनालाई प्रत्येक वर्ष तर्जुमा गरिने गाउँपालिकाको समन्वयात्मक एकीकृत, समावेशी एवं सहभागितात्मक योजनाको पथप्र दर्शकका

रुपा अगाडि बढाउने उद्देश्य राखिएको छ । यस आवधिक विकास योजना तर्जुमा गर्दा निम्नानुसारका उद्देश्यहरु रहेका छन् :

क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा डिकेदार गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा गर्ने ।

(ख) गाँउपालिकाको सर्वाङ्गीण विकासको लक्ष्य लिएको यस आवधिक योजनालाई व्यवहारमा उतार्न कार्यान्वयन कार्ययोजना र अनुगमन सूचकहरू समेत निर्धारण गरी तद अनुसार कार्यान्वयन गर्ने गरी खाका प्रस्तुत गर्ने ।

(ग) निर्धारित लक्ष्य र उद्देश्यहरू हासिल गर्न, उद्देश्य, रणनीति र प्रमुख कार्यक्रमहरू पहिचान गर्ने र यसरी पहिचान गरिएका कार्यक्रमहरूलाई सहभागितामूलक प्रक्रिया अवलम्बन गरी वार्षिक कार्यक्रम तथा बजेटबाट सम्बोधन गर्ने गरी निर्देशित प्रकृतिको (Visiolnary Periodic Plan) आवधिक विकास योजना तयार गर्ने ।

(घ) राष्ट्रिय योजना आयोगबाट स्थानीय तहको आवधिक योजना तर्जुमाका सन्दर्भमा तयार गरेको मस्यौदा र मन्त्रालयबाट तयार भएको वस्तुगत विवरणको ढाँचालाई कार्यस्थलमा परीक्षण गर्ने ।

(ङ) यस आवधिक विकास योजना तर्जुमा गर्दा अवलम्बन गरिएका प्रक्रिया र चरणहरूको सिकाइलाई अभिलेखीकरण गरी अन्य आवधिक योजना तर्जुमाका लागि पृष्ठपोषण प्राप्त गर्ने।

## १.३ आवधिक विकास योजना तर्जुमा प्रक्रिया

गाँउपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक, वन, वातावरण, संस्थागत एवं वित्तीय विषयगत क्षेत्रविकासका लागि दीर्घकालीन सोचका साथै लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न मध्यकालीन अवधिका(५वर्ष) लागि सरोकारवाला सबैको प्रतिनिधित्वबाट समावेशी र सहभागिता मूलक प्रक्रिया अवलम्बन गरी या आवधिक विकास योजना तयार गरिएको छ। यस प्रयोजनका लागि गाँउपालिकाले गाँउपालिका प्रमुखको अध्यक्षतामा संस्थागत संयन्त्र स्थापना गरी आवधिक विकास योजना तर्जुमा मूल समिति र प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा प्राविधिक समिति र कार्यपालिकाका सदस्य एवं वडा अध्यक्षको संयोजकत्वमा विषयक्षेत्रगत समितिहरू (अनुसूची १ बमोजिम) गठन गरी योजना तर्जुमा प्रक्रिया अगाडि बढाइएको छ । तथ्याङ्क र सूचना

संकलनका लागि वडासमिति तथा कार्यालयहरूलाई परिचालन गरी प्रारम्भिक तथ्याङ्क एवं केन्द्रीय तथ्याङ्क विभाग, मानव विकास प्रतिवेदन र अन्य द्वितीय तहका तथ्याङ्क र सूचनासंकलन गरी विश्लेषण गरिएको छ । उक्त विश्लेषणलाई कार्यशालाबाट पुष्टीकरण गरी परिस्कृत गर्ने कार्यसमेत गरिएको छ । आवधिक योजनाको दूरदृष्टि, मध्यकालीन समष्टिगत लक्ष्य र प्रमुख उद्देश्यहरू तथा रणनीति र कार्यक्रम क्षेत्रमा समेत सरोकारवाला संलग्न कार्यशाला बाट निर्धारण भएको छ ।

## १.४ सीमितता

यस आवधिक विकास योजना तर्जुमाका सीमाहरू निम्न बमोजिम रहेका छ :-

१.सहभागिता मूलक वार्षिक योजना तर्जुमा प्रणालीबाट कार्यक्रम छनोट हुने व्यवस्थालाई दृष्टिगत गरी "आवियो" मुख्यमुख्य कार्यक्रमका क्षेत्रहरू पहिचानमा मात्र केन्द्रित छ, विस्तृत कार्यक्रमहरू समावेश गरिएको छैन ।

२.स्थानीय सरकार सञ्चालन ऐन अनुसा र गाँउपालिका क्षेत्रमा संलग्न गैरसरकारी संस्था, सामुदायिक संघ-संस्था र  निजी क्षेत्रका कार्यक्रमहरू गाँउपालिकामा प्रस्तुत भइन सकेको अवस्थामा तीनिकायहरू सम्बद्ध सबैपाटा स्पष्टताका प्रस्तुत हुनन सकेको ।

३. केन्द्र, जिल्ला स्तर तथा वैदेशिक स्रोतबाट सञ्चालन हुने कार्यक्रमको प्रक्षेपित कार्यक्रम बजेट, सम्पत्ति र दायित्व प्राप्त भइन सकेकाले सामान्य आकलनका आधारमा गाँउपालिकाको आवधिक योजनामा समेट्न कठिनाइ परेको ।

४.स्थानीय तहको पुनःसंरचनामा यस गाँउपालिकामा समाविष्ट गाँउविकास समितिहरूको तथ्याङ्क विवरणहरू उपलब्ध हुन नसक्नु साथै जिल्लास्तरीय निकायहरू समेत गाँउपालिकामा स्थानान्तरण नभइसकेकाले उपलब्ध सीमित तथ्याङ्कमा मात्र आधारित रहेको ।

५.तथ्याङ्कको सीमितताले प्राप्त द्वितीय तहको तथ्याङ्क, जिल्ला तहमा विद्यमान र केन्द्रीय तथ्याङ्क विभागका तथ्याङ्कहरू र संयुक्त राष्ट्रसंघको नेपाल स्थितनि योगका सूचनाहरू समेतलाई आधारमानी अध्ययन प्रक्रिया अगाडि बढाउनु पर्ने अवस्था रहेको ।

६.चालू खर्च प्रक्षेपण यथार्थ परक बनाउन कठिन रहेको ।

७.प्रदेश सरकार भर्खरै मात्र गठन भएको र प्रादेशिक ऐनकानुन तर्जुमा तथा प्रादेशिक जिम्मेवारी र संघीय सरकारका विषयक्षेत्र भित्रका कतिपय कार्य जिम्मेवारी तीन वटै तहमा समन्वय र सहाकार्यवा विकेन्द्रीकरण (प्रत्यायोजित वानि क्षेपित) गरिने विषयको यकिन हुनन सकीयस आवधिक योजनाको कार्यक्षेत्र भित्रसमेट्न नसकिएको ।

८.राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग गठनहुन नसकेको परिप्रेक्ष्यमा संघीय र प्रादेशिक सरकारबाट प्रवाहित हुने समानीकरण, ससर्त, विशेष तथा सम्पूरक अनुदान, राजस्व बाँडफाँटको रकमको भरपर्दो र विश्वसनीय प्रक्षेपण प्राप्त भइन सकेको र गाँउपालिकाले उठाउन पाउने कर र गैरकरबाट प्राप्त हुने आफ्नो आयस्रोतका आधार र दरसमेतको यकिन हुनन सकेकाले पनि आवधिक योजना मालगानी हुने रकमको प्रक्षेपण गर्न कठिनाइ महसुस भएको ।


९. विकास साझेदार, अन्तरार्ष्टिय रार्ष्टिय गैरसरकारी संस्था तथा निजी एवं सहकारी क्षेत्रबाट प्राप्त हुने रकमको पनि यथार्थ लगानी प्रक्षेपण गर्न नसकिएको ।

१०.राष्ट्रिय जनगणना २०७८को तथ्याङकलाई आधार मानिएको छ ।

## भाग-२ गाउँपालिकाको भोगोलिक, आर्थिक एवं सामाजिक स्थिति

### २.१ गाउँपालिकाको परिचय

### २.१.१ भौगालिक अवस्थिति




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

**चित्र १ : गाउँपालिकाको नक्सा**

डोटी जिल्लाको साविक घाडल,बर्छैन, मान्नाकापडी र लानाकेदारेशवर गा.वि.स. लाई मिलाएर बडीकेदार गाउँपालिकाको स्थापना २०७३ चैत्र २ गते भएको हो । डोटी जिल्लाको सदरमुकाम बाट १५० कि.मि. दक्षीण तर्फ रहेको यस गाउँपालिकाको नाम यसै क्षेत्रको प्रसिद्ध धाम बडीकेदार को नाम बाट नामाकरण गरिएको छ । यस गाउँपालिकामा जम्मा ५ वटा वडाहरु रेहका छन् । समुद्री सतह देखि १८०० मिटर उचाईमा रहेको यस गाउँपालिकाको कुल क्षेत्रफल ३३२.५६ वर्ग किलोमिटर रहेकोछ । धार्मिक पर्यटन र जटीबुटीको प्रचुर सम्भावना रहेको यस गााउँपालिकाको प्रमुख प्रसिद्ध धार्मिक स्थल बडीकेदार धाम यस गाउपालिकाको वडा नं. ५ मा र प्रमुख पर्यटकीय स्थल कालारुवा ताल यस गाउँपालिकाको वडा नं. ४ मान्नाकापडी मा रहेको छ ।

भौगोलिक अवस्थिति:

सिमाना:

पूर्व:बोकटान गाउँपालिका

पश्चिम: जोरायल गाउँपालिका र कैलाली जिल्ला

उत्तर:शिखर नगरपालीका, वोगटान,जोरायल र के.आई.सिंह गाउँपालिका

दक्षीण:कैलाली जिल्ला

जम्मा जनसंख्या: १४९०२

जनघनत्व:४९.६२

क्षे .फ .३३२.५६ व.कि.मि.

### २.१.२ **जनसांख्यिकबनोट :**

नेपालको जनगणना २०७८ को आँकडा अनुसार यस गाँउपालिकामा कुल १४९०२ जनसंख्या रहेको देखिन्छ जसमध्ये ७५२५ महिला जनसंख्या र ७३७७ पुरुष जनसंख्या रहेको छ । यसअनुसार कुलजनसंख्यामा महिलाको अनुपात करिब ५०.५० प्रतिशत र पुरुषको ५०.४९ प्रतिशत हुन आउँछ।उक्त आँकडा अनुसार यसगाँउपालिकामा कुल २७६२ घरपरिवार संख्या रहेको छ ।

तालिका १:गाउँ पालिकाको वडागत विबरण


| क्र.सं. | नयाँ वडा | साविक गाविस | जनसंख्या | क्षेत्रफल ९ वर्ग कि.मि |
|---|---|---|---|---|
| १ | १ | बर्छैन | २५६६ | ५४.९२ |
| २ | २ | बर्छैन | २५२० | ५९.७८ |
| ३ | ३ | घागल | ३३०५ | ८०.८४ |
| ४ | ४ | माना कापडी | ३२३४ | ८५.३१ |
| ५ | ५ | लानाकेदारेश्वर | ३२७७ | ५१.७१ |
| जम्मा | | | १४९०२ | ३३२.५६ |

स्रोत अर्न्तराष्ट्रिय तथ्यांक विभाग

### २.१.३ क्षेत्रफल

बडीकेदार गाउँपालिका सुदूरपश्चिम प्रदेशको पहाडी क्षेत्रमा अवस्थित गाउँपालिका हो। यसको सिमानापूर्वमा बोगटान गा.पा रहेको छ । यो पालिका  समुद्री सतह देखि १२३२ मिटर उचाईमा रहेको छ । अक्षांसः २९$^{0}$,उत्तरी देसान्तरः ८०$^{0}$ ४७,पुर्बी अवस्थितिमा रहेको यस गाउँपालिकाको भु आकृति हेर्दा भिरालो जमिन बढी रहेको छ । यस गाउँपालिकाको क्षेत्रफल ३२५.५६ वर्ग किलो मिटर रहेको छ । डोटी जिल्लाका ९ ओटा स्थानिय तहहरुमध्ये भुगोल हिसावले बडीकेदार गाउँपालिका सबै भन्दा ठूलो गाउँपालिका हो ।

बडीकेदार गाउँपालिकाको हावापानी मूल रुपमा समशीतोष्ण प्रकारको छ । यहाँको अधिकतम औषत तापक्रम ३४ डिग्री से. र न्यूनतम औषत तामक्रम ०.०२ डिग्री से. रहने गरेको छ । समुद्री सतहबाट १२३२ मिटर उचाइसम्म रहेको यस पालिकामा हिउँदमा हिउँ पर्ने देखि गर्मी यामम‍ा चर्को गर्मी हुने भू -भाग समेत यस गाउँ पालिकामा रहेको छ । यस गाउँपालिकाको क्षेत्रफल ३३२.५६ बर्ग किलो मिटर रहेको छ ।




**चित्र २: अवस्थिति नक्सा**

### २.१.४ राजनीतिक तथा प्रशासनिक विभाजन

नेपालको संविधान अनुसार स्थानीय तह (स्थानीय सरकार) का रुपमा कायम भएको बडीकेदार गाउँपालिकामा ५ वटा वडाहरु रहेका छन् । हालको बडीकेदार गाउँपालिका साविकका ४ गाउँ विकास समितिहरु मिलेर वनेको छ । जसमा घाडल, बर्छैन, लानाकेदारेश्वर र मान्नाकापडी गाविसहरु रहेका छन् । साविकका प्रत्येक गाउँविकास समितिलाई हालको गाउँपालिकाको वडा बनाईएको छ भने बर्छैन गाउँ विकास समितिलाई दूई वडामा बिभाजन गरिएको छ । प्रत्येक वडामा वडा स्तरका प्रशासनिक तथा सेवा प्रदायक ईकाईहरु रहेका छन् । यस क्षेत्रमा बिभिन्न स्थानबाट बसाई सरी आएकाहरुको बस्ती रहेको छ । देशका बिभिन्न स्थान र भारतबाट समेत बसाई सरी आएकाहरुको बसोवास यो क्षेत्रमा रहेको पाईन्छ । बडीकेदार क्षेत्र भु-धरातल हेर्दा अग्ला डाँडाहरु, महाभारतको लेक, खोला नदीहरु, केही समथर खेतीयोग्य जमिनका साथै मुख्य व्यापारिक केन्द्र रहेको विपीनगर भित्री मधेश जस्तै रहेको छ । वडा संख्याका हिसावले यो गाउँपालिका डोटी जिल्लाकै सवैभन्दा सानो गाउँपालिका देखिएपनि भुगोलको हिसावले भने सबैभन्दा ठुलो गाउँपीलकाको रुपमा रहेको छ ।

गाउँपालिकाको प्रशासनिक केन्द्रका रुपमा गाउँ कार्यपलिकाको कार्यालय रहेको छ भने ५ वटै वडामा रहेका वडा कार्यालयहरुबाट पनि गाउँपालिकाले सेवा प्रवाह गर्दै आएको छ । गाउँ कार्यपालिकाको कार्यालयमा विभिन्न विषयगत कार्यक्रमहरु कार्यान्वयन गर्न विषयसम्बद्ध शाखाहरुको व्यवस्था गरिएको छ ।

### २.१.५.ऐतिहाँसिक, पर्यटकीय तथा धार्मिक स्थल र नदीहरु

ऐतिहासिक,पर्यटकीय तथा धार्मिकस्थल र नदीहरु बडीकेदार धार्मिक स्थलको फेदीमा अवस्थित यस पालिकामा बडीकेदार धाम, मालिका धाम, पिपलकुण्डा त्रिवेणी धाम,रिसडी धर्म घर,मोहन्याल धाम,कालारुवा ताल लगायतका विभिन्न धार्मिक,प्राकृतिक र सांकृतिक क्षेत्रहरुका दृष्टिकोणले महत्त्वपुर्ण रहेका छन् । जलस्रोतका हिसावले धनी यस गाउँपालिकाको खानेपानी तथा सिचाईं र सुन्दरताका दृष्टिकोणले महत्वपुर्ण रहेका खोलानाला तथा नदीहरुमा कर्णाली नदी, कापडी गाड, ठूली गाड आदि रहेका छन् ।, कापडी, गाड

### २.१.६ जातजाती

यस गाउँपालिकामा बाम्ह्ण, (उपाध्याय, ओझा, जोशी, बिनाडी, साप्कोटा) क्षेत्री, (देउवा, बम, मल्ल,चन्द,कलेल,बोगटी, बोहरा, धामी, मन्नि, पनाडी । सिराडी, सोराडी, बिष्ट, कठायत, भाट, साउद, कोट्केनी, कुडमाल, मटेली आदि)दलित(कामी,सार्की,दमाइ,वादी,भुल,लुहार,सुनार) रजनजाती (मगर र गुरुङ)जातजातिको बसोबास रहेको छ । हिन्दू धर्मावलम्बी मात्र बसोबास रहेको यस क्षेत्रमा विभिन्न समुदायले विभिन्न चाडपर्वहरु मनाउने गर्छन् ।

### २.१.७ भाषाः

यस गाँउपालिकामा डोटेली र नेपाली प्रमुख मातृभाषाका रूपमा रहेका छन् ।

तालिका २: गाउँ पालिकामा बोलिने मातृभाषाका बिबरण

| भाषा | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| नेपाली | ४२०० | ३००० | १२०० |

| | | | |
|---|---|---|---|
| डोटेली | ७००० | ३००० | ४००० |
| मगर | १८०० | ६०० | १२०० |
| अन्य | १९०२ | ७७७ | ११२५ |
| जम्मा | १४९०२ | ७३७७ | ७५२६ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

## २.२. गाउँपालिकाको आर्थिक तथा सामाजिक स्थिति

यस गाउँपालिकाको प्रमुख आर्थिक स्रोतको रुपमा मालपोत कर, सिफारिस दस्तुर, व्यबसायिक कर, व्यवसाय दर्ता कर नै मुख्य आन्तरिक स्रोत रहेका छन् । बाह्य स्रोतका रुपमा नेपाल सरकारबाट प्रदान हुने सशर्त अनुदान, बित्तीय समानिकरण, समपुरक कोष आदि रहेका छन् । यस्तै यस गाउँपालिकामा बसोवास गर्ने जनताको प्रमुख आम्दानीको स्रोत कृषि पेशा रहेको छ । यस गाउँपालिकाको आर्थिक बिवरणलाई तल प्रष्ट्याउने प्रयास गरिएको छ : ४.१.१ **प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका मानव संशाधनको विवरण**

| वडा नं. | बिषय क्षेत्र अनुसार प्राबिधिक मानव संशोधन | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कृषि र पशु | | ईन्जिनियरिङ्ग | | व्न | | मेडिसिन | | खाद्य प्रसोधन | | वकिल | | पत्रकार | | जम्मा |
| | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | |
| १ | | २ | | | | | | | | | | | | | २ |
| २ | | | | | | | १ | | | | | | | | १ |
| ३ | १ | ४ | | २ | | | २ | १ | | | | | | | १० |
| ४ | ४ | ४ | | ३ | | १ | | ४ | | | | १ | | १ | १८ |
| ५ | १ | २ | | १ | | | | | | | | | | १ | ५ |
| **जम्मा** | ६ | १२ | | ६ | | १ | ३ | ५ | | | | १ | | २ | ३६ |

माथीको तालिका हेर्दा यस गाउँपालिकामा ३६ जना प्राबिधक तथा सीपयुक्त जनशक्ति रहेको देखिन्छ । सीपयुक्त जनशक्तिमध्ये सवैभन्दा बढी महिला ६ र पुरुष १८ गरी ३६ जना अर्थात कुल सीपयुक्त जनशक्तिको कृषि तथा पशु सेवासंग सम्वन्धित सीपयुक्त जनशक्ति रहेको छ । यस्तै ईन्जिनियरिङ्ग सेवाको सीपयुक्त जनशक्ति ६ जना अर्थात १६.६६% रहेको छ । यस्तै बनसंग सम्वन्धित १ जना अर्थात २.७७%, स्वास्थ्यसंग सम्वन्धित महिला ३ र पुरुष ५ गरी ८ जना अर्थात २२.२२%, कानुन व्यवसायी १ जना अर्थात २.७७% र पत्रकार २ जना अर्थात ५.५५% रहेका छन् । यस आधारमा यस गाउँपालिकामा सीपयुक्त जनशक्ति ज्यादै थोरै रहेको कुरा प्रष्ट हुन्छ । भएकाहरुमा पनि महिलाको संख्या अझ न्यून रहेको छ । ३६ जनामा महिलाहरुको संख्या ९ अर्थात २५ प्रतिशत मात्रै महिला संख्या रहेको छ । यसले गाउँपालिकाको उत्पादनमुखी सीपयुक्त जनसंख्या कमजोर छ भन्ने देखाउँछ । **४.१.२ मुख्य पेशा सम्बन्धी विवरण**

यस गाउँपालिकाको मुख्य पेशा कृषि रहेको देखिन्छ । कुल श्रमयोग्य जनशक्ति ९८५४ मध्ये कृषि पेशामा ५३६७ जना अर्थात् ५४.४६% कृषि पेशमा संलग्न छन् । कृषि उत्पादनको अवस्था हेर्दा तलको तालिकामा देखाईएको छ :

| वडा नं. | अन्य | खाद्यान्न | जडीबुटी | दुध | पशु | फलफूल | मह | सब्जी |
|---|---|---|---|---|---|---|---|---|
| १ | ९५००० | २२७००० | ८२००० | १६५००० | ७७०७००० | ८७९००० | २३०५०० | २०००० |
| २ | | १०१०० | २००० | २८१२०० | २२११९०० | १२२१०० | १३३४०० | ३३५५० |
| ३ | ५००० | १३०००० | ५००० | १२१६०० | ४९००३०० | २६२६०० | १७१७०० | ७७००० |
| ४ | ६०७५०० | ३०१५०० | ११००० | ३३५०० | ४२४३९०० | १६५१०० | २१३००० | ११९०० |
| ५ | | १५००० | | २९३००० | ३५९५५०० | ४१००० | १८४५०० | २५००० |

### ४.१.३ औशत आम्दानी विवरण

यस गाउँपालिकाभित्र बसोबास गर्ने जनताको मासिक आम्दानी ३ करोड, ३७ लाख ४८ हजार ५ सय रहेको देखिन्छ । उक्त आम्दानीलाई गाउँपालिकाको परिवार संख्याले भाग गर्दा प्रति परिवार मासिक औषत आम्दानी १२८५१ हुन आउँछ ।

गाउँपालिकाको आम्दानीको अवस्थालाई तलको तालिकामा राखिएको छ :

| वडा नं. | आफ्नै देश | विदेश | भारत |
|---|---|---|---|
| १ | २५६६५०० | १७९५००० | १९५१००० |
| २ | २३७००० | ११०००० | १४३६००० |
| ३ | १६०६००० | ३५५९००० | १३७२००० |
| ४ | ८५९००० | १०८५००० | ५०६६००० |
| ५ | ४२००० | १३१९००० | २७४५००० |
| जम्मा | ५३१०५०० | ६८६८००० | ५२१५७०००० |

माथीको तालिका हेर्दा गाउँपालिकाका जनताको प्रमुख आम्दानीको स्रोत भारत रहेको देखिन्छ । कुल मासिक आम्दानी ३ करोड, ३७ लाख ४८ हजार ५ सयमध्ये २ करोड पन्द्र लाख ७० हजार अर्थात ६३.९१% रोजगारीका लागि भारत जानेहरुबाट आउने गरेको छ । यस्तै गाउँपालिकाभित्रका व्यक्तिहरु भारत बाहेक तेश्रो मुलुकमा गएर मासिक ६८ लाख ६८ हजार अर्थात २०.३५% रहेको छ । गाउँपालिकाभित्रै बिभिन्न पेशा व्यवसाय गरेर हुने आम्दानी भने न्यून

रहेको माथीको तालिकाले देखाउँछ । जसमा ५३ लाख १० हजार ५ सय अर्थात १५.७३% मात्रै रहेको देखिन्छ ।

तालिका वडागत रुपमा हेर्दा भारत प्रवासबाट सवैभन्दा बढी आम्दानी हुने वडा नं. ३ रहेको देखिन्छ । उक्त वडाबाट भारतबाट हुने कुल आम्दानी २ करोड पन्द्र लाख ७० हजारमध्ये एक करोड ३ लाख ७२ हजार अर्थात ४८% भित्रिने गरेको देखिन्छ । यस आधारमा

गाउँपालिकाबाट रोजगारीका लागि भारत जानेमध्ये सवैभन्दा बढी वडा नं. ३ बाट छन भन्न सकिन्छ ।

### ४.१.४ विपन्नता स्तरीकरण विवरण

यस गाउँपालिकामा बसोबार गर्ने २६२६ परिबारहरुमध्ये आफ्नो उत्पादनबाट बर्षभरी खान पुगेर बिक्री गर्ने परिवार संख्या ३१ मात्रै रहेको देखिन्छ, जवकी आफ्नो उत्पादनबाट तीन महिना भन्दा पनि कम खान पुग्ने परिवार संख्या ४८२ रहेको छ । गाउँपालिकाको परिवार संख्याको आधारमा बिपन्नताको स्तरीकरणलाई तलको तालिकामा देखाईएको छ :


| वडा नं. | ३ महिना भन्दा कम खान पुग्ने | ६ महिना भन्दा कम खान पुग्ने | ९ महिना भन्दा कम खान पुग्ने | १ वर्ष खान पुग्ने | खाना पुगरे बेच्न समेत हुने |
|---|---|---|---|---|---|
| १ | ५६ | १३२ | १२८ | १०५ | १७ |
| २ | १२१ | १९२ | ११४ | २८ | २ |
| ३ | १३७ | २११ | ११८ | १६६ | १७ |
| ४ | ७२ | ३२८ | ६९ | ८५ | ११ |
| ५ | ९६ | १९८ | ११७ | १२२ | ३ |
| जम्मा | ४८२ | १०६१ | ५४६ | ५०६ | ३१ |

माथीको तालिका हेर्दा यस गाउँपालिकामा आफ्नै उत्पादनले खान पुग्ने परिवारको संख्या ५३७ मात्रै रहेको देखिन्छ । यो संख्या गाउँपालिकाको कुल परिवार संख्याको २०.४४% मात्रै हो । बाँकी २०८९ परिवार अर्थात ७९.५५% आफ्नै उत्पादनबाट खान नपुग्ने अवस्थामा रहेका छन् ।

यस तथ्याङ्कलाई वडागत रुपमा हेर्दा आफ्नै उत्पादन कम हुने परिवार संख्या सवैभन्दा बढी वडा नं. ४ मा रहेको छ। कुल आफ्नै उत्पादनले खान नपुग्ने कुल २०८९ परिवारमध्ये ४६९ अर्थात १७.८५% वडा नं. ४ रहेको छ । यस्तै अपुग हुने परिवार संख्यामा कम वडा नं. ३१६

अर्थात १२% वडा नं. १ मा रहेका छन् । वडा नं. २ मा ४२७ परिवार अर्थात १६.२६%, वडा नं. ३ मा ४६६ अर्थात १७.७४% र वडा नं. ५ मा ४११ अर्थात १५.६५% रहेका छन् ।

यस्तै वडा नं. १ मा १७, २ मा २, ३ मा १७, ४ मा ११ र ५ मा ३ गरी जम्मा ३१ परिवारले आफ्नै उत्पादनबाट बढी भई बिक्री समेत गर्ने गरेको देखिन्छ ।




४.१.५ कृषि उत्पादनको अबस्था (के.जीमा)

| वडा नं. | अदुवा | अन्य | अन्य दाल | आलु | केराउ | कोदो | गहुँ | चना | तोरी | धान | फापर | भट्टमास | मकै | मुसुरो | मास |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १६३१५ | ४११ | ३२९ | ६९४० | ३६२ | ८५२३ | २२८५८ | २०३ | ८०० | ३८२०७ | ३०५ | ८३८५ | ४१९२० | १७६ | १०२८ |
| २ | ४९०५२२ | ६० | १८६४१ | २६५५३ | ५७९० | १३३१० | ३१०५० | १४७३ | ३०० | ६७२७० | ५ | १६७५ | २२६६८० | ४१९४ | ११३९३ |
| ३ | ११८८४० | | २७०० | २९१०९ | २८९३ | ३०२१० | ७०० | २६० | ११०० | २६६५६० | २०० | १२०५ | १३८४४० | ९३८ | २०८७ |
| ४ | ४३५५९ | | ८४० | ८४६३ | ७६७ | ३००११ | ८०४ | २ | | ११४५२० | ३६३ | १०००० | ४४६३३ | १०९ | ११६८ |
| ५ | २१११ | | ४ | ९४ | ४ | १२२७ | | २ | १ | ३५२२ | २ | १७१ | १५०२ | १ | ९ |
| जम्मा | ६७१३४७ | ४७१ | २२५१४ | ७११५९ | ९८१६ | ८३२८१ | ५५४१२ | १९४० | २२०१ | ४९००७९ | ८७५ | २१४३६ | ४५३१७५ | ६९५८ | १५६८५ |

माथीको तालिका हेर्दा यस गाउँपालिकामा खाद्य र नगदे बालीको उत्पादन हुने गरेको देखिन्छ । खाद्य बालीहरु अन्नमा धान, गहुँ, कोदो, फापर, मकै रहेका छन् । दलहन बालीमा चना, मास, भट्मास, मसुरो, दाल रहेका छन् । तेलहन बालीमा तोरी उत्पादन भएको देखिन्छ । यस्तै नगदे बालीमा आलु, केराउ, अदुवा फल्ने गरेको देखिन्छ । अन्न बालीमा धान सवैभन्दा बढी ४९०० क्वीण्टल उत्पादन भएको देखिन्छ । यस्तै मकै ४५३१ क्वीण्टल, कोदो ८३२ क्वीण्टल, गहुँ ५५४ क्वीण्टल र फापर ८.७५ क्वीण्टल उत्पादन भएको देखिन्छ ।

दलहन बालीमा दाल २२५ क्वीण्टल, चना १९ क्वीण्टल, भट्मास २१४ क्वीण्टल, मास १५७ क्वीण्टल, मसुरो ७० क्वीण्टल उत्पादन भएको तथ्याङ्कले देखाउँछ भने तेलहन बालीमा तोरी २२ क्वीण्टल उत्पादन भएको देखिन्छ ।

यस तथ्याङ्कबाट यस गाउँपालिकामा अन्न बालीमा धान र मकै, दलहन बालीमा दाल, भट्मास, मासको सम्भावना बढी रहेको देखिन्छ । यस्तै तरकारी बालीमा आलुको राम्रो सम्भवना देखिन्छ ।

## ४.२ कृषि तथा पशु बिकास

### ४.२.१ सिचाईको उपलव्धताको अवस्था

| वडा नम्बर | सिंचाईको किसिम कूलो/नहर), लिफ्टिङ्ग, बाँध, पोखरी वा अन्य) | संख्या | सिंचाईको उपलब्धता (बर्षैभरी वा मौसमी) | सिंचित क्षेत्र हेक्टर) | लाभान्वित घरधुरी |
|---|---|---|---|---|---|
| १ | नहर | २ | बर्षभरी | ७४ हेक्टर | २६० |
| २ | नहर | १ | बर्षभरी | ५० | ११० |
| ३ | नहर | ४ | बर्षभरी | २५.५ हेक्टर | १३१ |
| ३ | पोखरी | १ | मौसमी | २.५ | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | कुलो | १ | बर्षभरी | ३.५ | १५ |
| ३ | कुलो | १ | मौसमी | ७ | ३ |
| ४ | पाईप | १ | बर्षभरी | ५७ रोपनी | २१ |
| ४ | नहर | १ | बर्षभरी | ६०० रोपनी | ८२ घरधुरी |
| ४ | कुलो | ११ | बर्षभरी | ३७५ रोपनी | ४३६ घरधुरी |
| ५ | कुलो | १० | बर्षभरी | ३३४० रोपनी | ६०७ |

माथीको तालिका हेर्दा यस गाउँपालिकाभित्र बर्षभरी सञ्चालनमा रहने सिचाई योजनाहरु ३१ रहेका छन् । तिमध्ये नहर ८, कुलो २३, पाईपको योजना १, पोखरी १ रहेको माथीको तथ्याङ्कले देखाउँछ। गाउँपालिकाभित्र सिंचाई सुबिधा उपभोग गर्ने परिवार संख्या १५९३ रहेको छ। गाउँपालिकाको ३८० हेक्टर जमिनमा सिचाई सुबिधा पुगेको तथ्याँकले देखाउँछ।

### ४.२.२ पशु पालन सम्बन्धी विवरण

यस गाउँपालिकामा ३७०७५ घरेलु जनावर पालिएको तथ्याङ्क छ । उक्त तथ्याङ्क अनुसार सवैभन्दा बढी बाख्रा, खसी/बोका १९६९७ र सवैभन्दा कम च्यांग्रा १ मात्रै पालिएको देखिन्छ। गाउँपालिकाको तथ्याङ्क हेर्दा यस गाउँपालिकामा बाख्रा पालन व्यवसाय राम्रो भएको देखिन्छ।

पशु पालन सम्वन्धी अवस्थालाई तलको तालिकामा उल्लेख गरिएको छ :

| वडा नं. | अन्य | कखुरा | गाई/गोरु | घोडाघाडी | च्याङ्गरा | बंगुर | बखरा/खसविका | भेडा | भैसी/रँगा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३४ | २९९ | २०५२ | ५ | | १० | ३९१६ | | ६८ |
| २ | ४ | ११७३ | १८७८ | | | ५५ | ४४१८ | २८ | ६९ |
| ३ | २ | २०५७ | २५१५ | | | ४५ | ४२०५ | ३६ | १७३ |
| ४ | | ६०९ | २९९८ | | | | ४३४२ | ४१ | १९८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | | ८४९ | १८९७ | २४ | १ | ६ | २८१६ | १७ | २३५ |
| जम्मा | ४० | ४९८७ | ११३४० | २९ | १ | ११६ | १९६९७ | १२२ | ७४३ |

माथीको तालिका हेर्दा बाख्रा, खसी बोकापछि गाईगोरुको संख्या बढी रहेको देखिन्छ । घरेलु जनावर पालनको कुल संख्या ३७०७५ मध्ये १९६९७ अर्थात ५३.१२% रहेको छ । यस्तै गाईगोरुको संख्या ११३४० अर्थात ३०.५८% रहेका छन् । सवैभन्दा कम च्यांग्राको संख्या १ मात्रै रहेको छ । यस आधारमा यस गाउँपालिका क्षेत्रमा च्यांग्रा पालन हुँदैन भन्ने कुरा प्रष्ट हुन्छ । यस्तै कुखुरा पालनको अवस्था पनि कमै देखिएको छ । आधुनिक ब्रोईलर फार्मले स्थानीय जातका कुखुरा लोप हुने अवस्थामा रहेको देखिन्छ यस गाउँपालिकामा जम्मा ४९८७ अर्थात कुल घरपालुवा पशुको १३.४५% कुखुराको संख्या रहेको छ । यस्तै भैसी ७४३ अर्थात जम्मा २% मात्र रहेको देखिन्छ । यसले बिस्तारै भैसी पालन पनि कम हुँदै गएको अवस्था छ । यस्तै भेडा १२२ अर्थात ०.३२%, बंगुर ०.३१%, घोडा २९ अर्थात ०.०७% र अन्य ४० अर्थात ०.१०% रहेको छ । वडागत आधारमा पुश पालनको अवस्था हेर्दा सवैभन्दा बढी वडा नं. ३ मा र सवै भन्दा कम वडा नं. १ मा पशुपालन हुने गरेको देखिन्छ ।

**४.२.३ व्यवसायिक पशु पालन फर्म सम्बन्धी विवरण**

यस गाउँपालिकामा परम्पराग रुपमा पशु पालन गर्ने परिवारहरु धेरै छन् । गाउँपालिकामा बस्ने परिवारहरुमध्ये अधिकांशले कुनै न कुनै घर पालुवा जनावर पालन गरेको पाईन्छ तर व्यवसायिक रुपमा पशु पालन गर्नेहरुको संख्या भने कमै देखिएको छ ।

| फर्मको प्रकार | संख्या | वार्षिक उत्पादन | | | रोजगारी संख्या | |
|---|---|---|---|---|---|---|
| | | उत्पादित वस्तु | इकाई | परिमाण | महिला | पुरुष |
| बाखा फर्म | ४ | बाखा | गोटा | ६४० | | ४ |
| बाखा फार्म | २ | मासु | किलो | ८२० | १ | २ |
| कुखुरा फार्म | २ | मासु | केजी | ११०० | | ३ |
| कुखुरा फर्म | २ | अण्डा | क्यारेट | १६० | | २ |

माथीको तालिका हेर्दा यस गाउँपालिकाभित्र व्यवसायिक रुपमा बाखा र कुखुरा मात्रै पालन गरेको देखिएको छ । बाखा उत्पादनका लागि चारवटा आधुनिक बाखा पालन फर्महरु, बाखा मासु उत्पादनका लागि दुई फर्म, कुखुरा अण्डा उत्पादनका लागि दुई फर्म र मासु उत्पादनका लागि दुई फर्म सञ्चालन गरेको पाईयो । सञ्चालित फर्महरुबाट बाखा ६४० गोटा, खसीबोकाको मासु ८२० किलो, कुखुराको अण्डा १६० क्यारेट र कुखुराको मासु ११०० किलो बार्षिक रुपमा उत्पादन हुने गरेको तथ्याँकले देखाउँछ । आधुनिक व्यवसायिक पशु पालन फर्मले १२ जनाको रोजगारी चलेको तथ्याँकले देखाउँछ । यस गाउँपालिकामा आधुनिक कृषि फर्मको भने कुनै तथ्याँक भेटिएन ।

### ४.२.४ कृषि तथा पशु सेवासँग सम्बन्धित मानव संशाधन

| वडा नम्बर | व्यवसायिक/अगुवा कृषक | | सक्रिय ग्रामीण कृषि कार्यकर्ता जेटिए) | | सक्रिय ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १ | | | | १ | | १ |
| २ | | ३ | | | | १ |
| ३ | १ | ३ | १ | २ | | १ |
| ४ | | १० | | १ | | १ |
| ५ | | | १ | १ | | ३ |
| **जम्मा** | १ | १६ | २ | ४ | | ७ |

माथीको तालिका हेर्दा यस गाउँपालिकामा कृषि तथा पशु सेवासंग सम्वन्धित जनशक्ति ज्यादै न्यून देखिन्छ । सक्रिय कृषि कार्यकर्ता दुई महिला र चार पुरुष गरी जम्मा ६ जना मात्रै रहेका छन् । यस्तै सक्रिय ग्रामिण पशु स्वास्थ्य कार्यकता पनि सात जना मात्रै रहेको छन्, जसमा पहिलोको संख्या शुन्य छ । यस्तै अगुवा कृषकहरुको संख्या १७ रहेको जसमा एक जना मात्रै

महिला रहेका छन् । यस तथ्याँकको आधारमा यस गाउँपालिकामा अहिले पनि परम्परात तरिकाबाटै किसानी चलेको छ भन्ने कुरा देखाउँछ ।

| वडा नम्बर | कृषक समूह | | | पशुपालन समूह | | | व्यवसायिक कृषि/ पशु पालन फर्म | | | कृषि सहकारी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | समूह संख्या | सदस्य | | समूह संख्या | सदस्य | | फर्म संख्या | सदस्य | | सहकारी संख्या | सदस्य | |
| | | म | पु | | पु | पु | | म | पु | | म | पु |
| १ | ३ | १७ | २१ | २ | ७ | १५ | | | | | | |
| २ | ५ | ३५ | ४० | | | | | | | | | |
| ३ | २० | १५७ | ३२९ | | | | १ | ५ | ४ | | | |
| ४ | २ | ३१ | ५३ | | | | | | | | | |
| ५ | ९ | ५२ | १०१ | | | | | | | | | |
| जम्मा | ३९ | २९२ | ५४४ | २ | ७ | १५ | १ | ५ | ४ | | | |

**४.२.५ कृषि तथा पशुपालनसँग सम्बन्धित समूह तथा सामुदायिक संस्थाको विवरण**

माथिको तथ्याँक हेर्दा यस गाउँपालिकाभित्र ३९ वटा कृषक समूहहरु रहेका छन । यि समूहहरुमा महिला २९२ र पुरुष ५४४ गरी ८३६ कृषकहरु सहभागी रहेका छन् । यस्तै पशु पालन समूह दुई जना रहेका छन् । यि समूहहरुमा ७ महिला र १५ पुरुष गरी २१ जना सहभागि रहेका छन । गाउँपालिकाभित्र पशु पालन समूह एउटा मात्र रहेको छ । वडा नं. ३ मा रहेको उक्त समूहमा महिला पाँच जना र पुरुष चार जना गरी नौ जनाको सहभागिता रहेको छ । संकलन गरिएको तथ्याँक अनुसार यस गाउँपालिकामा कृषि सहकारी संस्था एउटा पनि रहेको देखिदैन । यसले यस क्षेत्रका जनता कृषि सहकारीको क्षेत्रमा सक्रिय नभएको देखिन्छ ।

### ४.२.६ संकलन केन्द्र तथा चिस्यान केन्द्र

यस गाउँपालिकामा एउटा मात्र व्यवस्थित भण्डारण केन्द्र (रष्टिक हाउस) रहेको देखिएको छ । साविकको घाङल गाबिस अर्थात हालको वडा नं. ३ मा रष्टिक हाउस रहेको छ । अन्य वडाहरुमा संकलन केन्द्र, चिस्यान केन्द्र केही पनि नभएको तथ्याँकले देखाउँछ । बिभिन्न परियोजना सञ्चालन हुँदा गैरसरकारी संस्थाहरुले संकलन केन्द्र बनाउने अभ्यास गरेको भएपनि परियोजना सकिएसंगै संकलन केन्द्रको अवधारणा समेत सकिएर जाने गरेको छ ।

## ४.३ पर्यटन विकास

### ४.३.१ पर्यटकीय तथा धार्मिक स्थलहरुको विवरण

| स्थलको नाम | वडा नम्बर | भौतिक पूर्वाधार | | | स्वामित्व | नीजि, पब्लिक लि., सामुदायिक) | बार्षिक पर्यटक आगमन |
|---|---|---|---|---|---|---|---|
| | | सडक पहुँच पुगेको/नपुगेको | होटल, लज, रेष्टुराँ संख्या | नजिकको बजार केन्द्रसम्मको दुरी | | | |
| अलाडे मोहन्याल जात्रा | १ | पुगेको | १२ | ७ किलोमिटर | सामुदायिक | | ५००० |
| बनेना केदार मेला | १ | नपुगेको | छैन | ८ किलोमिटर | सामुदायिक | | १००० |
| पातल भगवती माताको मन्दिर | १ | नपुगेको | छैन | १६ किमि | सामुदायिक | | २००० |
| सडेखान मष्टा माटेथान | २ | नपुगेको | छैन | ६ किमि | सामुदायिक | | ५०० |
| कोट्केना महोन्याल मन्दिर | २ | नपुगेको | छैन | ३ किमि | सामुदायिक | | ५०००० |
| सिलाघाट पिपल कुण्टा | ३ | नपुगेका | छैन | ६ किमि | सामुदायिक | | २०० |
| कलारुवा ताल | ४ | नपुगेको | छैन | १५ किमि | सामुदायिक | | ५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| धिर्काणी माणु | ४ | नपुगेको | छैन | ५ किलोमिटर | सामुदायिक | | ५००० |
| भागेश्वर मन्दिर | ४ | नपुगेको | छैन | १३ किमि | सामुदायिक | | ४००० |
| विर बेताल आखडा | ४ | नपुगेका | छैन | १५ किमि | सामुदायिक | | ४५० |
| मोहन्याल मन्दिर | ४ | नपुगेको | छैन | ३ किमि | सामुदायिक | | ५०० |
| बडी केदार बैकुण्ड चतुर्दशी धाम | ५ | नपुगेका | छैन | ६ किमि | सामुदायिक | | ३०००० |

माथीका तालिका हेर्दा यस क्षेत्रमा पर्यटकीय क्षेत्रको प्रवल सम्भावना देखिन्छ । धार्मिक पर्यटकीय आस्थाको केन्द्र मानिने बडीकेदार मन्दिरमा बर्षको एक दिन मात्रै मेला लाग्ने गर्छ उक्त मेलामा एक दिन मात्रै झण्डै ३०००० को उपस्थिति रहने गरेको छ । उक्त स्थानसम्म बाटो पुऱ्याउन सकियो भने यसले बडीकेदारमा पर्यटन क्षेत्रको राम्रो सम्भावना हुने देखिन्छ । हाल यस गाउँपालिकाभित्र रहेका १२ वटा धार्मिक एवं पर्यटकीय महत्व बोकेका स्थानहरु रहेका छन् जसमा आन्तरिक तथा बाह्य गरी ९९१५० पर्यटकहरु आउने गरेको देखिन्छ । वडा नं. १ मा ३ वडा नं. २ मा २, वडा नं ३ मा १, वडा नं. ४ मा ५ र वडा नं. ५ मा १ पर्यटकीय क्षेत्रहरु रहेका छन् । तर एउटा मात्र धार्मिक तथा पर्यटकीय स्थलमा मात्रै सडक पुगेको छ । अन्य क्षेत्रहरुमा न त सडक पुगेको देखिन्छ त त्यहाँ नजिक बसोबासको व्यवस्था छ ।

### ४.३.२ होटल, रिसोर्ट तथा रेष्टुरेन्ट सम्बन्धी विवरण

| नाम | वडा नम्बर | स्थान | क्षमता | | होटेलको प्रकार (आवासीय, रिसोर्ट, होमस्टे, रेष्टुरेण्ट, अन्य) | बार्षिक ग्रहाक संख्या) | |
|---|---|---|---|---|---|---|---|
| | | | कोठा संख्या | वेड संख्या | | आन्तरिक | वाह्य बिदेशी) |
| होटेल अक्षता | १ | बिपीनगर | ४ | ८ | रेष्टुरेण्ट | ३०० | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सितल गेष्ट हावस | १ | बिपीनगर | ८ | १६ | आवासीय | १५०० | |
| देउवा होटल | १ | बिपीनगर | १ | ३ | आवासीय | २०० | |
| होटल चौतारी | १ | बिपीनगर | ५ | १० | आवाशीय | ५०० | |
| मित्र गेष्ट हाउस | १ | बिपीनगर | ३ | ९ | आवासीय | २०० | |
| सृजना गेष्ट हाउस | १ | बिपीनग | २ | ६ | आवासीय | ३०० | |
| कमल होटल | १ | बिपीनगर | २ | ५ | आवासीय | २०० | |
| गणेश होटेल एण जीवन गेष्ट हाउस | १ | बिपीनगर | ३ | ७ | आवासीय | ३०० | ५ |
| बिष्णु गेष्ट हाउस | १ | बिपीनगर | ५ | १ | आवाशीय | २०० | ८ |
| राजु गेष्ट हाउस | २ | बछैन | ६ | १२ | आवासीय | ३०० | |
| राजल गेष्ट हाउस | २ | खड्यौली | ७ | १० | आवासीय | ३०० | |
| सन्दिप होटल | २ | खड्यौली | ४ | ८ | आवासीय | ३०० | |
| बोहरा होटल | ५ | धारी | २ | ६ | आवासीय | १५० | |
| न्यू वोहरा होटल | ५ | रन्तोला | ४ | ८ | आवासीय | २५० | |
| शारदा होटल | ५ | अत्तरकाँडा | ३ | ६ | आवासीय | २०० | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| एण्ड लज | | | | | | | |
| स्टाफ होटल | ५ | अत्तरकाँडा | ३ | १० | आवासीय | ५०० | २५ |
| केदार वोहरा होटल | ५ | अत्तरकाँडा | ३ | ५ | आवासीय | २०० | २० |
| बोहरा होटल | ५ | अत्तरकाँडा | ४ | १० | आवासीय | ५०० | २५ |

माथीको तालिका हेर्दा यस गाउँपालिकाभित्र जम्मा १८ वटा होटेल तथा रेष्टुरेण्टहरु रहेका देखिन्छ । मध्ये सवैभन्दा बढी वडा नं. १ मा नौ वटा अर्थात कुल संख्याको ५० प्रतिशत होटेल तथा रेष्टुरेण्टहरु रहेका छन् । यस्तै वडा नं. ५ मा ६ वटा अर्थात ३३.३३ प्रतिशत र वडा नं. २ मा ३ अर्थात १६.६६ प्रतिशत रहेका छन । वडा नं. ३ र ४ मा होटेल तथा रेष्टुरेण्टहरु नभएको यस तालिकाले देखाउँछ । यि १८ होटेलहरुमा आवासका लागि ६९ कोठाहरु रहेका छन् । वडा नं. १ मा ३२, वडा नं. २ मा १७ र वडा नं. ५ मा २० कोठाहरु रहेका छन् । यि होटेल तथा रेष्टुरेण्टहरुमा बार्षिक ६४०० आन्तरिक र ११३ बिदेशी गरी जम्मा ६५१३ ग्रहाकले बस्ने गरेका छन ।

### ४.४ उद्योग, व्यापार तथा वैंकिङ्ग

#### ४.४.१ उत्पादन तथा सेवामूलक उद्योग सम्बन्धी विवरण

यस गाउँपालिकाभित्र एक मात्र उद्योग सञ्चालनमा रहेको देखिन्छ । वडा नं. मा बेताल भैरव जुस उद्योग सञ्चालनमा रहेको तथ्याँकले देखाउँछ । उक्त जुस उद्योगले बर्षेनी १ लाख ५० हजारको जुस उत्पादन गर्ने गरेको छ । जुस उद्योगबाट एक महिला र एक पुरुष गरी दुई जनाको

रोजगारी चलेको छ । अन्य कुनै पनि उद्योगहरु यस गाउँपालिकाभित्र सञ्चालन भएका देखिदैनन् । यद्यपी कच्चा पदार्थको आधारमा यस गाउँपालिकाभित्र साना उद्योगको सम्भावना भने प्रसस्त देखिन्छ ।

### ४.५.३ घट्ट, मिल तथा संकलन र प्रशोधन सम्बन्धी विवरण

| वडा नं. | पानी घट्ट संख्या | | चिस्यान केन्द्र कुटानी, पिसानी र पेलानी (मिल) संख्या | | | संकलन तथा प्रसोधन केन्द्र | | |
|---|---|---|---|---|---|---|---|---|
| | परम्परागत | सुधारिएको | पानी मिल | डिजेल मिल | बिद्युत मिल | कृषि | जडिबुटी | उद्योग |
| १ | ८ | ४ | १ | १ | | | | |
| २ | ८ | | | ३ | | | | |
| ३ | २३ | ४ | १ | ७ | | | | |
| ४ | २२ | ६ | १ | २ | १ | १ | १ | |
| ५ | २ | ४ | १ | २ | | | | |
| जम्मा | ६३ | १८ | ४ | १५ | १ | १ | १ | |

माथीको तालिका हेर्दा यस गाउँपालिकाभित्र परम्परागत पानी घट्टको संख्या धेरै रहेको देखिन्छ । वडा नं. १ मा ८, २ मा ८, ३ मा २३, ४ मा २२, ५ मा २ गरी ६३ परम्परागत पानी घट्टहरु रहेका छन् । यस्तै सुधारिएको पानी घट्ट वडा नं. १ मा ४, ३ मा ४, ४ मा ६ र ५ मा ४ गरी १८ वटा रहेका छन् । वडा नं. २ मा भने सुधारिएको घट्ट नभएको तथ्याँकले देखाउँछ । गाउँपालिकामा यस्तै पानी मिल चार रहेका छन । पानी मिल पनि वडा नं. २ मा नरहेको र अन्य वडाहरुमा एक/एक रहेको पाईन्छ । यस गाउँपालिकामा डिजेल मिलको संख्या उल्लेख्य रहेको छ । गाउँपालिकाभित्र १५ वटा डिजेल मिलहरु रहेका छन् । वडा नं. ३ मा सवैभन्दा बढी ७ डिजेल मिल देखिन्छन् । यस्तै वडा नं. २ मा ३ वडा नं. ४ र ५ मा २/२ र वडा नं. १ मा एक डिजेल मिल रहेका छन् । यसबाट गाउँपालिकाका बासिन्दाहरुले मेसिनरी उपकरणहरुको प्रयोगमा सहभागिता जनाएको कुरा देखिन्छ ।

यस गाउँपालिकाभित्र संकलन केन्द्रहरुको उपलव्धता भने ज्यादै न्यून देखिन्छ । गाउँपालिकाभित्र अदुवा, बेसार, सुन्तला, कागती जस्ता बस्तुहरुको उत्पादन राम्रै हुने भएपनि

संकलन केन्द्र भने गाउँपालिकाभरीमा जम्मा एउटा मात्र रहेको देखिन्छ । यस्तै जडीजुटीहरुको भण्डार मानिने यस गाउँपालिकामा जडीबुटी संकलन केन्द्र पनि जम्मा एक मात्र रहेको देखिएको छ । यसबाट गाउँपालिकाबासी अहिले पनि कृषि र जडीबुटीलाई व्यवसायिक रुपमा लैजान सकिरहेका छैनन् भन्ने कुरा देखाउँछ ।

### ४.४.२ व्यापार र व्यवसाय सम्बन्धी विवरण (किराना, थोक, मासु, तरकारी र फलफूल आदी)

यस गाउँपालिकामा सञ्चालनमा रहेका व्यापार व्यवसायहरु अधिकांश दर्ता नभएका भेटिएका छन् । व्यापार व्यवसायको प्रकारलाई तलको तालिकामा देखाउने प्रयास गरिएको छ :

| वडा नं. | व्यापार व्यवसायको प्रकार | संख्या | जम्मा | दर्ता भएका | दर्ता नभएका |
|---|---|---|---|---|---|
| १. | किराना पशल | १३ | ३८ | ३२ | ६ |
| | कपडा पसल | ६ | | | |
| | होटल/रेष्टुरेण्ट | १० | | | |
| | मासु पसल | २ | | | |
| | औषधी पसल | २ | | | |
| | ईलेक्ट्रोनिक्स पसल | ४ | | | |
| | निर्माण सामग्रीको पसल | १ | | | |
| २ | किराना पसल | १७ | २८ | १० | १८ |
| | होटल/रेष्टुरेण्ट | ५ | | | |
| | मदिरा पसल | ५ | | | |
| | कोल्ड ड्रिंस | १ | | | |
| ३ | किराना पसल | १६ | ३६ | ५ | ३१ |
| | होटल/रेष्टुरेण्ट | १३ | | | |
| | औषधी पसल | २ | | | |


| | | | | | |
|---|---|---|---|---|---|
| | मदिरा पसल | १ | | | |
| | ईलेक्ट्रोनिक्स पसल | ४ | | | |
| ४ | किराना पसल | १५ | ३१ | ३ | २८ |
| | होटेल/रेष्टुरेण्ट | ६ | | | |
| | कपडा | ९ | | | |
| | मर्मत केन्द्र | १ | | | |
| ५ | किराना पसल | १७ | ३९ | ७ | ३२ |
| | होटेल/रेष्टुरेण्ट | १० | | | |
| | कपडा पसल | ३ | | | |
| | औषधी पसल | ३ | | | |
| | ईलेक्ट्रोनिक्स पसल | १ | | | |
| | मासु पसल | ३ | | | |
| | मदिरा पसल | २ | | | |
| | कुल जम्मा | | १७२ | ५७ | ११५ |

माथीको तालिकाले यस गाउँपालिकाभित्र १७२ व्यापारिक पसलहरु सञ्चालनमा रहेको देखाउँछ । सञ्चानमा रहेका पसलको संख्याको ठुलो हिस्सा अर्थात ११५ पसलहरु दर्ता नै नभएर सञ्चालनमा रहेका छन् । यो संख्या कुल व्यापारिक पसलहरुको संख्याको झण्डै ६७ प्रतिशत हो । यसले बैधानिक रुपमा व्यापार गर्नेहरुको संख्या ज्यादै न्यून रहेको देखाउँछ ।

वडा नं. १ का ३८ मध्ये ६ पसल दर्ता भएका छैनन्, यस्तै २ मा २८ मध्ये १८ दर्ता छैनन्, ३ मा ३६ मध्ये ३१ दर्ता दर्ता भएका छैनन् । वडा नं. ४ मा ३१ मध्ये २८ र वडा नं. ५ का ३९ पसलमध्ये ३२ पसल दर्ता भएका छैनन् ।

व्यापारिक पसलहरुमा सवैभन्दा बढी वडा नं. ५ मा रहेका छन् । वडामा ३९ पसल अर्थात गाउँपालिकाभित्रका कुल पसलहरुको संख्याको २२.६७ प्रतिशत रहेको छ । सवैभन्दा कम वडा नं. २ मा २८ अर्थात १६.६७ प्रतिशत रहेका छन् । यस्तै वडा नं. १ मा २२.०९ प्रतिशत, ३ मा २०.९३ प्रतिशत र ४ मा १८.०२ प्रतिशत पसलहरु रहेका छन् ।

पसलहरुमा सवैभन्दा बढी किराना पसलहरु रहेका छन् । गाउँपालिका भित्र ७८ अर्थात कुल पसल संख्याको ४५.३४ प्रतिशत किराना पसलहरु रहेका छन् । यस्तै औषधी पसल ४४ अर्थात २५.५८ प्रतिशत, १८ अर्थात १०.४६ प्रतिशत, ईलेक्ट्रोनिक्स पसल ९ अर्थात ५.२३ प्रतिशत, मदिरा पसल ८ अर्थात ४.६५ प्रतिशत, औषधी पसल ७ आर्थत ४.०६ प्रतिशत, ५ अर्थात २.९० प्रतिशत, कोल्ड्रिङ पसल १ अर्थात ०.५८ प्रतिशत, मर्मत केन्द्र १ अर्थात ०.५८ प्रतिशत र निर्माण सामग्रीको पसल १ अर्थात ०.५८ प्रतिशत रहेका छन् ।



### ४.४.३ बैंक तथा बित्तीय संस्था सम्बन्धी विवरण

| क्र.सं. | बैंक तथा सहकारी संस्थाको नाम र ठेगाना | वडा नम्बर | बार्षिक कारोबार रकम (रु. हजारमा) | लगानी रकम (रु.) | लगानीको मुख्य क्षेत्र |
|---|---|---|---|---|---|
| १. | घाडल बहुउद्देश्यीय सहकारी संस्था | ३ | १००००० | १००००० | जिविकोपार्जन |
| २ | सुनौलो महिला बहुउद्देश्यीय सहकारी संस्था | ३ | २५०००० | २५०००० | पशु व्यवसाय |
| ३ | लक्ष्मी तथा सरस्वती सहकारी संस्था | १ | ३० लाख | १५ लाख | कृषि, व्यापार |
| ४ | मनी ट्रान्सफर रेमिटेन्स | १ | १८ लाख | १० लाख | |
| ५ | बिजय बहुउद्देश्यीय सहकारी संस्था | ५ | १०००० | ५०००० | |
| ६ | केदार महिला सहकारी संस्था | ५ | १०००० | १५०००० | |

माथीको तालिका हेर्दा यस गाउँपालिकामा कुनै पनि बैङ्क वा बित्तीय संस्था बैङ्किक कारोवार गरिरहेको देखिदैन । गाउँपालिकाको वडा नं. १ मा एक मनी ट्रान्सफर गर्ने संस्था रहेको देखिन्छ । उक्त मनी ट्रान्सफर गर्ने संस्थाले १० लाख वरावरको बित्तीय पुँजी परिचालन गरिरहेको छ । यसका अतिरिक्त यस गाउँपालिकामा पाँच वटा सहकारी संस्थाहरुले बचत गर्ने, ऋृण परिचालन गर्ने, शेयर बितरण गर्ने, ऋृण उठाउने, व्याज उठाउने जस्ता कार्यहरु गरिरहेका छन् । सहकारी संस्थाले २१ लाख रुपैयाँ परिचालन गरिरहेको देखिएको छ ।

### २.२.१ साक्षरता र शैक्षिक अवस्था

यस गाउँपालिकाको साक्षरता ६२.८ प्रतिशत रहेको छ ।(sencus 2011) विद्यालय जाने उमेरका विद्यालय जानबाट बञ्चित वालवालिकाहरु २५१ जना रहेका छन ।

( गाउँपालिका समता रणनीति योजना २०७७ ) गाउँपालिका अन्तर्गतका साक्षरताको अवस्था यसप्रकार रहेको छ ।

तालिका १

बडीकेदार गाउँपालिका अन्तर्गतका साक्षर तथा निरक्षरहरुको तथ्याङ्कको समष्ठिगत विवरण

| क.सं. | वडा | जम्मा जनसंख्या | १५ देखि ६० वर्षको जम्मा जनसंख्या | साक्षरता कक्षा सञ्चालन हुनु भन्दा अगाडी १५देखि ६० बर्ष समुहको साक्षर जनसंख्या | १५ देखि ६० सम्मको साक्षरता कक्षा सञ्चालन पछिको निरक्षर संख्या | | साक्षर जनसंख्या | साक्षर प्रतिशत | निरक्षर जनसंख्या | निरक्षर प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पुरुष | महिला | | | | |
| १ | वडा नं. १ | २५६६ | १५२२ | १२७७ | ५ | ३५ | १४८२ | ९७.४ | ४० | ३ |
| २ | वडा नं. २ | २५२० | १५२६ | १२५४ | ५१ | १० | १४६५ | ९६.० | ६१ | ४ |
| ३ | वडा नं. ३ | ३३०५ | २४८६ | २३६३ | १७ | २३ | १४४६ | ९८.४ | ४० | २ |
| ४ | वडा नं. ४ | ३२३४ | २४६० | २३१४ | २२ | १५ | २४२३ | ९८.५ | ३९ | २ |
| ५ | वडा नं. ५ | ३२७७ | २५२२ | २३१४ | १२ | २८ | २४८२ | ९८.४ | ४० | १.६ |
| जम्मा | | १४९०२ | १०५१६ | ९५२२ | १०७ | १११ | १०२९८ | ९७.९ | २१८ | २.१ |

स्रोत:गाउँपालिका स्तरीय घरधुरी सर्वेक्षण,२०७८ (जनगणना २०७८ को प्राप्त सूचनाको आधारमा तथ्याङ्क प्रविष्ट गरिने छ ।

## तालिका २ बडीकेदार गाउँपालिकाको साक्षरताको अवस्था

| .सं. | वडा | घरधुरी संख्या | वडाको जम्मा जन्संख्या | ० देखि ५ बर्ष उमेर समुहका बालबालिका संख्या | | | ५देखि १५ बर्ष उमेर समुहका बालबालिकाको संख्या | | | १५ बर्ष र सो भन्दा माथिको उमेर समुहको साक्षर जनसंख्या | | | | १५देखि६० बर्ष उमेर समुहको निरक्षर जनसंख्या | | | ६० बर्ष माथि उमेर समुहको निरक्षर जनसंख्या | | | १५देखि६० बर्ष उमेर समुहको साक्षरता कक्षा सञ्चालन पछिको साक्षर विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बालक | बालिका | जम्मा | विद्यालय गएका | विद्याल य नगएका | जम्मा | सामान्य लेखपढ | कक्षा ५ उर्तिण | कक्षा ८ र माथि | जम्मा | महिला | पुरुष | जम्म ा | महिला | पुरुस | जम्म ा | महिला | पुरु स | जम्मा |
| १ | वडा नं. १ | ३७४ | २५६६ | ११९ | १२६ | २४५ | ५०२ | ३ | ५०५ | २७७ | २०० | ८०० | १२७७ | २३० | १५ | २४५ | ६० | १५ | ७५ | १९५ | १० | २०५ |
| २ | वडा नं. २ | ३८९ | २५२० | ११५ | २५६ | ३७१ | २८३ | ४ | २८७ | २१७ | २२५ | ८१२ | १२५४ | १६० | ११२ | २७२ | २६ | १९ | ४५ | १४५० | ६१ | २११ |
| ३ | वडा नं. ३ | ५७२ | ३३०५ | २४२ | १९५ | ४३७ | ८६५ | ३ | ८६८ | ७८६ | ६३५ | ९४२ | २३६३ | ८८ | ३५ | १२३ | ५९ | ३९ | ९८ | ६५ | १८ | ८३ |
| ४ | वडा नं. ४ | ५४० | ३२३४ | २०५ | १८२ | ३८७ | ४१० | २ | ४१२ | ८४९ | ४०७ | १०५८ | २३१४ | ११८ | २८ | १४६ | ६४ | ६ | ७० | १०३ | ६ | १०९ |
| ५ | वडा नं. ५ | ५२५ | ३२७७ | १६५ | २९० | ४५५ | १३० | ४३ | १७३ | ७३१ | ४३४ | ११७७ | २३४२ | १३२ | ४८ | १८० | ९५ | ५० | १४५ | १२० | २० | १४० |
| जम्मा | | २४०० | १४९०२ | ८४६ | १०४९ | १८९५ | २१९० | ५५ | २२४५ | २८६० | १९०१ | ४७८९ | ९५५० | ७२८ | २३८ | ९६६ | ३०४ | १२९ | ४३३ | ६३३ | ११५ | ७४८ |

स्रोतः गाउँपालिका स्तरीय घरधुरी सर्वेक्षण,२०७८, ९ जनगणना २०७८ को प्राप्त सूचनाको आधारमा तथ्याङ्क प्रविष्ट गरिने

तापलिका ३ शैक्षिक संस्थाहरुको विवरण

| तह | कक्षा | सामुदायिक | सँस्थागत | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| आधारभूत | बालविकास केन्द्र | ५३ | ० | ५३ | |
| | कक्षा १-३ | ८ | ० | ८ | |
| | कक्षा १-५ | १२ | ० | १२ | |
| | कक्षा १-५ | १३ | ० | १३ | |
| माध्यमिक तह | कक्षा १-१० | ५ | ० | ५ | |
| | कक्षा १-१२ | ४ | ० | ४ | |
| जम्मा विद्यालय र बालविकास केन्द्रहरु | | ४२ विद्यालय र ५३ बालविकास केन्द्र | ० | | |
| उच्चा तथा प्राविधिक शिक्षा तर्फ | डिप्लोमा | ० | १ | १ | |
| | स्नातक<br>स्नातकोत्तर | | १ | १ | |

स्रोत:स्थलगतसर्भेक्षण २०७९

यस गाउँ पालिकाभित्रहाल जम्मा ५० वटा बालविकास केन्द्रहरूरहेका छन । यीमध्ये समुदायमा आधारित १६ वटा र बाँकि ३४ वटा विद्यालयमा आधारित छन् । समुदायमा आधारित १६ बालविकास केन्द्रहरु मध्य २ वटा गाउँपालिकामाको अनुदानबाट र विद्यालयमा आधारित ३४ बालविकास केन्द्रहरु मध्य ३ वटा गाउँपालिका अनुदानबाट सञ्चालित छन । समग्रमा ४५ वटा नेपाल सरकार र ५ वटा गाउँपालिकाबाट सञ्चालित छन् । त्यसैगरी सामुदायिक विद्यालयहरूमा आधारभूत तह अर्न्तगत कक्षा १ देखि कक्षा ३ सम्म पढाइहुने विद्यालयहरू ८ वटा, १देखि ५ सम्म पढाइ हुने विद्यालयको सङ्ख्या १२ वटा, १ देखि ८ सम्म पढाइ हुने विद्यालयको सङ्ख्या १३ वटा, १ देखि १० सम्म सञ्चालित विद्यालय ५ वटा, १ देखि १२ कक्षासम्म सञ्चालित ४ वटा। यस गाउँपालिका भित्र जम्मा संस्थागत विद्यालयहरू सञ्चालनमा नरहेको अवस्था छ । यसैगरी  प्राविधिक तर्फ CTEVT को डिप्लोमा तहको शिक्षण हुने

शैक्षिक संस्था १ वटा र उच्च शिक्षातर्फ त्रिभुवनविश्व विद्यालयबाट सम्बन्धन प्राप्त स्नातक तहसम्म सम्म पढाई हुने क्याम्पस  एउटा गरी जम्मा १ वटा ओटा क्याम्पसहरू रहेका छन् ।

### २.२.२ भू-उपयोग

यस गाँउपालिकाको धेरै कृषि र जंगल जमिनले ओगटेको छ । वन तथा जंगलका हालका क्षेत्रफल नेपाल सरकारको उद्देश्य  (करिव३० प्रतिशत) भन्दा कमि देखिन्छ ।

### २.२.३ कृषि तथा सिंचाई

यस गाँउपालिकाको मुख्य पेशा कृषि हो।गाँउपालिकाका बहुसंख्यक घरधुरी जीवनयापनको लागि कृषिमा निर्भर छन्।धान, मकै, गँहु ,आलु, अदुवा, कागती, टमाटर, केरा, कोदो  यहाँका मुख्य उत्पादन र सम्भावना हुन यो क्षेत्र विशेष गरी धान उत्पादनको पकेट क्षेत्रको रुपमा लिइएको छ ।

### २.२.४ खानेपानी तथा सरसफाई

यस गाउँपालिकामा बसोवास गर्ने २६२६ घरधुरीमध्ये सवैभन्दा बढी १८०१ अर्थात ६८.५८ प्रतिशत घरधुरी सार्बजनिक धारा र पाइपको खानेपानी खाने गर्दछन् । गर्दछन | यसै गरि यस गाउँ पालिका भित्र एक परिवार हेण्डपम्पको पानी खाने  देखीएको यस्तै मुलधाराको खाने १३.२५ प्रतिशत, नदी/खोलाको पानी खाने ९.६३ प्रतिशत, खुला कुँवा ६.४३ प्रतिशत, ढाकिएको कुँवा १.९ प्रतिशत र अन्य ०.१५ प्रतिशत रहेको पाईयो ।

### २.२.५.उर्जा

यस गाउँपालिकाका बासिन्दाहरुको खाना पकाउने मुख्य उर्जाको स्रोतदाउरा रहेको पाईयो । कुल घरधुरी संख्याको ९९ प्रतिशले दाउरामै खाना पकाउने गरेको पाईयो । ग्यास, गोवर ग्यास र बिद्युत प्रयोग गरी खाना पकाउनेहरुको संख्या १ प्रतिशत पनि नरहेको पाईयो । यसले गर्दा अहिले पनि यगाउँपालिकाबासीकापकाउनईन्धनको मुख्य स्रोतदाउरा रहेको देखिन्छ ।

२.२.६ **स्वास्थ्य**

यस गाउँपालिकाभित्र चार स्वास्थ्य चौकी र एक सामुदायिक स्वास्थ्य ईकाई रहेका छन । वडा नं. २ मा कुनै स्वास्थ्य संस्था छैन । वडा नं. ३ मा एक स्वास्थ्य चौकी र एक सामुदायिक स्वास्थ्य ईकाई रहेका छन् । यस गाउँपालिकाभित्र नीजि स्वास्थ्य संस्था भने नभएको देखाउँछ ।

तालिका बाटः वडागत स्वास्थ्य संस्थाको विवरण

| क.सं. | वडा नं. | नाम | | कैफियत |
|---|---|---|---|---|
| १ | ५ | लाना केदारेस्वर स्वास्थ्य चौकी | स्वास्थ्य चौकी | |
| २ | १ | बर्छैन स्वास्थ्य चौकी बर्छैन | स्वास्थ्य चौकी | |
| ३ | १ | आधारभूत स्वास्थ्य केन्द्र बर्छैन | स्वास्थ्य इकाई | |
| ४ | ४ | मन्नाकापडी स्वास्थ्य चौकी | स्वास्थ्य चौकी | |
| ५ | ३ | घाघल स्वास्थ्य चौकी | स्वास्थ्य चौकी | |
| ६ | विभिन्न वडामा | सामुदायिक स्वास्थ्य ईकाइ (१० वटा) | स्वास्थ्य इकाई | |

स्रोतःस्थलगत सर्वेक्षण २०७९

यस गाउँपालिकाका भित्रका अधिकांश बस्तीहरुबाट स्वास्थ्य संस्थासंग पुग्नका लागि चार घण्टा लाग्ने गरेको देखिन्छ । बिभिन्न बस्तीहरुबाट स्वास्थ्य संस्था आउन सेवाग्राहीहरुलाई समस्या हुने गरेको छ । छरिएर रहेको बस्तीका कारण र यस गाउँपालिकाको भु-वनावट हेर्दा जनसंख्या थोरै भएपनि सेवाग्राहीहरुको स्वास्थ्य संस्था सम्मको पहुँच भने कम रहेको देखिन्छ ।

यस गाउँपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरुले प्राथमिक स्वास्थ्य सेवाहरु मात्रै प्रदान गर्ने गरेको पाईयो । पाँच स्वास्थ्य संस्थाहरु सवैमा प्रसती सेवा रहेको पाईयो । यस्तैएउटा स्वास्थ्य संस्थामा मात्रै ल्याव सेवा रहेको पाईन्छ । स्वास्थ्य संस्थाहरुमा गाउँपालिकाको वडा नं. ३ रहेको सामुदायिक स्वास्थ्य ईकाई बाहेक अन्य चारवटै स्वास्थ्य संस्थाहरुले क्लिनिकसेवा प्रदान गर्ने गरेको पाईयो । गाउँपालिकाभित्रका सवै स्वास्थ्य संस्थाहरुले परिवार नियोजना सेवा, खोप सेवा र सुरक्षित मातृत्व सेवा प्रदान गरिरहेका छन् ।

भाग ३ सबल पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौति विश्लेषण

- **३.१ सबलपक्ष**
- गा.पाकेन्दमा मोटरवाटाको पहुँच पुगिसकेको
- मठमन्दिर निर्माण भएको
- बाटोघाटो सरसफाई गर्ने संस्कार भएको
- योजनामा अनिवार्य जनश्रमदान गर्ने संस्कार बिकास भएको
- सहकारी संस्थास्थापना भएको
- सिंचाई कुलोरबोरीङ्गको व्यवस्था भएको
- सिंचाई योजनाहरु कृषक समुह बनाई संचालन भएको
- सौर्य उर्जा मार्फत पनि बिधुतिय उपकरणहरु प्रयोग भएको
- छुवाछुतको न्यूनीकरण हुदै गऐको
- महिला समुहको गठनर परिचाल नभएको
- सुधारिएको चुलोको सुरुवात भऐको
- व्यवसायिकवालि प्रयोग गर्ने संभावना भएको
- नयाँजात तथा संभावना भऐका बिरुवाहरु रोप्ने काम भएको
- समूहस्तरमा सचेतीकरणका माध्यमबाट हिंसा न्यूनीकरण हुदै गएको
- बालबिवाह न्यूनीकरणका लागि सचेतनामुलक कार्यक्रम संचालनवाट सोकोदर घट्दै गएको
- औसत वार्षिक आय उच्च रहेको
- धेरै जमिन कृषिमा उपयोग भएको

**३.२ कमजोर पक्ष**

- योजना छनौट गर्ने निश्चित आधारहरु नहुनु
- सेवाग्राहिहरुले सेवालिने प्रकृया बुभिसकेको नहुनु
- लैंगिक विभेद हुनु

- प्राबिधिक तथा व्यवसायिक शिक्षाको अबसर नभएको
- सुशासनमा कमी
- शौचालय, ढलनिकास सरसफाईको ज्ञानमा कमी
- आधुनिक चिकित्सा पद्दति मान्यून विश्वास तथा पहुँच नहुनु
- कूसंस्कारहरु छोड्न नसक्नु
- सार्वजनिक परीक्षण तथा सुनुवाईको अवस्था कमजोर हुनु
- वजेटविनियोजन अवैज्ञानिक ढंगले हुने
- सार्वजनिक वित्तरखर्चको पारदर्शीतामा कमी हुनु
- व्यवसायिक कृषि उत्पादनमा जान नसक्नु
- बाल,अपाङ्ग तथा वृद्धना गरिक मैत्रीक्रियाकलाप गर्न नसक्नु
- पौष्टिक आहारा उपभोगको कमी
- पानीलाई पिउनयोग्य बनाउन नसक्नु
- कृषि उपजको उपयुक्त बजारको व्यवस्थापन नभएको
- घरेलु तथा लघु उद्यमको कमी
- बहुविबाहको प्रचालन अझै केहि अस्तित्वमा रहनु
- श्रमशोषण र ज्यालामा विभेदकायमै रहनु
- यौन शोषणयदाकदा रहनु
- वडा कार्यालयको लागि पर्याप्त भवन नहुनु
- गाँपलिकाले पर्याप्त कानुन बनाई नसकेको
- गाँउपालिका क्षेत्रमा बहुउपयोगी सामुदायिक भवन नहुनु
- गाँउपालिकामा कर्मचारीको पर्याप्त व्यवस्था नहुनु
- गाँउपालिका ब्यबस्थीत खेलमैदान नहुनु
- कृषि उपजमा आधारित उद्यमहरुको स्थापना गर्न नसक्नु
- दुग्ध चिस्यान केन्द्र नहुनु

- प्राविधिक जनशक्ति नहुनु
- धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको बिकास संरक्षणको कमीहुनु
- बजार व्यवस्थापन नभएको
- हाटबजार कर उठाउन नसकिएको
- फोहोर व्यवस्थापन गर्न नसकिएको
- अतिमदिरा सेवनबाट समाजमा विकृति तथा गरिबी छाएको
- लोकसंस्कृतिमा आधारित मौलोप्रथाको संरक्षण गर्न नसकेको
- व्यवसाहिक पशुपालन नहुनु
- गरिब, जहेन्दार विधार्थिलाई प्राबिधीक शिक्षाको लागि छात्रबृतिको सुबिधा प्रदान गर्न नसक्नु
- विपन्न नागरिकलाई औषधि उपचारमा सहयोग पुर्याउन नसक्नु
- सुकुम्वासि, गरिविको रेखामुनिको जनसंख्यालाई माथि उठाउन लक्षितकार्य सञ्चालन गर्न नसक्नु
- न्यायिकसमिति मार्फत, प्रदानगरिने न्यायलाई व्यवस्थित र छिटोछरितो बनाउन नसक्नु
- धेरैघरधुरीमा शौचालय नहुनु
- बिद्युत चोरीहुनु
- स्वास्थ्य संस्था कम हुनु
- साक्षरता कम हुनु
- भारतिय सिमानजिक भएको हुदा अपराधिक कार्य बढनु

**३.३ अबसर**

- शिक्षाकोबिस्तार (सुधाररस्तर उन्नति) रशिक्षामा पहुँचवृद्धि भएको
- परिवार नियोजन कार्यक्रम मार्फत परिवारको आकार सानो भएको
- शान्ति सुरक्षाको राम्रो प्रवन्ध नभएका

- बैंक शाखा स्थापना
- पशुनश्ल सुधार कार्यकम सञ्चालन भएको
- साना कृषि ऋणमिनाहा भएको
- आधार भूत कृषि सेवाको उपलव्धता भएको
- हुलाक स्थापना भएको
- दूरसंचार सेवाको गुणस्तरमा सुधार हुँदै गरेको
- पशुसेवाकेंद्रकोस्थापना
- कृषिसेवाकेन्द्रकोस्थापना
- कम्पुटर सेवाको उपलब्धता
- साक्षरता अभियान संचालन भएको
- माध्यमिकस्तरसम्मनिशुल्कशिक्षा
- लक्षित समूह र उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्ति
- गाउँघर क्लिनिक खोपकेन्द्र स्थापना
- निशुल्क स्वास्थ्य सेवा
- पर्यटकीय क्षेत्रमा पूर्वाधार विकासको सुरुवात
- बालकक्षासंचालनभएको
- विपत पीडितलाई सहयोगको सुरुवात भएको
- गैसरकारी संस्थाहरु मार्फत विभिन्न कार्यक्रम संचालन भइरहेको

३.४ चुनौती

- लैंगिक विभेद कम गर्ने
- गरिवीन्युनीकरण गर्ने
- प्राकृतिक सम्पदाहरूमा उपभोक्ताहरुको समान पहुँचमा कायम गर्ने
- शिक्षा, स्वास्थ्यसेवालाई गुणस्तररिय बनाउने
- गुणस्तरिय सडक खानेपानी, सिचाइ, विधुत सेवाकाव यवस्थापन गर्ने

सामाजिक सुरक्षा कवजमा कमी क्षमता अभिवृद्धि तथा सिपमुलक तालिमका कमी

## ३.५ प्रवृति विश्लेषण

### ३.५.१ देशको अन्य भू-भागसँग सम्बन्ध

यो गाँउपालिका नेपालको डोटी जिल्लाको दक्षिणी भेगमा पर्छ । राजधानी काठमाण्डौबाट यस गाँउपालिका पुग्न करीब ७५०कि. मी. दुरी तय गर्नुपर्दछ , जसका कारण राजधानी संग यसगाँउपालिकाको सिधा सम्बन्ध स्थापना हुन सकेको छैन । त्यसै गरी यसगाँउपालिकाबाट सदरमुकाम पुग्न १५०कि.मी. दुरी तय गर्नुपर्दछ । अहिलेको अवस्थामा जटिल स्वास्थ्य समस्या, रोजगारी, तथा उच्चशिक्षाको लागि डोटी सदरमुका र कैलाली जिल्ला मुख्य गन्तव्य रहेकाछन ।

### ३.५.२. जनसंख्या बृद्धिदर

नेपालको जनगणना २०७८ को आँकडा अनुसार यस गाँउपालिकाको जनसंख्या १४९०२ रहेको छ ।
परिवार संख्या २९०५ र साक्षारता दर ७६.१% रहेको छ

तालिका ७: बडिकेदार गाउपालिकाको जनसंख्या पूर्वानुमान

| | | |
|---|---|---|
| २०६८ को जनसंख्या | १५०८९ | |
| २०७८ को जनसंख्या | १४९०२ | |
| ५ वर्षपछिको अनुमानित जनसंख्या | १६५०० | |
| २० वर्ष पछिको अनुमानित जनसंख्या | २०००० | |

गाँउ पालिकाको परिकल्पना, निर्धारण गरेकोधेय, लक्ष्य तथा उदेश्य पुरा गर्नको लागि निम्नानुसारको रणनीतिक दिशा निर्धारण गरिएको छ । यो रणनीतिक पत्र कार्यान्वयन भएपछि गाँउ पालिकाले काम गर्ने रणनीति देहाय अनुसार हुनेछ ।

### १. सामाजिक परिचालन

टोलटोलमा टोल विकास संस्था गठन गरि सबै घरधुरीलाई टोलविकास संस्थामा आबद्ध गरि टोल, वडा र गाउँको विकासका लागि टोल विकास संस्था मार्फत सामाजिक परिचालनको कार्य गरिनेछ ।

### २. आवश्यकता अनुसार स्थानीय कानुन निर्माण

सामाजिक परिचालन कार्यक्रम अन्तरगत टोलविकास संस्था स्तरबाट आवश्यक सूचना तथा जानकारी संकलन गरि कानुन निर्माणमा सामुदायको समेत सहभागिता सुनिश्चित गर्दै गाँउपालिकाका`लागि आवश्यक कानुनहरु निर्माण गरि कानुनी शासनको प्रत्याभूति गरिनेछ ।

### ३. सहकारिता विकास

सहकारिताका माध्यमबाट दैनिक रुपमा जीवन धान्न आवश्यक पर्ने आम्दानी गर्नका लागि समुदायका सदस्यहरुलाई कृषि तथा गैर कृषि जन्य उद्यम, व्यवसायमा संलग्न गराइनेछ । यसरी जीविकोपार्जनको सुनिश्चितता गराउनका लागि समुदायमा आधारीत संस्थागठन र परिचालन गरिनेछ भने यसप्रकारका संस्थाहरुलाई जिम्मेवार र सक्षम बनाउदै, विभिन्न समुदायका स¬साना समुहहरुलाई एकीकृत गरि

आर्थिक विकासका लागि छरिएर रहेका स-साना पूजी संकलन गर्दै एउटा वित्तीय संस्थाको रुपमा खडा गरि समुदाय स्तरमा परेका समस्याहरुलाई समाधान गर्नको लागि लघुवित्त कार्यक्रम मार्फत सहकारी संस्था संचालन गरिनेछ ।

### ४. जनसहभागिता तथा साझेदारिता

विभिन्न कार्यक्रम सञ्चालन गर्नका लागि वा आयोजना सम्पन्न गर्नका लागि हरेक क्षेत्रको आवश्यकता पर्दछ । यसलाई मनन गरि आयोजनासँग सम्बन्धित सबै क्षेत्र र समुदायको सहभागिता तथा साझेदारितामा काम गर्ने नीति अवलम्बन गरिनेछ । योजना कार्यक्रम संचालनमा सहभागिताको र साझेदारीको महत्वपूर्ण भूमिका रहेको कुरालाई गाँउपालिकाले सदैव मनन गर्नेछ ।

### ५. सार्वजनिक निजी साझेदारी

गाँउ पालिकामा सञ्चालन हुने सेवा तथा नाफामुखी कार्यक्रमका लागि निजीक्षेत्रसँगको साझेदारितामा कार्य गर्न सार्वजनिक निजी साझेदारीको रणनीति अख्तियार गरिनेछ ।

### ६. आन्तरिक व्यवस्थापन सुदृढीकरण

गाँउ पालिकाको कार्यक्रमहरु सहज रुपमा सञ्चालन गर्नका लागि आन्तरिक रुपमा संस्थाको सुदृढीकरण र कार्यप्रणाली मजबुद बनाइनु पर्ने हुन्छ ।आन्तरिक रुपमा व्यवस्थित संस्थाले मात्र आफ्नो कार्यसमयमा गुणस्तरीय ढंगले सम्पन्न गर्न सक्ने भएकाले संस्थाको आन्तरिक व्यवस्थालाई सुदृढीकरण गरिनेछ ।

### ७. कर्मचारीकोक्षमताअभिवृद्धि

कर्मचारीको क्षमता अभिवृद्धिका लागि नयाँ नयाँ प्रविधिको ज्ञान, सिप मूलक तालिम तथा सामाजिक परिचालन,समावेशीकरण, जस्ता तालिमहरुमा सहभागी गराउने साथै यस प्रकारका तालिमहरु सञ्चालन गरिक्षमता अभिवृद्धि गर्ने रणनीति अवलम्बन गरिनेछ ।

**८.लैङ्गिक समानता तथा सामाजिक समवेशीकरण**

समुदायमा छरिएर रहेका बस्तिहरुलाई विकासको मुलधारमा लिनको लागि उनीहरुलाई एकआपसमा आत्मीयताका साथै विकासमा एकजुट गराउने । समाज तथा समुदायमा विकृतिका रुपमा रहेको लैङ्गिक विभेदलाई हटाउने र सामाजिक मूल्यमा न्यताका साथ समुदायलाई समावेशीकरण गराउने विभिन्न जातजाति, दलित, महिला, बालबालिका, असहाय र पिछडिएका वर्गहरुलाई समान रुपमा समान स्थान दिनेका म गरिनेछ ।

**९.मानवअधिकारको प्रत्याभूति, संरक्षण र प्रवर्धन**

पछाडि पारिएका वर्गजातीहरुलाई उनीहरुको हकहितका लागि आफ्नो आवाज उठाउन सक्ने गरि क्षमता विकास गर्ने, राज्यका विभिन्न निकायहरुमा उनीहरुको पहुँचलाई सुनिश्चित गर्नका लागि सहयोग गर्ने, उनीहरुलाई आवश्यक ज्ञान, सीप तथा विकासको प्रत्याभूति दिलाउन आवश्यक सहयोग गर्नुका साथै अन्तराष्ट्रिय स्तरमा स्थापित न्यूनतम मानव अधिकारको सुनिश्चिता दिलाउन सहयोग गर्दै समान नागरिकको रुपमा अघि बढाउने ।

**१०.स्रोत परिचालनका लागि भगिनी सम्बन्ध स्थापना**

गाँउ पालिकाको स्रोत परिचालनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भगिनी सम्बन्ध कायम गरि त्यस्ता निकायबाट समेत गाउँको विकासका लागि साधन स्रोत परिचालन गरिनेछ ।

**११.दिगोविकास**

दैनिक रुपमा बढदै गएको वातावरण विनासलाई न्यूनीकरण गर्नका लागि समुदाय परिचालनको माध्यमबाट प्राकृतिक स्रोत र साधनको समुचित प्रयोग गर्ने र भावी सन्ततीका लागि समेत त्यस्ता स्रोत र साधनलाई सुरक्षित राख्नका लागि प्रोत्साहित गरिनेछ । प्राकृतिक हिसाबले तराई जिल्लाको रुपमा रहेको सिराहा जिल्ला बेला बखत प्राकृतिक प्रकोप जस्तै बाढी, हैजा आदीमा परिरहने भएकोले दिगोविकास मार्फत प्राकृतिक प्रकोप न्यूनीकरण तथा यसको लागि तत्कालिन राहत र पुनर स्थापनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## १२.राजश्व परिचालन

राजश्व परिचालन मार्फत गाँउ पालिकाको स्रोत वृद्धि कानुन त गाँउ पालिकाले संकलन गर्ने कर, दस्तुर, शुल्क स्थानीय कानुन निर्माण गरि संकलन गरिनेछ भने करको दायरा वृद्धि गरि स्थानीय स्रोत वृद्धिमा थप कार्य गरिनेछ । पर्यटकीय क्षेत्र तथा भौतिक पूर्वाधारको उपयोगमा सेवा शुल्क लिई स्थानीय स्रोतमा अभिवृद्धि गरिनेछ ।

## १३. लघु उद्यम विकास कार्यक्रम

स्थानीय आर्थिक विकासका लागि स्थानीय स्रोत र साधनमा आधारित लघुउद्यमको विकासका लागि सामाजिक परिचालन मार्फत गठित टोलविकास संस्था मार्फत लघुउद्यम विकास कार्यक्रम सञ्चालन गर्ने ।

## १४.बहुवर्षीय  कार्यक्रम

क्रमागत तथा दुई वा दुई भन्दा बढी वडाहरुलाई समेटेर सन्चालन गर्नुपर्ने योजना र आयोजनाहरु गाँउपालिका स्तरबाट नै सन्चालन गरिनेछ ।

## १५.उपभोक्ता तथा ठेक्का प्रणालीको अबलम्बन

उपभोक्ताको क्षमताले भ्याउने प्रकृतिका योजना वाहेक प्रवधि र लागतको आधारमा रु.२५ लाख भन्दा माथिका योजनाहरु आवश्यकता अनुसार ठेक्का प्रणालिबाट समेत संचालित गरिनेछ ।

## १६.लागत इस्टिमेट पश्चात मात्र वजेट विनियोजन भौतिक पूर्वाधार

लागत इस्टिमेट पश्चात मात्र वजेट विनियोजन भौतिक पूर्वाधार तथा निर्माण सम्बन्धिका कुनै पनियोजनामा पूर्व डिजाइन र लागत इस्टिमेट विना वजेट विनियोजन गरिने छैन । पूर्व डिजाइन र लागत इस्टिमेट पश्चात मात्र बजेट विनियोजन गरिनेछ ।

भाग -४ कार्यनिति

भाग ५ दीर्घकालीन सोच/ दुरदृस्ती उद्देश्य, लक्ष्य

५.१ गाँउ पालिकाको दीर्घकालीन सोच

सुखी गाँउवासि, समृद्ध गाँउपालिका निरन्तर सुशासन मार्फत समुन्नत, समृद्द तथा उत्कृष्ट स्थानीय तहको रुपमा स्थापित ।

५.२ लक्ष्य

सामाजिक न्यायसहितको लोक कल्याणकारी स्थानीय तह हुँदै गाउँ वासीहरुले प्रत्यक्ष विकासको प्रत्याभुति गर्नु ।

५.३ उदेश्य

१. समता, समानता र न्यायपुर्ण वितरण सहितको समाज निर्माण गर्दै आर्थिक, सामाजिक, वातावरणीय तथा शासकिय पद्दती रुपान्तरण गर्नु ।

२. सर्वसुलभ आधारभूत पूर्वाधार निर्माण,उत्पादनशील एवम् र्यादित रोजगारी, सामाजिक-आर्थिक रुपान्तरण, उच्च तथा दिगो आर्थिक वृद्धि र गरिबी निवारण गरी समृद्धिको आधार निर्माण गर्नु ।

३. सामाजिक न्याय तथा, गुणस्तरीय तथा जवाफदेही सार्वजनिक सेवा र स्वस्थ तथा सन्तुलित वातावरण कायम गरी नागरिकलाई परिष्कृत र मर्यादित जीवनको अनुभूति दिलाउनु ।

प्रथम आवधिक बिकास योजनाका मुख्य मुख्य लक्ष्यहरु प्रथम आवधिक बिकास योजनाले लिएको प्रमुख लक्ष्यहरु निम्न अनुसार प्रस्तुत गरिएको छः

| क.सं. | सूचक आ.व२०७९/०८०कोस्थिती | प्रथम योजनाको लक्ष्य | कैफियत |
|---|---|---|---|
| १ | कृषि क्षेत्रको वार्षिक औसत वृद्धि दर (प्रतिशत) | ५ | |
| २ | गैर कृषि क्षेत्रको वार्षिक औसत वृद्धि दर (प्रतिशत) | २/५ | |

| | | | |
|---|---|---|---|
| ३ | वार्षिक औसत रोजगारी वृद्धि दर (प्रतिशत) | ३/२ | |
| ४ | गरिवीको रेखामुनिरहेको जनसङ्ख्या (प्रतिशत) | | |
| ५ | औसत आयु | | |
| ६ | खानेपानी सेवा पुगेको जनसङ्ख्या (प्रतिशत) | | |
| ७ | सरसफाइ प्राथमिक तह (कक्षा१-५) मा खुद भर्ना दर (प्रतिशत) | ९०।५ | |
| ८ | सुविधा पुगेको जनसङ्ख्या (प्रतिशत) | १००। | |
| ९ | साक्षरतादर | | |
| १० | टेलिफोन, मोबाइलसमेत (प्रतिसयघनत्वमा) | ९० | |
| ११ | विधुत्मा पहुँच प्राप्त जनसङ्ख्या (प्रतिशत) | १००।००५ | |
| १२ | सिँचाइ (कृषि योग्य जमिनको) | ४५।००५ | |
| १३ | समग्र गाउँपालिकाको आर्थिक वृद्धि दर | ५ प्रतिशत | |
| १४ | मानब विकास सूचांक | | |

## ५.४ गाँउ पालिकाको क्षेत्रगत बृहत उद्देस्यहरु

### ५.४.१ आर्थिक

कृषिको व्यवसायीकरण, पर्यटन तथा सेवा क्षेत्रको विकास, साना तथा घरेलु उद्योग एवं व्यापार व्यवसायको प्रवर्द्धनबाट रोजगार मूलक स्थानीय अर्थ तन्त्रको विकास भई गाँउपालिका वासीको रोजगारी र आय स्तरमा सुधार गर्नु ।

### ५.४.२ सामाजिक

गुणस्तरीय शिक्षा, सर्व सुलभ स्वास्थ्य एवं पोषण, स्वच्छ पिउने पानी तथा सरसफाइको सुविधामा पहुँच र युवा एवं खेलकुद विकास तथा प्रवर्द्धनका साथै लैङ्गिक समानता, सामाजिक समावेशीकरण सुनिश्चित गरी गाँउपालिका वासीलाई आधारभूत सामाजिक सेवा, संरक्षण र सुरक्षा उपलब्ध हुनु

### ५.४.३ भौतिक

आधारभूत तथा गुणस्तरीय भौतिक एवं सामाजिक पूर्वाधारको निर्माण, स्तरोन्नति र मर्मत सम्भारबाट गाँउपालिका विकासमा गतिशीलता आई गाँउपालिका वासीको सेवा तथा सुविधा प्राप्ति, पहुँच र प्रवाहमा सहजता हुनु ।

### ५.४.४ वन तथा वातावरणीय, तथा विपद व्यवस्थापन

वन, वन्यजन्तु, जैविक विविधता तथा भू-तथा जलाधार क्षेत्रको संरक्षण, विकास, संवर्द्धन, प्रवर्द्धन र दिगो उपयोग गर्दै, विपद्व्‌ व्यवस्थापन एवं जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण उपायको अवलम्बनबाट वातावरण मैत्री विकास भई हरित, सफा उज्यालो र बस्न योग्य व्यवस्थित गाँउ पालिका निर्माण गर्नु ।

### ५.४.५ संस्थागत

विधि र प्रक्रियाको निर्माण, चुस्त तथा प्रभावकारी संगठन संरचना र क्षमता विकास, सार्वजनिक, निजी, सहकारी, गैसस तथा सामुदायिक साझेदारीलाई प्रवर्द्धन गर्दै सेवा प्रवाह सुनिश्चित र भरपर्दो भएको हुनु ।

### ५.४.६ वित्तीय व्यवस्थापन र सुशासन

आन्तरिक र बाह्य स्रोत साधनको उच्चतम प्रयोग गर्दे प्रविधि मैत्रीक र तथा आर्थिक प्रशासनका माध्यमबाट वित्तीय अनुशासन कायम भई स्थानीय सुशासन प्रत्याभूत गर्नु ।

## ५.४.७ रणनीतिहरु

१. बिकासको लक्ष्य हासिल गर्न गाँउ पालिकाले नेतृत्वदायी भुमिका निर्वाह गरी निजी, सहकारी तथा सामुदायिक क्षेत्रको सबलीकरण, स्थानीय अर्थतन्त्रको विकास, स्वच्छ ऊर्जाको उपभोग र गाँउको आर्थिक, पर्यटकिय, शौक्षिक विकास सहित तीव्र, दिगो र रोजगार मूलक आर्थिक वृद्धि गर्ने ।

२. सुलभ तथा गुणस्तरिय स्वास्थ्य सेवा र गुणस्तरीय, प्राविधिक तथा जीबनोपयोगी शिक्षाको सुनिश्चितता सहित स्वस्थ र शिक्षित नागरिक तयार गर्ने ।

३. कृषि क्षेत्रको व्यवसायिकीकरण, लघु उधोगको स्थापना, पर्यटन प्रवर्दन गरी उधोग र सेवा क्षेत्रमा स्वच्छ, आधुनिक तथा उच्च प्रविधिको प्रयोग र उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

४. दिगो, भरपर्दो भौतिक पुर्वाधार विकास गरी नागरिकको जिवन यापन सहजता प्रदान गर्ने ।

५. वितियश्रोत, साधनको कुशल परिचालन मार्फत अपेक्षीत उदेश्य पुरा गर्दै गरिवी न्यूनीकरण गरी सुशासन कायम गर्ने ।

६. लैंगिक समानता, सबै प्रकारका विभेद, हिंसा र अपराध विरुद्ध शून्य सहनशीलता र सामाजिक,सांकृतिक पुँजीको उपयोग गर्दै न्यायपूर्ण सामाजिक गतिशीलता कायम गर्ने ।

७. प्राकृतिक स्रोत साधनको सन्तुलित संरक्षण र आयमूलक व्यवस्थापन एवं प्राकृतिक विपद् तथा जलवायू परिवर्तन उत्थानशील उत्पादन तथा जनजीविका प्रवर्द्धन गर्ने ।

८.विधुतीय शासनको प्रयोग मार्फत सार्वजनिक सेवालाई उत्तरदायी, कुशल, पारदर्शी र सुदृढ वनाउने ।

## ५.४.८.प्राथमिकता

१.भौतिक पुर्वाधार विकास

२.सामाजिक विकास

३.संस्थागत विकास

४.आर्थिक विकास

५.वातावरण तथा विपद्व व्यवस्थापन

६.वित्तिय व्यवस्थापन तथा सुशासन

## भाग -छ आर्थिक विकास

### ६.१ विषय प्रवेश

नेपालको संविधानले स्थानीय स्तरमा आर्थिक विकासका लागि स्थानीय सरकारको भूमिकालाई विशेष महत्व दिएको छ । आर्थिक विकासको माध्यमबाट नै गाँउपालिका बासीले आफनो जीवन स्तर सुधार गर्न सक्दछन् ।

स्थानीय जनताको आर्थिक समृद्धिका लागि गाँउपालिकाले गाँउपालिका बासीको चाहना, माग र प्राथमिकतालाई सम्बोधन गर्दै स्थानीय क्षेत्रभित्र आर्थिक क्रियाकलापहरू बढाउनु पर्ने हुन्छ । खासगरी स्थानीय रूपमा उपलब्ध स्रोत र साधनहरूलाई प्रयोग र उपयोग गर्दै रोजगारी र आर्थिक वृद्धिको दिशामा अगाडि बढ्न सबल र आत्मनिर्भर स्थानीय अर्थतन्त्रको विकासलाई गति दिनु आवश्यक छ । गाँउपालिकाको विद्यमान भौगोलिक र ग्रामीण परिवेश एवं जीविकोपार्जनका लागि संर्घषशील र कर्मशील मानिसहरूको बाहुल्यता भएको मौजुदा स्थितिमा आर्थिक स्थितिमा सुधार गर्नका लागि आर्थिक विकासका कृयाकलापहरुको संचालन हुन अपरिहार्य देखिन्छ ।

आर्थिक विकास बिना कुनै पनि क्षेत्रको चौतर्फी विकासको सम्भव नहुने पक्षय हो  विवेचना गर्न आवश्यक छैन । विषेश गरी गरिवीको कारण हाम्रो जस्तो मुलुकमा नागरिकहरूवाट चौतर्फी विकासको निम्ति अति कम कर राज्यलाई योगदान गरी रहेको अवस्था छ र यस्तो रकम यो गाँउमा त अझ निकै कम रहेको छ । तसर्थ गाँउपालिका वासीहरूलाई गाउँविकासको लागि आर्थिक योगदानमा अग्रसर गराउन सर्वप्रथम गाँउपालिकाको आर्थिक पक्षलाई महत्वका साथ प्राथमिकतामा राखी कार्यान्वयन गर्न अति जरुरी छ । गाँउपालिकाको आर्थिक विकासको प्रमुख अग्रणी क्षेत्र भनी कृषि र पर्यटनलाई लिईएको छ ।

यसरी अग्रणी क्षेत्रको पहिचान गर्नु त्यति सजिलो कार्य होइन अझ त्योभन्दा पनि कठिन कार्य यसलाई सवल र सुढृढ पार्दै यसको भूमिकालाई व्यापक र योगदान मूलक बनाउँदै लैजानु हो । किनभने अग्रणी क्षेत्रको पहिचान गर्दै माया स्वतःस्फूर्त रुपमा विकास हुँदैजाने प्रक्रिया होइन त्यसको लागि आवश्यक

पूर्वाधारहरूको निर्माण लगानी र नीति नियमको तर्जुमा एवं कार्यान्वयन उत्तिकै आवश्यक हुन आउँछ । उदाहरणको लागि गाँउपालिकाको अग्रणी क्षेत्रको विकासबाट आशातित योगदानको अपेक्षा गर्ने हो भने कृषि उद्योगको विकासको लागि ठोस योजना र पूर्वाधार निर्माणको लागि आवश्यक लगानी गर्दै जानु पर्दछ त्यस पश्चात मात्र यसले गाँउपालिकाको आर्थिक विकासमा प्रत्यक्ष रुपले योगदान गर्न सक्दछ । तसर्थ, अग्रणी क्षेत्र तोक्ने तर लगानी योजनाले कुनै सरोका र नगर्ने हो भने लगानी कार्यक्रम एकातिर अग्रणीक्षेत्र अर्कोतिर हुन पुग्दछ । फेरी

यो

लगानी कुनै एक वर्षको लागि मात्र नभए र धेरै वर्षसम्म पनि जान सक्दछ जव सम्म अर्थ व्यवस्थामा अन्य क्षेत्र पनि सोही अनुपात माविकास नभएमा अर्को शव्दमा कृषि उद्योगको विकास केही वर्षपछि एउटा विन्दुमा आएर स्थिर भएमा र अर्को नयाँ आर्थिक क्षेत्रले त्यो भन्दा वढी गाँउ पालिकाको विकासमा सम्भावना देखाएमा त्यस्ता नयाँ क्षेत्रलाई अग्रणी क्षेत्रको रुपमा अंगिका र गरी अगाडि बढ्न सकिन्छ र बढ्नु पर्दछ ।

कुनै पनि गाँउ पालिकाको आर्थिक विकासमा दिगो हिसावले एउटै अग्रणी क्षेत्रले निरन्तरता नपाउन पनि सक्दछ तसर्थ सर्व सम्मत अग्रणी क्षेत्रको कार्यान्वयन पक्षको निरन्तर अनुगमन र प्रगति समीक्षा गर्दै जानु पर्दछ । अर्थात लगानी गरिएको अनुपातमा प्रतिफल प्रत्यक्ष वा परोक्ष रुपले तत्काल वा केही वर्ष पछिसम्मको लागि भएन भने वाहुने स्थिति नरहेमा त्यस्ता अग्रणी क्षेत्रमा लगानी गरि राख्नुको औचित्य हुदैन । यसै पक्षलाई मध्यनजर गरी गाँउ पालिकाको अग्रणी क्षेत्रलाई मूर्तरुप दिन आवश्यक नीति, कार्यक्रम तथा योजनाहरूको पहिचान गरी त्यस्ता योजनाहरू यस आर्थिक विकासमा प्रस्ताव गरिएका छन् । आर्थिक विकास भन्नाले ठूलाखालका उद्योग तथा अर्थ जन्य क्रियाकलापहरू मात्र भन्ने वुझन हुन्न र गाँउपालिकामा हुने गरेका र सम्भावना भएका अन्य सानातिना आर्थिक गतिविधीहरू जसमा वहुसङ्ख्यक स्थानीय बासीहरू सहभागी रहेका छन यस्ता स्थानीय आर्थिक विकास योजना तथा कार्यक्रमहरूलाई समेत यस योजनामा समावेश गरेका छन् ।

गाँउपालिका क्षेत्रभित्र आर्थिक उत्पादन तथा आयमा द्रुततर वृद्धि गरी सो को न्यायपूर्ण वितरण मार्फत गरिबी निवारणमा योगदान पुऱ्याउन विपन्न बर्गको आर्थिक स्तरमा सुधार मानव संसाधनको गुणात्मक विकास जस्ता कार्यहरूबाट गाँउपालिकाको अर्थ तन्त्रलाई समृद्ध गर्नुपर्ने हुन्छ । गाँउपालिकाको आर्थिक वृद्धिसँग सँगै आयको वितरणमा समानता कायम हुन सकेमा नै सामाजिक न्यायमा आधारित समता मूलक तथा लोक कल्याणकारी समाजको स्थापना गरी वास्तविक आर्थिक विकास हासिल गर्न सम्भव हुनेछ । यसका लागि गाँउपालिका क्षेत्रभित्र आयमूलक रोजगारीका अवसरहरू सिर्जना गरी जनसाङ्ख्यिक लाभांशको अधिकतम उपयोग गर्ने सक्षमताको आवश्यकता छ ।

## ६.२ वर्तमान अवस्था

यस गाँउपालिकाको प्रमुख पेशा भनेको कृषि हो । बहुसङख्यिक जनसंख्या कृषिमा निर्भर रहेतापनि आधा भन्दा बढी जनसंख्या ६ महिनासम्म पनि आत्मनिर्भ रहुन नसक्नु आफैमा विडम्बना हो । साथ साथै कृषि क्षेत्रबाट अपेक्षित रुपमा रोजगारीको सृजना हुनसकेको छैन । यसका कारण युवा शक्ति दिन दिनै पलायन भइरहेको छ । यसै गरी यस गाँउपालिकामा रहेका खानी तथा वनहरुको उचित प्रयोग हुन नसक्दा आर्थिक गतिविधि फस्टाउन सकेको छैन । यस जिल्लाको आर्थिक विकासले अपेक्षित गतिलिन नसकेको देखिन्छ ।

यस गाँउपालिकाको आर्थिक स्तर उकास्नको निमित्त निर्वाह मुखी खेतीलाई व्यवसायिकरण गरी आवश्यक बजारको विकास गर्ने, हाल रहेका र विकास गर्न मिल्ने पर्यटकिय स्थलहरुको पहिचन र स्तर उन्नती गर्ने र प्राकृतिक सम्पदाहरुको समुचित उपयोग गर्नु पर्ने देखिन्छ ।

आवधिक योजनामा आर्थिक क्षेत्रको समग्र सूचकहरू निम्न बमोजिम हासिल हुने अपेक्षा गरिएको छः

| क्र.सं. | सूचक इकाई २०७९/८० को स्थिति आवधिक | योजनाको लक्ष्य २०८३/८४ मा | |
|---|---|---|---|
| १ | आर्थिकवृद्धि (वार्षिक) प्रतिशत- | ५ | |
| २ | मानव विकास सूचांक | ०.४ ०.६ | |
| ३ | स्थानीय स्तरमा प्रत्यक्ष रोजगारीका अवसर | १००० | |

### ६.३ सोच

स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख अर्थ तन्त्र एवं समृद्ध गाँउविस

### ६.४.उद्देश्य

कृषिको व्यवसायीकरण, पर्यटन तथा सेवा क्षेत्रको विकास, साना तथा घरेलु उद्योग एवंं यापार व्यवसायको प्रवर्द्धनबाट रोजगार मूलक स्थानीय अर्थतन्त्रको विकास भई गाँउपालिका वासीको रोजगारी र आय स्तरमा सुधार गर्नु ।

### ६.५ आर्थिक विकास सम्बन्धि उपक्षेत्रहरू

### ६.५.१ कृषि

#### १.पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने र कानुन बमोजिम खाद्य सम्प्रभुताको हकको व्यवस्था गरेको छ । यसैगरी कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रणको एकल जिम्मेवारी समेत स्थानीय तहको हुने गरी निर्धारण गरिनुका साथै संविधान प्रदत्त जिम्मेवारीलाई स्थानीय सरकार सञ्चालन ऐनले विस्तृतीकरण समेत गरी स्थानीय तहको काम, कर्तव्य र अधिकारमा समावेश गरेको छ ।

गाँउ पालिकाको मुख्य रोजगारी र जीविकोपार्जनको रूपमा कृषि क्षेत्र रहेको छ । कृषिक्षेत्र अन्तर्गत अन्नबाली, नगदेबाली, तरकारी खेती र पशुपन्छीपालनलाई लिइएको छ । यसैगरी कृषि कार्यहरूसँग माछा पालन, माहुरी पालन र वनजन्य क्षेत्र  रहेको पाइन्छ । समग्रमा यस गाँउपालिकाको कृषि क्षेत्र बढी अनुपातमा निर्वाहमुखी रहेकोछ ।

#### २. वर्तमान अवस्था

यस गाँउपालिकाको आर्थिक रुपमा सक्रिय जनसंख्यामा बहुसङख्यिक जनसंख्या कृषिमा संलग्न रहेको हुनाले यस गाँउपालिकाको कुलगार्हस्थ उत्पादनमा ठूलो भुमिका रहेकोछ । यस गाँउपालिकाको अर्थ

व्यवस्थामा कृषिक्षेत्र आर्थिक मेरुदण्डको रुपमा रहि आएको भएतापनि खेतीपाती गर्ने तौर तरिका अझैपनि परम्परागत किसिमको रहेको, कृषि उत्पादन एवं उत्पादकत्व बृद्धिको लागि आवश्य कमल, आधुनिक बीउ विजन, सिचाईं, बजार आदिको पर्याप्त व्यवस्था हुन नसकेको कारण कृषि विकास आशातित रुपमा हुन सकिराखेको देखिंदैन ।

## ३. चुनौती र अवसर

कृषि नै यस गाँउपालिकाको मुख्य पेसा र आर्थिक क्रियाकलापको आधार रहेता पनि उपयुक्त प्रविधि, युवा जनशक्तिको पलायनले कृषि मजदुरको अभावमा कृषिको व्यवसायीकरण तथा आधुनिकी करण हुन नसकी अझै परम्परागत र निर्वाहमुखी कृषि प्रणालीमा सीमित हुनु परिरहेको छ । कृषि पेसालाई मर्यादित बनाउन नसक्दा युवाहरूको कृषिक्षेत्रमा आकर्षण घट्नुका साथै न्यून उत्पादकत्व एवं व्यवसायिकताको कमीले गर्दा कृषि क्षेत्रवाट अपेक्षित उपलब्धि हुन सकेको छैन ।

गाँउपालिकाको भूबनोट, पानीको स्रोत, मेहनती नागरीक कृषि क्षेत्रको विकासका लागि महत्वपूर्ण पक्ष हुन् । यस गाँउपालिका क्षेत्रको उर्वरभूमि र उपलब्ध केही सिञ्चाइ सुविधाको कारण विद्यमान सम्भाव्यताहरूलाई उपयोग गर्दै कृषिक्षेत्र अन्तर्गत अन्नबाली, नगदेबाली, तरकारी खेती र पशुपालनमा उपयुक्त कृषि प्रविधिको प्रयोगको माध्यमद्वारा व्यवसायीकरण गरी उत्पादन, उत्पादकत्व र आय आर्जनका अवसरहरूलाई वृद्धि गर्न सकिने छन् । गाँउपालिका भित्र अवस्थित निर्वाह मुखी कृषिलाई रूपान्तरण गरी व्यवसायिकताको आधारमा बाह्य परनिर्भरता हटाई थप आय आर्जनका अवसरहरूलाई अधिकतम उपयोग गरिनु पर्ने हुन्छ ।

## ४.सोच

खाद्य सम्प्रभुता र खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति ।

५.उद्देश्य

स्थानीय सम्भाव्यताको आधारमा कृषि, उद्योग क्षेत्रको उत्पादन र उत्पादकत्व बढाई गाँउपालिकाको आर्थिक विकासमा योगदान पुर्याउनु ।

६.लक्ष्य/अपेक्षित उपलब्धि

आवधिक विकास योजना अवधिमा कृषि उत्पादन तथा पशुपालनको विकास गरी कुलगार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ६० प्रतिशत रहनेछ ।

| क्र.सं. | विवरण | इकाई | आधार वर्ष |
| --- | --- | --- | --- |
| १ | कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान प्रतिशत | ३० | |
| २ | परम्परागत कृषिमा संलग्न जनसंख्या प्रतिशत | ६० | |
| ३ | आयातित कृषि उत्पादनको भाग प्रतिशत | १० | |
| ४ | कृषिमा निर्भर उद्योगको संख्या | ६० | |
| ५ | ठूला कृषि जन्य फर्म संख्या | ६० | |

७.रणनीति/कार्यनीति

१. स्थानीय सम्भाव्यताको आधारमा उत्पादन योग्य नगदेबाली तथा पशुपालनमा आधुनिक प्रविधिको प्रयोग र व्यवसायीकरणलाई बढावा दिँदै उत्पादन तथा उत्पादकत्वको अभिवृद्धि गरिनेछ ।

२. व्यवसायिकताको आधारमा उत्पादन र उत्पादकत्व बढाउन कृषकहरूको सीप अभिवृद्धि र प्रविधिमा पहुँच विस्तार गर्न कार्य क्रमिक र संस्थागत सुधार गरिनेछ ।

३. कृषिमा यान्त्रीकरण, प्रविधि अनुसन्धान र प्रविधि हस्तान्तरण गरी व्यवसायीकरण गर्न शैक्षिक, गैरसरकारी र निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

४. कृषिको व्यवसायीकरणमा उन्नतबीउ बिजन, मल, सिञ्चाइ, ज्ञान, सीप र प्रविधि आदि जस्ता विषयमा सरकारी, गैरसरकारी, निजी तथा विकास साझेदारको समेत प्राविधिक सहयोग जुटाई समुचित संयन्त्रका माध्यमबाट कृषकमा पुऱ्याइने व्यवस्था मिलाइने छ। उक्त कार्य सञ्चालनमा सघींय र प्रदेश सरकारसँग समेत आवश्यक समन्वय र सहकार्य गरिनेछ।

५. उत्पादनमूलक कृषि उद्योग तथा सहकारी संस्थाहरूको विकास गरी उत्पादन, उत्पादकत्व, बजारीकरण, ब्रान्डिङ र सामूहिक बौद्धिक सम्पत्ति सृजनालाई प्रोत्साहन गरिनेछ।

६. कृषि थोक बजार, खुद्रा बजार, थोक समर्थन मूल्य, शीत भण्डार, सहुलियत ऋण, उद्योग ग्राममा कृषि उपज प्रशोधन उद्योगलाई प्रथामिकता लगायतका विधिबाट कृषि उद्यम सृजना गर्न उपयुक्त वातावरण तयार गरिनेछ।

७. प्रत्येक वडामा कृषि उपज संकलन केन्द्र स्थापना र परम्परागत हाट बजार केन्द्र व्यवस्थापन गरी स्थानीय कृषि बजार र निर्यात प्रवर्द्धन गरिनेछ।

८. वडामा स्रोत केन्द्रहरू स्थापना गरी उपयुक्त प्राविधिक सहयोगबाट समयमा नै बीउ बिजन, मल लगायतका कृषि सामग्री र पशु चिकित्सा सेवाको उपलब्धता र प्रसारबाट कृषकको सहज पहुँच स्थापित गरिनेछ।

९. साना, सीमान्त किसान, महिला कृषक र विपन्न वर्गलाई सहुलियत अनुदान, प्रविधि, प्राविधिक ज्ञान र प्रसारमा सहज पहुँच स्थापना गरिनुका साथै कृषि योग्य भूमि यस्ता कृषकलाई कबुलियतमा समेत उपलब्ध गराउने व्यवस्था गरी प्राविधिक सेवा र टेवा दिइनेछ।

१०. वैदेशिक रोजगारबाट फर्केका कृषकको ज्ञान, सीप र अनुभवलाई प्रयोग गर्ने उचित वातावरण सिर्जना गरी सहुलियत रूपमा राज्यबाट प्रदान गरिने सेवा उपलब्ध गराउने सहजीकरण गरिनेछ।

११. प्रांगारिक कृषि खेती र कृषि उत्पादनलाई प्रश्रय र प्रोत्साहित गरिनेछ।

१२. कृषि प्रबिधिकको व्यवस्था, कृषि संकलन केन्द्र स्थापना तथा ब्यबस्थापन, कृषि अनुसन्धान केन्द्र स्थापना, पशु स्वास्थ्य कार्यक्रम संचालन, किटनासक औषधि निःशुल्क उपलब्ध लगायतका कार्याक्रममा जोड दिइनेछ।

८.प्रमुख कार्यक्रमः

| क.सं. | कार्यक्रम | अनुमानित लागत | कैफियत | सहयोगी निकाय |
|---|---|---|---|---|
| १ | वित्तीय संस्थाहरुको सहकार्यमा कृषि ऋण (विशेष गरि गरिबीको रेखामुनि भएका कृषकहरुका लागि) प्रशासनिक सहजताको भूमिका बित्तिय संस्था | | | |
| २ | बिउ बिजन र बिरुवाको वितरण | | | |
| ३ | उच्च भूभागमा कृषि प्रयोजनको लागि प्लास्टिक पाइपको वितरण | | | |
| ४ | कृषि उत्पादनको बिक्रेतासंग सहकार्य | | | |
| ५ | मल, र किटनासक औसधिको वितरण | | | |
| ६ | उत्कृष्ट किसानलाई सम्मान तथा पुरस्कार | | | |
| ७ | नविनतम कृषिका लागि सहयोग | | | |
| ८ | कृषि सहकारीको बिकास | | | |
| ९ | उन्नत जातको बाखाको पाठा वितरण | | | |
| १० | उन्नत जातको सुँगुरको पाठा वितरण | | | |
| ११ | कृषि तथा पशु बिमाको व्यवस्था | | | |
| १२ | एक गाउँ एक कृषि प्राबिधिक | | | |

| क.सं. | आयोजना | अनुमानित लागत | सहयोगी निकाय |
|---|---|---|---|
| १ | कृषि उत्पादन संकलन केन्द्र (हरेक वडा केन्द्रमा) | | निजिक्षेत्र |
| २ | माटो परीक्षणको व्यवस्था | | निजिक्षेत्र |
| ३ | दुध संकलन केन्द्रको स्थापना (हरेक वडा केन्द्रमा) | | निजिक्षेत्र |
| ४ | हाते ट्याक्ट र को बितरण | | संघियसरकार/निजिक्षेत्र |
| ५ | फलफूल पकेट क्षेत्रको बिकास | | संघियसरकार/निजिक्षेत्र |
| ६ | तरकारी पकेटक्षेत्रको बिकास | | संघियसरकार/निजिक्षेत्र |
| ७ | च्याउ उत्पादन तथा बजारिकरण | | संघियसरकार/निजिक्षेत्र |
| ८ | माछा पालन तथा बजारिकरण | | संघियसरकार/निजिक्षेत्र |
| ९ | मौरीपालनका लागि घार बितरण | | संघियसरकार/निजिक्षेत्र |
| १० | कृषिमा निर्भर औद्योगिक क्षेत्रको स्थापना | | संघियसरकार/निजिक्षेत्र |
| ११ | चिस्यान केन्द्रको स्थापना | | संघियसरकार/निजिक्षेत्र |
| १२ | एक गाउँ एक कृषि प्राबिधिक | | संघियसरकार/निजिक्षेत्र |

### ६.५.२.सहकारी

#### १.पृष्ठभूमिः

नेपालको संविधानले मुलुकको समग्र आर्थिक तथा सामाजिक विकासमा सरकारी, सहकारी र निजी क्षेत्रले महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरेको छ । यसका साथै सहकारीलाई स्थानीय तहको एकल जिम्मेवारीमा समेत राखी स्थानीय सरकार सञ्चालन ऐनबाट सहकारी क्षेत्र अन्तगर्त गरिने कार्यको

विस्तृतीकरण समेत गरी स्थानीय स्तरमा सहकारी क्षेत्रको प्रवर्द्धन गर्नका लागि स्थानीय सरकारलाई अग्रणी भूमिका दिइएको छ । स्थानीय श्रम, सीप, प्राविधिक, प्रविधि र पुँजीलाई अधिकतम रूपमा परिचालन गरी सहकारीलाई गाँउपालिकाको अर्थतन्त्रको एक सबल स्तम्भका रूपमा विकसित गर्दै आर्थिक तथा सामाजिक विकासको योगदान पुर्याउनु पर्ने आवश्यकता छ ।

२. वर्तमानअवस्थाः

यस गाँउ पालिकामा साना तथा मझौला स्तरका सहकारी संस्थाहरुले सेवा प्रवाह गरिरहेका छन, सहकारी क्षेत्रले गाँउपालिकाको उत्पादन तथा उत्पादकत्व बढाउन अपेक्षित सहयोग पुर्याउन सकेको छैन ।

**३.चुनौती र अवसर**

यस गाँउपालिकामा सहकारी संस्थाहरूको समुचित विकासका लागि सहकारीको मूल्य तथा मान्यता बारे अनभिज्ञता, सहकारी व्यवस्थापनमा सीपको कमी र आयमूलक अवसरहरूको न्यूनता जस्ता चुनौतीहरू विद्यमान रहेका छन् । यस स्थितिमा सुधार गरी सर्वसाधारणमा सहकारीप्रतिको आकर्षणलाई प्रवर्द्धन गर्दै गाँउपालिकाको चौतर्फी विकासमा सहकारीको योगदानलाई क्रमशः वृद्धि गर्दै लैजान सकिने सम्भावनाहरू विद्यमान रहेका छन् ।

**४. सोच**

स्थानीय स्रोत,श्रम, सीप र पुँजीको अधिकतम परिचालन मार्फत आर्थिक-सामाजिक रूपान्तरण ।

**५.उद्देश्य**

सहकारी क्षेत्रमा उद्यमशीलता तथा सीपको विकास र रोजगारी एवं आय आर्जनका अवसरहरू बृद्धि गरेर स्थानीय अर्थतन्त्रलाई सक्षम, सवल, समावेशी, दिगो र फराकिलो तुल्याई गाँउ पालिकाको आर्थिक समृद्धि हासिल गर्नमा योगदान पुर्याउनु ।

६.लक्ष्य/अपेक्षित उपलब्धिः

आवधिक योजना अवधिमा गाँउपालिका भित्र एक बस्ती एक सहकारी अभियान सञ्चालन गरी प्रत्येक बस्तीमा एक सशक्त सहकारी मार्फत कृषि तथा गैर कृषि क्षेत्रको उत्पादनमा वृद्धि, बजारीकरण र बचत परिचालन तथा ऋण प्रवाहमा पहुँच बढाइनेछ ।

७. रणनीति/कार्यनीतिः

१. सहकारीलाई रोजगारी प्रवर्द्धन र दिगो जीवनयापनका आधारका रूपमा विस्तार गरिनेछ ।

२. कृषि तथा गैर कृषि सहकारी संस्थाहरूको प्रवर्द्धन गरी उत्पादन बढाइनेछ ।

३. स्थानीय उत्पादन तथा अत्यावश्यक वस्तुहरूको आपूर्ति तथा बजारीकरणमा सहकारी संस्थाहरूलाई क्रियाशील तुल्याइनेछ ।

४. गाँउ पालिकामा उद्योग व्यवसायको प्रवर्द्धनमा सहकारी संस्थाहरूवाट सहज एवं सहुलियत पूर्ण कर्जा प्रवाहको व्यवस्था गरिनेछ ।

८.प्रमुख कार्यक्रम

| क.सं. | कार्यक्रम | अनुमानित बजेट | कैफियत | सहयोगी निकाय |
|---|---|---|---|---|
| १ | सहकारी दर्ता/ निवकरण नियम | | हरेक वर्ष खर्च गर्नुपर्ने | निजिक्षेत्र |
| २ | सहकारी सम्बद्धता तालिम तथा अभिमुखिकरण | | हरेक वर्ष खर्च गर्नुपर्ने | निजिक्षेत्र |
| ३ | सहकारी उत्पादन, बजारीकरण बचत परिचालन | | हरेक वर्ष खर्च गर्नुपर्ने | निजिक्षेत्र |

### ६.५.३ उद्योग र प्राकृतिक स्रोत

#### १. पृष्ठभूमिः

गाँउपालिकाको आर्थिक समृद्धिमा उद्योग, कलकारखाना र प्राकृतिक स्रोतहरुको समुचित प्रयोग महत्वपूर्ण हुन्छ । परम्परागत कृषि प्रणाली माथिको अत्याधिक निर्भरतालाई कम गर्न कृषिक्षेत्रको व्यवसायिकरणका साथ साथै साना तथा मझौला उद्योगहरुको विकास हुन सकेमा नै गाँउ पालिकाको आर्थिक समृद्धिमा उल्लेख्य सफलता हासिल गर्न सकिन्छ ।

#### २.वर्तमान अवस्था

हाल गाँउपालिकामा केहि सिमित संख्यामा साना तथा मझौला उद्योगहरु संचालनमा छन् । त्यसैगरी केही घर परिवार व्यापार व्यवसायलाई आत्मसात गरेर आर्थिक उपार्जन गरि रहेका छन् ।यस गाँउ पालिका प्राकृतिक स्रोतमा धनी भएता पनि स्रोतहरुका उचित प्रयोग हुन सकेका छैन । गाँउ पालिकामा काइनाइट, स्लेट खानीको सम्भावना अधिक रहेको छ । उचित प्रयोग गर्न सकियो भने प्रसस्त रोजगारीका अवसर सृजना गरी यस क्षेत्रको आर्थिक अवस्था उकास्न सकिन्छ ।

#### ३.चुनौती र अवसर

यस गाँउ पालिकामा थुप्रै संख्यामा खानीको सम्भावना भएता पनि, तिनको उत्खननका लागि धेरै पैसाको आवश्कता पर्दछ । त्यसैगरी उत्पादित बस्तुका लागि उपयुक्त बजारको समेत आवश्कता पर्दछ । तर यस गाँउ पालिका आवश्यकता अनुरुप सडक सञ्जालसंग सम्बन्धित नरहेकाले, उत्पादित बस्तुको बजारका लागि अन्य स्थानसंग प्रतिस्पर्धा गर्नु चुनौती पुर्णछ ।

त्यससंगै देशको राजधानीबाट यस गाँउपालिका पुग्नका लागि लगभग दुई दिनको यात्रा तय गर्नु पर्दछ जसका कारण उत्पादित बस्तुका ढुवानी खर्च बढ्न जान्छ । यस गाँउपालिकामा प्रति वर्ष धेरै मात्रामा पर्यटक भित्रिने गराउन सकेमा जसका कारण उत्पादित बस्तुका बिक्रिका लागि राम्रो बजारको अपेक्षा गर्न सकिन्छ ।

४.सोच

अर्थ तन्त्रमा उद्योग क्षेत्रको योगदानमा वृद्धि गरी आर्थिक रूपान्तरण र सुदृढ अर्थ तन्त्रको निर्माण ।

५.उद्देश्य

६.लक्ष्य/अपेक्षित उपलब्धि

| क.सं. | विवरण | ईकाइ | आधार वर्ष | २०७९/८० को स्थिति | आर्थिक वर्ष २०८३/८४ को लक्ष्य/अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १ | औद्यौगिक क्षेत्रमा संलग्न जनसंङख्या | प्रतिशत | २० | | |
| २ | खानीका संख्या | संख्या | | | बैज्ञानिक जाचँ र उत्खनन् |
| ३ | साना तथा लघु उद्योगका संख्या | संख्या | २० | | |
| ४ | ठूला उद्योगका संख्या | संख्या | ३ | | |

७.रणनीति/कार्यनीति

५.गाँउ पालिकामा स्थानीय स्रोत साधनहरूमा आधारित लघु, घरेलु तथा साना स्तरका उद्योगहरूको प्रवर्द्धन गरिनेछ ।

६.गाँउपालिकामा औद्योगिक विकासका लागि निजी क्षेत्रसँगको सहकार्यमा उद्योग ग्रामहरूको विकास गरिनेछ ।

७.कृषि उपज प्रशोधन उद्योग, कृषि सामग्री उद्योग, उत्पादन मूलक उद्योग र पर्यटन उद्योगको विकास गरी उत्पादन, उत्पादकत्व वृद्धि गरि रोजगार र आयआर्जनलाई प्रोत्साहन गरिनेछ ।

८.गाँउ पालिकामा उद्यमशीलताको विकास र प्रवर्द्धन गर्न प्रोत्साहित गरिनेछ ।

९.स्थानीय परम्परागत ज्ञान तथा प्रविधिको वैज्ञानिक अनुसन्धान अभिलेखन प्रकाशन तथा बौद्धिक सम्पत्ति दर्ता गर्न सहयोग अभिवृद्धि गरिनेछ ।

१०.स्थानीय उत्पादनको बजारीकरणमा सहजीकरण गर्ने र उपभोग्य वस्तुहरूको आपूर्तिलाई सहज तुल्याइने छ ।

११.सेवा सम्बद्ध आय मूलक क्रियाकलापहरू, जस्तैः सञ्चार सेवा, स्वास्थ्य सेवा, परामर्श सेवा होटल व्यवसाय, आदिको विस्तारबाट गाँउ पालिकाको आर्थिक विकासमा थप टेवा पुऱ्याइने छ ।

१२.उद्यमशीलता विस्तार तथा सीप विकासका लागि स्थानीय उत्पादन प्रदर्शनी कक्ष, कोसेली घर, प्रशिक्षण केन्द्रको व्यवस्था गरिने छ ।

१३. गाँउ पालिकाको खानी क्षेत्रहरुको सम्भाव्यता अध्ययन गरी निजी क्षेत्रहरुसँग समन्वय गरी उद्योगको स्थापना गरी रोजगारीको अवसर सृजना गरीने छ ।

१४. साझेदारीमा आधारित ऋण जोखिम बिमा कार्यक्रम, सञ्चालन कार्य विधि निर्माण गरी कार्यान्वयन, अनुगमन र नियमन गरिनेछ ।

१५.पुँजी र लगानीमा नव उद्यमी, युवा उद्यमी, महिला उद्यमी, वैदेशिक रोजगारबाट फर्केका युवाको पहुँच बढाउन सहुलियत ब्याजमा ऋण, एन्जल लगानीकर्तासँगको पहुँच, व्यावसायिक जोखिमको साझेदारी बिमा लगायतका नीतिगत र वित्तीय सेवा सम्बन्धी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१६.गाँउ पालिकाका उद्यमीहरूको प्रविधि स्तरोन्नति, प्रविधि अनुसन्धान, प्रविधि हस्तान्तरण, औद्योगिक बौद्धिक सम्पत्तिको विकास, दर्ता, नियमन कार्यमा सहयोग र सहकार्य अघि बढाउने ।

१७.गाँउ पालिकामा सञ्चालित व्यवसायको नियमन र प्रवर्द्धन गर्नका नुनी व्यवस्था र सूचना प्रविधिमा आधारित दर्ता, नवीकरण, नामसारी, करारोपण, वित्तीय सहयोग प्रणालीको विकास र कार्यान्वयन गरिनेछ ।

१८.लघु,घरेलु तथा साना उद्योगीको पुँजीमा पहुँच बढाउन तथा वित्तीय क्षेत्र तथा एन्जल लगानी कर्ताको लघु, घरेलु तथा साना उद्योगी क्षेत्रमा हुने लगानी जोखिम न्यूनीकरण गर्नू साझेदारीमा आधारित ऋण जोखिम बिमा कार्यक्रम सञ्चालन गरिनेछ ।

## ८. प्रमुख कार्यक्रम

| क्र. सं. | कार्यक्रम | अनुमानित लागत | कैफियत | सहयोगी निकाय |
|---|---|---|---|---|
| १ | प्राकृतिक श्रोत साधनको प्रयोग तथा उत्खनन नीति निर्माण | | | प्रदेश सरकार |
| २ | सामुदायिक बनको काठ ब्यबस्थापन एवं बजारीकरण | | | वनकार्यालय/ सावउमसं |
| ३ | बन पैदावार ब्यबस्थापन नीति निर्माण | | | वनकार्यालय/ सावउमसं |
| ४ | जडीबुटी संकलन तथा निर्यात | | | वनकार्यालय/ सावउमसं |
| ५ | गाउँपालिकाको औद्योगिक नीति निर्माण | | | प्रदेश सरकार |
| ६ | हस्त कलाका समान उत्पादन तथा निर्यात | | | |
| ७ | घरेलु उद्योगको बिकास | | प्रत्यक वर्ष खर्च गर्नुपर्ने | निजिक्षेत्र |
| ८ | लगानी सम्मेलन (हरेक ५बर्षमा) | | प्रत्यक ५वर्षमा खर्च गर्नुपर्ने | संघिय/प्रदेशसरकार |

### ६.५.४ पर्यटन विकास

**१.पृष्ठभूमिः**

आर्थिक विकासको एक महत्वपूर्ण पक्ष सेवा हो जसमा पर्यटन अग्रणी पर्दछ । यस गाँउपालिकाले प्राकृतिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक र पर्या-पर्यटनलाई प्रवर्द्धन गर्दै आयमूलक रोजगारीका अवसरहरू सृजना गर्न सक्दछ ।

२.वर्तमान अवस्थाः

पदमार्ग, साहसिक यात्रा , मन्दिर, गुफा, आदि प्राकृतिक आश्चर्य तथा आकर्षक गन्तव्य पर्यटकिय क्षेत्रको रुपमा रहेको छ । अवसर र चुनौतीःयस गाँउ पालिका पर्यटकिय दृष्टिकोणबाट प्रचुर सम्भावना युक्त रहेको छ । दर्जनौंको संख्यामा रहेका धार्मिक एवं साँस्कृतिक स्थलहरु, पार्क र पिकनिक स्पोटका रुपमा विकास गर्न सकिने खाली क्षेत्रहरु र मनमोहक हिमश्रृखलाको दृष्यावलोकन गर्न मिल्ने स्थानहरुले यस गाँउपालिकालाई पर्यटकिय स्थलको रुपमा विकास गर्न मिल्ने अवसर दिएका छन् । यद्यपि पर्यटकिय स्थलहरुको विकास गर्नका लागि पर्याप्त लगानीको स्रोत नहुनु, आन्तरीक पर्यटको गन्तव्य अनेपेक्षित रुपमा परिवर्तन हुनु र अन्य स्थानमा पनि पर्यटकिय क्षेत्रहरुको तिब्र विकास हुनु यस गाँउपालिकामा पर्यटन विकासका लागि चुनौती हुन् ।

यातायात, सञ्चार, स्वास्थ्य सेवा, बैंक तथा वित्तीय सेवाको उपलब्धता, आतिथ्यता अनुकूलको सामाजिक जीवनले समेत भविष्यमा पर्यटकीय सेवा पूर्वाधारमा थप लगानीको सम्भावनाहरू छन् ।

३.सोच

आर्थिक समृद्धिका लागि पर्यटन विकास ।

४.उद्देश्य

प्राकृतिक, कृषि, धार्मिक र सांस्कृतिक र ऐतिहासिक पर्यटनलाई प्रवर्द्धन गर्दै आन्तरिक व्यवसाय र रोजगारी प्रवर्द्धन गर्नु ।

५.लक्ष्य/अपेक्षित उपलब्धि

यस गाँउपालिकाको पर्यटन गतिविधिमा वृद्धि भई सिराहा जिल्लाको एक प्रमुख पर्यटकिय गन्तव्यको रुपमा विकास हुनेछ । यसका साथै, पर्यटन विकासले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सयौं रोजगारीको अवसर सृजना गर्नेछ ।

| क्र. सं. | विवरण | इकाई | आधार वर्ष | |
|---|---|---|---|---|
| | | | २०७९/८० कोस्थिति | आर्थिक वर्ष २०८३/८४ को |
| १ | पर्यटनमा निर्भर जनसंङख्या | प्रतिशत | ५ | १५ |
| २ | होटल तथा रेष्टुरेण्टका संख्या | संख्या | १० | २० |
| ३ | होमस्टेकासंख्या | संख्या | ५ | ८ |
| ४ | वार्षिक भ्रमण गर्ने बाह्य पर्यटकको संख्या | प्रतिवर्ष | ५०० | १०,००० |
| ५ | वार्षिक भ्रमण गर्ने आन्तरिक पर्यटकको संख्या | प्रतिवर्ष | १०००० | २०,००० |
| ६ | दृश्यावलोकन टावरको संख्या | संख्या | १ | ६ |

**६.रणनीतिः**

१. पर्यटन गुरु योजना निर्माण गरिनेछ ।

२. पर्यटन पूर्वाधार तथा पर्यटकीय उपजहरूको विकास गरी आन्तरिक पर्यटन प्रवर्द्धन गरिनेछ ।

३. यस जिल्लामा आउने ५०५ पर्यटकलाई यस गाँउपालिका भित्र भित्र्याइनेछ ।

४. पर्यटक बसाइ दर न्यूनतम दुई दिन पुऱ्याउने गरी पर्यटकीय उत्पादन बस्तुहरूको विकास गरिनेछ ।

५. गुणस्तरीय पर्यटक भित्र्याउन धार्मिक सांस्कृतिक पर्यटनका साथै एडभेन्चर पर्यटनलाई प्रवर्द्धन गरिनेछ ।

६. स्थानीय जनतालाई पर्यटनको अधिक लाभ पुऱ्याउन होमस्टे, स्थानीय पर्यटकीय महत्वका क्षेत्रको सौन्दर्यीकरण, गाँउ पालिका क्षेत्रको सौन्दर्यीकरण, सरसफाइ, अतिथि सत्कार सम्बन्धी सहभागिता मूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

७. साहसिक पर्यटन विकासका लागि निजी क्षेत्रसँग सहकार्य गरी अगाडी बढीनेछ ।

८. पर्यटकलाई सूचना तथा जानकारी दिनको लागी विभिन्न स्थानमा सूचना केन्द्रहरुको स्थापना गरिनेछ। साथै यस गाँउ पालिकाको वेवसाइटमा पनि पर्यटकिय क्षेत्रहरुको सूचनाको लागि पोर्टल राखिनेछ।

९. कृषि र पर्यटनलाई सँग सँगै अगाडि बढाउनको लागि कृषि अनुसन्धनात्मक पर्यटनको अवधारणा विकास गरिनेछ।

**१०. साहसिक यात्रामा पर्यटक आगमनका लागि प्रोत्साहन गरिनेछ।**

| क.सं. | कार्यक्रम | अनुमानित लागत | कैफियत | सहयोगी निकाय |
|---|---|---|---|---|
| १ | होमस्टे विकास नीति निर्माण | | | प्रदेश सरकार |
| २ | होटल तथा रेस्टुरेन्ट नीति निर्माण | | | प्रदेश सरकार |
| ३ | पर्यटन प्रबर्द्धन एवं सूचना प्रणालीको विकास | | प्रत्यक वर्ष खर्च गर्नुपर्ने | निजिक्षेत्र |
| ४ | पर्यटन ब्यबस्थापन समितिको निर्माण | | | केन्द्रसरकार, प्रदेशसरकार, गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासंग समन्वय |
| ५ | निजि- सरकारी साझेदारीको नीति निर्माण | | | निजिक्षेत्र |
| ६ | कृषि अनुसन्धान एवं शैक्षिक पर्यटनको बिकास | | प्रत्यक वर्ष खर्च गर्नुपर्ने | संघीय सरकार र प्रदेश रकार |

### ६.६ आर्थिक विकासको प्रक्षेपित लगानी

आवधिक योजना अवधिमा आर्थिक क्षेत्रअन्तर्गत कुलरु. ३० करोड २२ लाख २ हजार (कुल प्रक्षेपित व्ययको ११ प्रतिशत) खर्च हुने अनुमान गरिएको छ । जस अन्तर्गत कृषि तथा पशुपालनमा ७ प्रतिशत, उद्योग तथा खानीमा २ प्रतिशत, र पर्यटनमा २ प्रतिशत खर्च हुने अनुमान गरिएको छ । आर्थिक क्षेत्रसम्बद्ध विकासकार्यहरूमा सरकारी क्षेत्रका अलावानिजी क्षेत्र, गैरसरकारी क्षेत्र रसमुदायको लगानी एवं सहभागिता रहने अपेक्षा गरिएको हुँदा यस क्षेत्रमा प्रश्रेपित लगानी भन्दाबढी खर्च हुन सक्ने सम्भावना छ तर कति लागत र कसरी खर्च हुने भन्ने किटान गर्न सकिने अवस्था छैन ।

## भाग-७ सामाजिक विकास

### ७.१ विषय प्रवेश

गाँउपालिकाको समग्र विकासको लागि भौतिक विकास योजनाको साथसाथै सामाजिक विकास योजनाको तर्जुमा एव म्यसको प्रभावकारी कार्यान्वयन गर्न नितान्त आवश्यक हुन्छ । यस्ता योजनाले गाँउपालिका वासीहरूको सामाजिक पक्षमागुणात्मक सुधार गर्नुको साथै नागरीकहरूको आधारभूत आवश्यक्ता पुरा गर्न मद्दत गर्दछ । यस गाँउपालिकाको सामाजिक विकास योजना अन्तर्गत शिक्षा,स्वास्थ्य र लक्षितवर्ग (महिला, वालवालिका, जेष्ठनागरीक, दलित, आदिवासीजनजाति, मुस्लिम वर्ग आदि) सँग सम्वन्धित समस्याहरूको पहिचान गरी यी समस्याहरूलाई सम्वोधन गर्न सामाजिक विकास योजना तर्जुमा गरिएको छ ।

### ७.२ वर्तमान अवस्था

गाँउपालिका क्षेत्रमा शैक्षिक र स्वास्थ्य क्षेत्रको संस्थागत पूर्वाधार विद्यमान रहेता पनि गुणस्तरीय सेवा, सुविधा पहुँच र उपलब्धता मानिकै नै चुनौती बेहोर्नु परि रहेको छ । वडामा अस्पताल भवन, समय समयमा औषधि, कर्मचारी, बर्थिङसेन्टर, दक्षजनशक्ति, यातायात, खानेपानी, शौचालय, बिधुत, डीपफ्रिज लगायतको अभाव रहेको छ । त्यस्तै शिक्षामा विद्यालय शिक्षाबाट उत्तीर्ण जनसंख्या न्यूनहुनु र गुणस्तरीय शिक्षाको अभावमा कम सीपयुक्त बेरोजगार युवा विदेशिनु परिरहेको छ । यसै गरि शिक्षामा पर्याप्त कक्षाकोठा अभाव, खानेपानी अभाव, खेलकुद मैदान अभाव, शिक्षक दरबन्दी अभाव, खानेपानी

अभाव, भवन पर्याप्त नभएको जस्ता समस्या विद्यमान छन्। लैंगिक समानता र सामाजिक समावेशी करणको अवस्था पनि उत्साह जनक देखिएको छैन । यस्तो अवस्थामा सकारात्मक सामाजिक विभेद र प्रयासका माध्यमबाट सामाजिक क्षेत्र अन्तर्गतका विषय क्षेत्रहरूको विकास गर्नमा चुनौती देखिएको छ ।

### ७.३ विषय क्षेत्र गत उद्देश्य

गाँउपालिका वासीको गुास्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य एवं पोषण, स्वच्छ पिउने पानी तथा सरसफाइको सुविधामा पहुँच, खेलकुदको विकास युवा परिचालन एवं प्रवर्द्धनका साथै लैङ्गिक समानता, सामाजिक समावेशीकरण सुनिश्चित गरी गाँउपालिका वासीलाई आधारभूत सामाजिक सेवा, संरक्षण र सुरक्षा उपलब्ध भई सभ्य, शिष्ट एवं सुसंस्कृत समाज निर्माण भएकोहुने ।

### ७.४ सामाजिक विकास क्षेत्रका उपक्षेत्रहरु

सामाजिक विकासक्षेत्र अन्तर्गत निम्न विषयगत उपक्षेत्रहरू समावेश छन् ।

क) शिक्षा

ख) युवातथाखेलकुद

ग) स्वास्थ्यरपोषण

घ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण तथा सामाजिक संरक्षण र सुरक्षा

ङ) परम्परा, धर्म र संस्कृति

च) गरिबी न्यूनीकरण

### ७.४.१ शिक्षाक्षेत्र

#### १. पृष्टभूमि

नेपालको संविधानले शिक्षा सम्बन्धीहकलाई मौलिकहकका रूपमा प्रत्याभूत गरेको छ । राज्यका निर्देशक सिद्धान्तले सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्वमा समावेश गरेको छ । उक्त हक र सिद्धान्तलाई व्यवहारमा उतार्न गाँउपालिकाले आफ्नो शिक्षा नीतितर्जुमा गरी कार्यान्यनमा

ल्याइसकेको छ । यसै सिलसिलामा दिगोविकासका लक्ष्य अनुरूप समावेशी र समन्यायमा आधारित शिक्षा प्रदान गर्न गुणस्तरीय रूपमा शिक्षाक्षेत्रको विकास गरिने लक्ष्य राखिएको छ ।

## २.शैक्षिकस्थिति

२०६८ को जनगणना अनुसार यस गाँउपालिकाको साक्षरता दर ४९.८४ प्रतिशत रहेको छ। करीब ५१ प्रतिशत जनता निरक्षर छन् । यस गाँउपालिकाको लागि राम्रो विषय होइन । तसर्थ यस तर्फ गाँउपालिकाको ध्यान केन्द्रित हुनु जरुरी देखिन्छ। माथिल्लो तह उत्तिर्ण संख्या क्रमशःघट्दै देखिएबाट स्कूल छोड्नेको संख्या उल्लेख्य रहेको अनुमान गर्न सकिन्छ। गाँउपालिकाका प्राय सबै विद्यालयहरु के भौतिक पूर्वाधार कमजोर देखिएकाले यस समस्या समाधानका लागि उचित कार्यक्रम र नितिल्याई भौतिक पूर्वाधार सँगसँगै गुणस्तरको पनि स्तरोन्नति गर्नुपर्ने देखिन्छ।प्रारम्भिक सर्वेक्षणको तथ्यांक हेर्दा आधारभूत शिक्षा लिन वडा नं. १ का विद्यार्थीलाई औसत १७ मिनेट हिँड्नु पर्ने, वडा नं. २ का विद्यार्थीलाई औसत ७ मिनेट हिँड्नु पर्ने, वडा नं. ३ का विद्यार्थीलाई औसत २५ मिनेट हिँड्नुपर्ने, वडा नं. ४ का विद्यार्थीलाई औसत १२ मिनेट हिँड्नु पर्ने र वडा नं. ५ का विद्यार्थीलाई औसत २९ मिनेट हिँड्नु पर्ने देखिन्छ।

त्यसै गरी पुस्तकालय र प्रयोगशाला भएका विद्यालयहरूको संख्या भने निकैकम रहेको छ । जसबाट बालबालिकाले गुणस्तरीय शिक्षा प्राप्तिमा कठिनाइ व्यहोर्नु परेको तथ्यांकले देखाउँछ । विद्यालयको भौतिक पूर्वाधार खासै बालिका, किशोरी र अपागंमैत्री हुन सकेको देखिँदैन।

## ३.अवसर र चुनौती

सबैका लागि आधारभूत शिक्षा अनिवार्य र निःशुल्क रहेकाले सबैले सहजता पूर्वक भर्नाभई आधारभूत शिक्षा प्राप्त गर्ने अवसर रहेको छ तर विगतमा केही वडा मान्यून विद्यार्थी रहेकाले सबै सरोकारवालाले विश्लेषण गरी भर्ना दरलाई अभियानको रूपमा सञ्चालन गरिनुपर्ने अवसर पनि देखिएको छ। एकपटक भर्ना भएका विद्यार्थीलाई निरन्तरता दिनुपर्ने कार्य चुनौती पूर्ण रहेकोले प्रवर्द्धनात्मक कार्यक्रमका माध्यम द्वारा गाँउपालिकाले शत प्रतिशत साक्षरता हासिल गर्ने अवसर पनि रहेको छ । विगतमा विद्यालय

व्यवस्थापन केन्द्र सरकारको जिम्मामा रहेकोले गाँउ पालिकाको निर्णय प्रक्रियामा संलग्नताको कमी रहने गरेको थियो । हाल माध्यमिक शिक्षासम्म गाँउ पालिकाको एकल अधिकार सूचीमा संविधान बाट नै समावेश भएकोले त्यसको स्वामित्व लिई गुणस्तरीय तथा सीप मूलक शिक्षा उपलब्ध गराउने अवसर प्राप्त भएको छ । अब विद्यालयको व्यवस्थापन स्थानीय तहबाट नै हुने हुँदा स्थानीय परिस्थिति अनुसार सञ्चालन र व्यवस्थापन गर्न पाउने पनि अवसर रहेकाछ ।

सबैका लागि गुणस्तरीय शिक्षामा पहुँचबाट बाच्नु चुनौती रहेको छ । साथै, प्रारम्भिक सर्वेक्षणका अनुसार यस गाँउ पालिकाका विद्यार्थीहरु आफ्नो विद्यालय पुग्नका लागि निकै लामो समय पैदल यात्रा गरी समय खेर जाने देखिन्छ । यस चुनौतीसँग जुध्नका लागि यातायात क्षेत्र बलियो बनाई विद्यालयमा निःशुल्क बसोवास सञ्चालनमा ल्याउनु पर्ने अवसर देखिन्छ । माध्यमिक तहमा महिला शिक्षकको कमीले लैङ्गिक मैत्री शिक्षा कायम नभएको देखाउँछ । विद्यार्थी भर्नादर बढाउनु, शिक्षक विद्यार्थी अनुपात मिलाउनु, विद्यालयको भौतिक सुधार गर्नु र नक्सांकनका आधारमा विद्यालयको संख्या कायम गरिनुका साथै विषय शिक्षकको मिलान गर्ने कार्य पनि चुनौतीपूर्ण रहेकोछ । त्यसैगरी खण्डीकृत तथ्यांकको कमीले गर्दा शिक्षकको दर बन्दी समावेशीमूलक भएन भएको पनि अस्पताल, जसको कारण शिक्षाको ( कर्मचारी) विविधता र बहुलतामा कमी रहेको देखिन्छ । यी कारण लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अभ्यास व्यावहारिक रूपमा पूर्ण लागू हुन सकेको छैन । त्यस्तै गाँउ पालिका क्षेत्रमा प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्न विद्यालयको व्यवस्था नभएकोले युवामा सीप र प्रविधि विकास हुन नसकी अदक्ष जनशक्ति बाहिरिनु परिरहेकोछ । पर्याप्त कक्षाकोठा, खानेपानी, खेलकुद मैदान, शिक्षक दरबन्दी, कम्प्युटर प्रयोगशाला, पुस्तकालय, खानेपानी ,भवन लगायतका अभावले शिक्षा क्षेत्रमा चुनौती सृजना गरेको देखिन्छ ।

**४.सोच**

शिक्षामा सबैको पहुच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी, उद्यमी र नव प्रवर्तनशीलमा नव पुँजीको विकासबाट आर्थिक सामाजिक रूपान्तरण ।

५.उद्देश्यहरू

- सबै तहको शिक्षामा गाँउ पालिका वासीको समान पहुँच विस्तार गर्नु,
- सवै तहको शिक्षालाई गुणस्तरीय, सीपमूलक, रोजगारमुखी र समसामयिक बनाउने,
- शैक्षिक पद्धतिलाई सिर्जनात्मक, प्रयोगात्मक, व्यावहारिक, प्रविधिमैत्री र विद्यार्थी मैत्री बनाउने,
- समग्र गाँउ पालिका शिक्षा प्रणालीको दक्षता, प्रभावकारिता, जवाफदेहिता अभिवृद्धि गरी परिणाम र गुणस्तरमा आधारित शिक्षा प्रशासन सञ्चालन गर्ने,

६.लक्ष्य/अपेक्षित उपलब्धि

| क्र.सं. | सूचकहरूको हालको अवस्था | आगामी लक्ष्य |
|---|---|---|
| १ | साक्षरता दर (%) | ९/८४९५४ |
| २ | आधारभूत शिक्षाका लागि औसत यात्रा समय (मिनेटमा) | १० मिनेट |
| ३ | अपांग मैत्री विद्यालय संख्या | सबै विद्यालय |
| ४ | प्राविधिक विद्यालय संख्या | ०२ |
| ५ | पुस्तकालय सुविधा भएका विद्यालयहरु | १००५ |
| ६ | आइ सिटी सुविधा भएका विद्यालयहरु | ५० % |
| ७ | इन्टरनेट सुविधा भएका विद्यालयहरु | १०० % |
| ८ | शिक्षक हाजिरी विद्युतिय उपकरण | सबै विद्यालयमा |
| ९ | पाठयोजना निर्माण र कार्यान्वयनको अवस्था | सबै |
| १० | शिक्षक तथा सरोकारवालाहरुको क्षमता विकास तालिम | ८० जना |

७.रणनीतिहरू

१. गाँउपालिका क्षेत्रमा निःशुल्क तथा अनिवार्य आधारभूत तथा निःशुल्क गुणस्तरीय माध्यमिक शिक्षामा बालबालिकाहरूको समतामूलक र सहजपहुँच तथा निरन्तरता सुनिश्चित गरिनेछ,

२. शिक्षामा सबैको समतामूलक र सहज पहुँच सुनिश्चित गरिनेछ।

३. गुणस्तरीयप्राविधिकतथाव्यावसायिकसीपमूलकशिक्षामालगानीरपहुँचविस्तारगरिनेछ।

४.फरक क्षमता भएका व्यक्तिहरूको लागि आवश्यकता र क्षमताका आधारमा सहज, निःशुल्क पहुँच सुनिश्चित गरी सीपमूलक शिक्षा र रोजगारीका अवसरसँग आबद्ध गरिनेछ ।

५. विद्यार्थीहरूको संख्याको आधारमा प्रविधिमैत्री, बालबालिकामैत्री, अपाङ्गमैत्रीकक्षाकोठा, पुस्तकालय, तथा प्रयोग शाला निर्माण, विकास र स्तरोन्नति गरिनेछ ।

६. शिक्षा प्रशासनमा निरन्त र सुधारका साथै व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी शैक्षिक पद्धतिमा नवप्रवर्तन (लक्ष्य Goal) र सुशासनलाई उत्प्रेरित र संस्थागत गरिनेछ ।

७. शिक्षा प्रशासनमा प्रभावकारिता ल्याउन राष्ट्रिय र स्थानीय नीति र मानकका आधारमा विद्यालय संख्या, शिक्षक विद्यार्थी अनुपात, शिक्षक दरबन्दी मिलान गरिनेछ ।

८.अनौपचारिक तथा शिक्षाका माध्यमबाट जीवनपयोगी व्यावसायिक सीप उपलब्ध गराउने अवसर जुटाई रोजगारी सिर्जना गरिनेछ ।

९. जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ती एवं पुरस्कार सहित सम्मान गरी विद्यार्थीको हौसला बढाउने र जनतालाई शिक्षा तर्फ आकर्षित बनाउने कार्यक्रमहरु ल्याइनेछ ।

१०.लक्षित समूहका विद्यार्थीहरूलाई छात्रवृत्ति लगायत प्रोत्साहन मूलक कार्यक्रम सञ्चालन गरिनेछ र उनीहरूको शैक्षिक क्षमतालाई उजागर र सहयोग गर्न अतिरिक्त कक्षाहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

११.अनौपचारिक शिक्षा मार्फत साक्षरता, साक्षरोत्तर शिक्षा तथा व्यावसायिक सीप उपलब्ध गराइनेछ साथै अनौपचारिक शिक्षालाई औपचारिक शिक्षासँग सम्बन्ध स्थापित गरिनेछ ।

१२.विद्यालय-विद्यालय बीच सहभागितात्मक निरीक्षण र सिकाइ (Horizanaltlearning) प्रणालीको आदानप्रदान, प्रतिस्पर्धात्मक वातावरण र सिकाइको व्यवस्था गरिनेछ ।

१३.संस्थागत विद्यालयको शुल्क र सुविधा सम्बन्धीमा पदण्ड बनाई लागू गरिनेछ ।

१४.विद्यार्थीको सिकाइ उपलब्धिका आधारमा शिक्षकहरूको मूल्यांकन, पुरस्कार र दण्ड व्यवस्था कार्यान्वयन गरिनेछ ।

१५.विद्यार्थी संख्याको अनुपातमा शिक्षकहरूको दरबन्दी मिलान गरिनेछ। यसरी मिलान गर्दा विषयगत र महिला शिक्षक कम भएका विद्यालयमा विषय तर महिला शिक्षकको उपलब्धतालाई सुनिश्चित गरिनेछ।

१६.तोकिएको जिम्मेवारी गुणस्तरयुक्त बनाउन विद्यालय प्रशासनको कार्य सम्पादनलाई प्रोत्साहित गरिनेछ।

१७.शिक्षक तथा सरोकारवालाहरुको क्षमता विकास गरिनेछ।

१८.प्रत्येक बिद्यालयका प्रधान अध्यापकसंग निर्दिष्ट सूचकका आधारमा कार्य सम्पादन सम्झौता गरिनेछ।

१९.प्रत्येक विद्यालयका बिषय शिक्षकलाई निर्दिष्ट सूचकका आधारमा विद्यालयसँग कार्य सम्पादन सम्झौता गर्ने ब्यबस्था मिलाइनेछ।

२०.पर्याप्त कक्षाकोठा, खानेपानी, खेलकुद मैदान, शौचालय, पुस्तकालय, खानेपानी, भवन लगायतका अभाव जस्ता समस्याको समाधानमा जोडदिइनेछ।

२१.शिक्षक दरबन्दीको व्यवस्था, कम्प्युटर प्रयोगशाला स्थापना, पुस्तकालय ब्यबस्थापन गरिनेछ।

**८.मुख्य कार्यक्रमहरू:**

| क.सं. | कार्यक्रम | अनुमानित लागत | कैफियत | सहयोगी निकाय |
|---|---|---|---|---|
| १ | प्रौढ शिक्षा | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | प्रदेशसरकार/गै.स.स |
| २ | आर्थिक रुपले कमजोर विद्यार्थीहरुको लागि सहयोग | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | निजिक्षेत्र |
| ३ | प्राथमिक र माध्यामिक स्थरमा सर्बउत्कृष्ट विद्यार्थीलाई सम्मान तथा पुरस्कार वितरण | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | निजिक्षेत्र |
| ४ | विद्यालय प्रशासन अनुमगन एवं मूल्यांकन | | प्रत्येक वर्ष खर्च गर्नुपन | |

| क.सं. | योजना | अनुमानित बाजेट | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | श्रीकेदारेस्वर मा.बि रंतोला भौतिक सामाग्री ब्यबस्थापन र शिक्षक दरबन्दी | | शि. वि.,गै.स.स, निजिक्षेत्र | |
| २ | श्री आधारभुत बिद्यालय मान्नाकापडी शैक्षिक सामाग्री खरीद | | शि. वि.,गै.स.स, निजिक्षेत्र | |
| ३ | श्री शिशु दर्पण आ.बि बराऊ भौतिक सामाग्री ब्यबस्थापन र शिक्षक दरबन्दी | | शि. वि.,गै.स.स, निजिक्षेत्र | |
| ४ | श्री बग्र आ.बि .बगडा भौतिक सामाग्री सहित शिक्षक पदपुर्ति | | शि. वि.,गै.स.स, निजिक्षेत्र | |
| ५ | श्री आधारभुत बिद्यालय अलाडी कक्षाकोठा निमार्ण | | शि. वि.,गै.स.स, निजिक्षेत्र | |
| ६ | श्री बिष्णुमा.बि., मुलेचौर शौचालय तथा कक्षाकोठा ब्यबस्थापन र शिक्षक दरबन्दी | | शि. वि.,गै.स.स, निजिक्षेत्र | |
| ७ | श्री आधारभुत बिद्यालय रिसेड़ी शिक्षक दरबन्धी ब्यबस्थापन र घेराबार | | शि. वि.,गै.स.स, निजिक्षेत्र | |
| ८ | श्री जनता मा.बिद्यालय भित्रि खोला शिक्षक दरबन्धी ब्यबस्थापन | | शि. वि.,गै.स.स, निजिक्षेत्र | |
| ९ | श्रीजनता मा.बिद्यालय सडेखान भौतिक सामाग्री ब्यबस्थापन र शिक्षक दरबन्दी | | शि. वि.,गै.स.स, निजिक्षेत्र | |
| १० | श्री माध्यामिक बिद्यालयमा कक्षाकोठा तथा शौचालय निमार्ण र शिक्षक दरबन्धी ब्यबस्थापन | | शि. वि.,गै.स.स, निजिक्षेत्र | |
| ११ | श्री आधारभुत बिद्यालय धारापानी कक्षाकोठा | | शि. वि.,गै.स.स, | |

| | | | | |
|---|---|---|---|---|
| | निमार्ण | | निजिक्षेत्र | |
| १२ | श्री आधारभुत बिद्यालय ओखलढुङ्गा भैतिक सामाग्री सहित कक्षा कोठा निमार्ण | | शि. वि.,गै.स.स, निजिक्षेत्र | |
| १३ | श्री चोडेल आ.बि चापाकोट भैतिक सामाग्री सहित कक्षाकोठा निमार्ण | | शि. वि.,गै.स.स, निजिक्षेत्र | |
| १४ | श्रीसुन्पाल आ.बि कम्पाउण्ड वाल निमार्ण, भैतिक सामाग्री र शिक्षक ब्यबस्थापन | | शि. वि.,गै.स.स, निजिक्षेत्र | |
| १५ | सबै बिद्यालयमा विधुतीय हाजिरीको व्यवस्था | | गै.स.स | |
| १६ | स्थानीयभाषा, संस्कृति र परम्परामा आधारित पाठ्यक्रमको विकास | | शि. वि.,गै.स.स. | |
| १७ | बिद्यालयहरुको स्तरउन्नति | | शि. वि.,गै.स.स. | |
| १८ | शिक्षकको क्षमता विकास | | शि. वि.,गै.स.स. | |
| १९ | पुर्व प्रथामिक विधार्थीका लागि खेलौना तथा खाजा | | शि. वि.,गै.स.स. | |

### ७.४.२ युवा तथा खेलकुद क्षेत्र

**१. विषय प्रवेश**

२०७८ सालको तथ्याङ्क अनुसार नेपालमा १६ देखि ४० वर्षसम्मको उमेर समूहका युवाहरूको यस गाँउपालिकामा राष्ट्रिय औसत अनुसार नै रहेको छ । यस गाँउ पालिकामा फुटबल, ब्याडमिन्टन, एथ्लेटिक्स, भलीबल लगायतका खेलकुदहरू सञ्चालन भइ रहेका छन् ।

## २. वर्तमान अवस्था

यस गाँउपालिकाका युवाहरूको ठूलो संख्या वैदेशिक रोजगारी, आन्तरिक आप्रवासन, कृषि कर्ममा व्यस्त वा बेरोजगार छन् । अदक्ष युवाहरू सीपयुक्त शिक्षा प्राप्तिको अवसरको अभावमा न्यून ज्यालादर तथा सम्मानजनक रोजगारीको अवसरबाट वञ्चितीमा परीविदेशिनु पर्ने अवस्था सिर्जना भएको छ । उद्यमशीलता र सीपको कमीले युवाहरूको उत्पादकत्व अपेक्षा कृतन्यून रहेको छ । युवा जनसांख्यि कलाभको पर्याप्त सदुपयोग हुनसके युवालाई स्वदेशमा नै रोजगारी उपलब्ध गराउन सकेमा गाँउपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासमा योगदान पुग्न गई जीवनस्तरमा पर्याप्त सुधार आउन सक्ने देखिन्छ ।

## ३.अवसर र चुनौतीः

गाँउपालिकामा विद्यमान युवाजन संख्याको बाहुल्यतालाई उत्पादनशील एवं सृजनशील कार्यमा लगाउन सके गाँउपालिकाको सम्पूर्ण विकासमा सहयोग पुग्न सक्दछ । गाँउपालिकाले युवा बाहुल्यताको वर्तमान जनसांख्यिक लालाई गाँउपालिका क्षेत्रविकासमा क्रियाशील गराउन नीति प्रतिपादन गरी तह अनुसार विभिन्न क्रियाकलापहरूमा संलग्न गराउन सक्ने अवसर सृजना भएको छ । यसबाट कृषि, गैरकृषि तथा सेवाक्षेत्रको उत्पादन शीलकार्यमा युवाको संलग्नता वृद्धि गराउन सकिन्छ । युवाहरूलाई तिनको क्षमता र उत्कृष्टताका आधारमा साहित्य, कला, खेलकुद, स्वयंसेवी कार्यमा संलग्न गराई प्रतिभाको विकास तथा सृजनात्मक कार्यमा परिचालन गर्दै दुर्व्यसन तर्फ जानबाट रोक्नसकिने अवसर समेत रहेको छ ।
यसै गरी गाँउपालिका भित्र व्यावसायिक सीप तथा उद्यमशीलताको विकास तथा श्रमलाई सम्मान गर्ने वातावरणको विकास गरी वैदेशिक रोजगार तर्फको आकर्षण घटाउन सकिने अवसर समेत रहेको छ । वैदेशिक रोजगारबाट फर्केका युवाहरूले हासिल गरेको ज्ञान, सीप र पुँजीको स्थानीयस्तरमा उपयोग गर्दै रोजगार तथा स्वरोजगार प्रवर्द्धन गर्ने अवसर पनि विद्यमान रहेकोछ । कुल जनसंख्याको लगभग ४० प्रतिशत रहेका युवाहरूलाई राज्यको फितलो नीति तथा कार्यान्वयनका कारण (विरोध नगन) उनीहरूको ऊर्जा,सीप तथा सृजनालाई राष्ट्र विकासको काममा उपयोग गर्न सकिएको छैन, युवामा लगानीको कमी, प्राविधिक तथा सीपमूलक शिक्षाको व्यवसायीकरण हुन नसक्नु, देशभित्र कृषि पेशाालाई मर्यादित बनाई युवाहरूलाई यस पेसाप्रति आकर्षित गराउन नसकिनु, तुलनात्मक लाभ र रोजगारका

प्रमुख क्षेत्रको रूपमा देखिएका पर्यटन र औद्योगिक क्षेत्रमा आवश्यक सीप, दक्षता र उद्यमशीलताको अभाव हुनु, राष्ट्रिय युवानीति, स्वरोजगार नीतिको कमजोर कार्यान्वयन, रोजगारीको अभावमा बर्सेनि लाखौंको संख्यामा युवाहरू न्यून ज्यालायुक्त अदक्ष तथा जोखिमपूर्ण श्रम बजारमा निर्यात हुनु, राष्ट्रिय स्तरमा युवाको नेतृत्वदायी विकास हुन नसक्नु र युवाको समग्र विकासमा चुनौतीको रूपमा देखापरेकाछन जसको प्रभाव यस गाँउपालिकामा पनि प्रत्यक्ष देखिन्छ ।

**४.सोच**

विकासमा युवा सहभागिताबाट समृद्ध गाँउपालिका निर्माण र खेलकुदका माध्यमबाट गाँउपालिका एकताको सुदृढीकरण एवं राष्ट्रिय क्षेत्रमा गाँउ पालिका सम्मान अभिवृद्धि ।

**५.उद्देश्यहरू**

- शिक्षित, सभ्य सुसंस्कृत र अनुशासित युवाशक्तिको परिचालनबाट राष्ट्रिय विकासमा योगदान पुर्याउनु ।
- किशोर किशोरी तथा युवाहरूलाई खेलकुदको माध्यमबाट उनीहरूमा भएका विशिष्ट क्षमताको प्रस्फुटन, स्वस्थ जीवनशैलीको अभ्यासको विकास, सामाजिक सद्भाव, गाँउ पालिकाको प्रतिष्ठा र पहिचानमा वृद्धि भएको हुनु ।
- युवा उद्यमशीलता, युवा स्वरोजगार, युवा सृजनशीलतालाई प्रवर्द्धन गरी आर्थिक समृद्धि, प्रविधि आविष्का र गरी गाँउ पालिकाको पहिचान विस्तार गर्नु ।

**६.लक्ष्य/अपेक्षितउपलब्धि**

| क्र.सं. | विवरण | इकाई | आधार वर्ष २०७९/८०को स्थिति | आर्थिक वर्ष २०८३/४ को लक्ष्य/अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | विकासका लागि युवा स्वयं सेवक | संख्या | ० | १०० |

| | | | | |
|---|---|---|---|---|
| २ | स्वरोजगार युवा | संख्या | ८० | |
| ३ | युवाद्वारा सिर्जित रोजगारका अवसर | संख्या | १०० | |
| ४ | युवाद्वारा सिर्जित रोजगारका अवसर | संख्या | १ | १ |
| ५ | आवश्यक सुविधा सहितको खेलमैदान | संख्या | ० | १ |
| ६ | खेलाडिहरुलाई व्यावसायिक तालिम | संख्या | ५० | |

७.रणनीतिहरू

१."युवासँग स्थानीय सरकार विशेष कार्यक्रम" सञ्चालन गरी उनीहरूको सीप, ज्ञान र क्षमतालाई प्रयोग गर्दे स्थानीय सरकारको कार्य दक्षताको अभिवृद्धि गर्न प्रयोग गरिनेछ,

२. युवा जगतलाई उनीहरूको चाहना अनुसार साहित्य, कला, संगीतको सृजना र मौलिक संस्कृतिको जगेर्नामा प्रोत्साहित गरिनेछ,

३. व्यावसायिक सीप तथा उद्यमशीलताको विकास तथा श्रमलाई सम्मान गर्ने वातावरणको विकासका साथै वैदेशिक रोजगार तर्फको आकर्षण घटाउने गरी युवा उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ,

४. युवालाई सहजकर्ता र व्यवसाय गर्ने  अवसर सृजनाबाट स्वरोजगार प्रवर्द्धन गरी स्वावलम्बी, सम्मानजनक एवं उत्पादन मूलक बनाइनेछ,

५. कृषिलाई मर्यादित पेसाको रूपमा स्थापित गराई युवालाई व्यावसायिक कृषि कार्यमा संलग्न हुन उत्प्रेरणा प्रदान  गरिनुका साथै वित्तीय संस्थाहरूको कृषि कार्य लगानी तथा सहुलियत पूर्ण कर्जामा आबद्ध हुन सहयोग गरिनेछ,

६. वैदेशिक रोजगारमा जाने तथा फर्केका युवा लक्षित कार्यक्रम सञ्चालन गरिने छन्,

७. आवश्यक विषय जस्तै जीवन उपयोगी परामर्श गर्ने, लागू औषधको प्रयोगकर्ता वा मानो समाजिक परामर्श विशेषज्ञहरू द्वारा दिने व्यवस्था गरिनेछ,

८. प्रत्येक वडामा कम्तीमा एक व्यवस्थित खेलमैदान निर्माण र स्तरोन्नतिबाट खेलकुद विकासको वातावरण सृजना गरिनेछ,

९. विद्यालय शिक्षासँग खेलकुद आबद्ध गराई गाँउपालिका स्तरीय, खेलकुद कार्यक्रम कम्तीमा वार्षिक १ पटक आयोजना गरिनेछ,

१०.युवा तथा किशोरकिशोरीको बौद्धिक क्षमता विकास, सामाजिक सीपको अभ्यास तथा नेतृत्व कलाको विकास एवं प्रवर्द्धन गरी उनीहरूलाई नवीनतम र सृजनशील बनाइनेछ ।

११युवाहरूलाई सामाजिक र आर्थिक विकासमा आबद्ध गराउन सीप मूलक, स्वरोजगार उन्मुख विभिन्न खेलकुद कार्यक्रमहरू आयोज नागरिनेछ,

१२.सभ्य, सुसंस्कृत र अनुशासित युवा शक्ति उत्पादन र विकासका लागि परिवार र विद्यालयमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ र विद्यालयमा सकारात्मक सोचको विकासका लागि प्रवचन तथा नैतिक शिक्षा कक्षा सञ्चालन गरिनेछ ।

१३. गाँउपालिका स्तरीय रंगशाला निर्माण गरिनेछ ।

१४. शाहसिक खेलकुदको विकासका लागि आवस्यक प्रशिक्षणको ब्यबस्था गरिनेछ यसका साथै “स्वस्थ जीवनका लागि योग“ भन्ने नाराका साथ योगा प्रशिक्षण प्रदान गरिनेछ ।

### ८.प्रमुख कार्यक्रम

| क्र. सं. | कार्यक्रम | अनुमानित लागत | कैफियत | सहयोगी निकाय |
|---|---|---|---|---|
| १ | युवा स्वरोजगार कार्यक्रम | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | संघिय/प्रदेशसरकार |
| २ | वैदेशिक रोजगारिमा जानेहरुको लागि सिप विकास तथा मनोवैज्ञानिक तालिम/प्रशिक्षण | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | निजिक्षेत्र |

| | | | | |
|---|---|---|---|---|
| ३ | गाउँ पलिकालाई प्रतिनिधित्व गरि बिबिध खेलकुदमा सहभागी हुनको लागि अनुदान | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | निजिक्षेत्र |
| ४ | खेलकुद बिकासको लागि प्रशिक्षकको ब्यबस्था | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | निजिक्षेत्र |
| ५ | स्वस्थ जीवनको लागि योगा प्रशिक्षणको ब्यबस्था | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | गै.सं.स. |
| ६ | साहसिक खेलकुदको प्रशिक्षण | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | निजिक्षेत्र |

| क.सं. | योजना | अनुमानिट बजेट | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | खेलमैदानको निर्माण (हरेक वडामा) | | संघिय/प्रदेशसरकार | |
| २ | खेल महोत्सवको आयोजना | | निजिक्षेत्र | |
| ३ | हरेक बिद्यालयमा खेलमैदानको निर्माण र खेल सामग्रीको व्यवस्था | | संघिय/प्रदेश सरकार,गै.स.स | |
| ४ | गा.पा. स्तरको रंग शाला निर्माण | | संघिय,प्रदेश, सरका/निजिक्षेत्र | |

### ७.४.३ स्वास्थ्य, जनसंख्या तथा पोषण

#### १. विषय प्रवेश

संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवं स्वास्थ्य सेवामा समान पहुँचको विषयलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवं गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ जीवन प्रत्याभूत गरी दिगोविकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधानबाटै निर्दोशति छ। विगतमा स्वास्थ्य क्षेत्रमा देखिएको दक्ष प्राविधिक जनशक्तिको कमीलाई व्यवस्थापन गरी आधारभूत स्वास्थ्य सेवा र सुविधामा पहुँच बढाइनेछ। वडा स्तरमा रहेका स्वास्थ्य चौकीहरूबाट रोग लाग्न नदिने गरी प्रर्वद्धनात्मक तथा सचेतना मूलक कार्यक्रम सञ्चालन गरिनुका

साथै गाँउपालिका अवस्थित अस्पतालबाट उपचारात्मक सेवा सहज उपलब्ध गराइने व्यवस्था मिलाइने छ ।

## २.वर्तमान अवस्था

स्वास्थ्य संस्थाहरु उचित भवन र स्वास्थ्यकर्मीका अभावका कारण अपेक्षित सेवा प्रवाह गर्न सकिरहेका छैनन् । त्यसैगरी, उपकरणहरुका अभावमा जटिल प्रकारका विरामीहरुलाई जिल्ला सदरमुकाम वा अन्य जिल्लासम्म पनि पुऱ्याउनु पर्ने वाध्यता रहेकोछ ।

प्रारम्भिक सर्वेक्षणको तथ्यांक हेर्दा प्राथामिक स्वास्थ्य सेवा लिन वडा नं. १ का नागरिकलाई औसत २८मिनेट हिँड्नु पर्ने, वडा नं. २ का नागरिकलाई औसत २० मिनेट हिँड्नुपर्ने, वडा नं. ३ का नागरिकलाई औसत ३० मिनेट हिँड्नुपर्ने, वडा नं. ४का नागरिकलाई औसत १९ मिनेट हिँड्नु पर्ने र वडा नं. ५का नागरिकलाई औसत २८ मिनेट हिँड्नु पर्ने देखिन्छ ।

त्यस्तै गरि केहि बस्तिबाट स्वास्थ्य सेवा लिनका लागि करिव १ घण्टाको यात्रा तय गर्नुपर्ने अवस्था रहेको छ । यस तथ्यांकबाट गाँपलिकाका नागरिकको आधारभूत सेवा सुबिधासम्म पहुचं नाजुक रहेको र गाँउपालिकाले यस तर्फ ध्यान केन्द्रित गर्नु पर्ने देखिन्छ ।

| वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ |
|---|---|---|---|---|
| २५ | २० | १५ | १० | ५० |

## ३.अवसर र चुनौतीः

गाँउ पालिकामा कुनै पनि अस्पताल नहुनुलाई निकै ठूलो चुनौतीका रुपमा हेर्न सकिन्छ । स्वास्थ्य संस्थामा पनि आवश्यक पूर्वाधार एवं जनशक्ति नहुनाले अवस्था झनै नाजुक रहेको प्रष्ट बनाउँछ । यस विषयलाई मध्यनजर गर्दै गाँउ पालिकामा नयाँ अस्पतालको निर्माण गर्नुपर्ने, बर्थिङ्ग सेन्टरको निर्माण गर्नुपर्ने तथा सबै स्वास्थ्य संस्थाहरुको स्तरोन्नति गर्नुपर्ने जस्ता अवसरहरु रहेका छन् । संवैधानिक प्रतिबद्धता अनुरूप स्थानीय सरकार सञ्चालन ऐनबाट नागरिकको आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि गरिएका व्यवस्था र प्रावधानको कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहमा रहेकोछ । गाँउपालिकाले यस अनुरूप नागरिकलाई प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउने प्रतिबद्धता जाहेर

गरेकोले स्थानीय तहलाई विगतका कमी कमजोरी सम्बोधन गर्ने उचित अवसर समेत प्राप्त भएकोछ । गाँउ पालिकाले आफ्नो अनुकूलका आवश्यक नीति, कानुनी व्यवस्था, योजना तर्जुमा गर्ने अधिकार र जिम्मेवारीका संस्थागत व्यवस्था समेत गर्ने थप अवसर प्राप्त भएको छ । प्राविधिक जनशक्ति, औषधी एवं उपकरण खरिद तथा आपूर्तिमा केन्द्रको मुखताकि रहनु पर्ने अवस्था हटेकाले स्थान विशेषको आवश्यकता बमोजिम गुणस्तरीय स्वास्थ सेवा प्राप्त गर्न नागरिकलाई सहज हुने अवसर रहेकोछ । संविधानले व्यवस्था गरेको आधारभूत स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच बढाउन स्वास्थचौकीहरूमा उपयुक्त तालिम प्राप्त दक्ष जनशक्तिको कमी देखिएको छ । यसैगरी निःशुल्क औषधी पर्याप्तमात्रामा वितरण हुन नसक्नु, स्वास्थ्यचौकीमा शैया नरहनु, अधिकांश महिलाले घरमा नै बच्चा जन्माउने अवस्था रहनु लगायतका कारणले गर्दा सुरक्षित मातृ सेवाको उपलब्धतामा  चुनौती देखिएको छ । त्यसैगरी डाक्टरको असुविधा, अपर्याप्त नर्स, औषधिको अभाव जस्ता समस्याहरुले चुनौती थपेका छन् । भवन, यातायात, खानेपानी, शौचालय, बिधुत, डीपफ्रिज लगायतका सुविधाका अभाव पुर्ति गर्नुपर्ने चुनौती रहेका छन् ।

पहिचान गरिएका रोगको प्रतिकारात्मक र उपचारात्मक सेवालाई प्रभावकारी बनाउनु, स्वास्थ्य सेवा प्रवाहको नियमित नियमन र अनुगमन गर्न संस्थागत व्यवस्था गर्नु, स्वास्थ्य संरचनाहरूको भौतिक पूर्वाधार निर्माण र स्तरोन्नति गर्नु, चाहिने न्यूनतम उपकरण, सबै स्वास्थ्य चौकी लगायत अस्पतालमा उपलब्ध गराई स्वास्थ्य सेवा सुनिश्चित र प्रभावकारी बनाउने कार्य चुनौतीपूर्ण रहेकोछ । जिल्लामा न्यूनतम स्वास्थ्य सेवाको उपलब्धताको कमीले नागरिक लेहेलिकप्टरको प्रयोग गरी काठमाडौं पठाउनु पर्ने भएबाट स्वास्थ्य सेवा निकै खर्चिलो र जोखिमपूर्ण हुन गएकोछ । पर्याप्त एम्बुलेन्स सेवाको व्यवस्था, सबै वडा सडक सञ्जालबाट जोडिन नसकेकाले तत्काल आकस्मिक सेवा उपलब्ध गराउने कार्य पनि चुनौतीपूर्ण रहेकोछ । यस अलावा स्वास्थ्य सेवालाई सुलभ, सहज र कम लागतको बनाई नागरिकको स्वास्थ्यमा व्यक्तिगत खर्च घटाउनुपर्ने पनि चुनौती रहेकोछ ।

४.सोच गुणस्तरीय स्वास्थ्य सेवामा सबै गाँउपालिका वासीको पहुँच मार्फत स्वस्थ र सबल नागरिक विकास ।

५.उद्देश्य

- आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा र बहुक्षेत्रीय पोषण कार्यक्रमबाट सबै नागरिकको सुस्वास्थ्य अभिवृद्धि तथा जोखिम न्यूनीकरण गर्ने ।
- स्वस्थ जनशक्ति तयार गर्नु, रोगप्रतिरोधात्मक क्षमता बढाउनु तथा गुणस्तरीय र पोषण युक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।

६.लक्ष्य/अपेक्षित उपलब्धि

| क्र.सं. | विवरण आधार वर्ष २०७९/८० को स्थिति | आर्थिक वर्ष २०८३/८४ को लक्ष्य/अपेक्षित उपलब्धि | |
|---|---|---|---|
| १ | अस्पताल संख्या | १ | |
| २ | स्वास्थ्यचौकि | ८ | |
| ३ | एम्बुलेन्स सेवा | ३ | |

७.रणनीति

१. स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधारको निर्माण, स्तरोन्नति र उपकरणहरूको जडान तथा दक्ष जनशक्तिबाट आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवर्द्धन गर्ने ।

२. प्रत्येक वडामा बर्थिङ सेन्टर, स्वास्थ्यचौकी, तिनलाई आवश्यक पक्कि भवन, अन्य पूर्वाधार, उपकरण, ल्याब विस्तार,स्ट्रेचर, एक्सरे सेवाको सुरुवात र जनशक्तिको व्यवस्था गरिनेछ ।

३. स्वास्थचौकीलाई बर्थिंग सेन्टरको रुपमा विकास गर्दै लगिनेछ र गाँउघरक्लिनिकलाई संस्थागत विकास गर्दै लैजाने

४. गाँउ पालिकामा कम्तीमा १५शैयाको आधारभूत अस्पताल, शल्यचिकित्सा सेवा, विशेषज्ञ सेवा स्थापना लगिनेछ ।

५. रोग निदानका लागि अस्पताल र स्वास्थ्यचौकीमा मापदण्ड अनुसारका न्यूनतम उपकरणहरू (एक्सरे, भिडियो एक्सरे, प्रयोगशाला आदि) उपलब्ध गराइनेछ ।

६. निःशुल्क आधारभूत स्वास्थ्य सेवामा पहुँच विस्तार र गुणस्तर वृद्धि गरिनेछ ।

७. स्वास्थ्य संस्थाहरूबाट निःशुल्क उपलब्ध गराउने सबै प्रकारका औषधि तथा सेवालाई नियमित तथा सुनिश्चित गराइनेछ र औषधि उपलब्धताको संस्थागत रूपमा अनुगमनको व्यवस्था गरिनेछ ।

८. निःशुल्क र सुरक्षित प्रसूति सेवा विस्तार गरी प्रसूति अघि र पछि स्वास्थ्य सेवा लिन प्रोत्साहन गरिनेछ ।

९. बालबालिकाहरूको स्वास्थ्य, खोपहरूको उपयोग, पोषण स्थितिमा सुधार गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०.गाँउ पालिकावासीलाई गुणस्तरीय विशेषज्ञ सेवा प्रदान गर्न मोबाइल क्याम्प, आउटरिच क्लिनिक, टेलिमेडिसिन जस्ता सेवाहरू प्रदानग रिनेछन् ।

११.स्वास्थ्य सेवालाई स्तरीय र सर्वसुलभ बनाउन नर्सिङहोम, निजी तथा सामुदायिक अस्पताल सञ्चालन र अनुगमन सम्बन्धी कानुन र मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१२.स्वास्थ्य स्वयंसेवीका, प्राविधिक, नर्स, डाक्टर र विशेषज्ञ डाक्टरको सेवा आपूर्ति, क्षमता विकास, प्रोत्साहन व्यवस्था गरी प्रभावकारी जनशक्ति व्यवस्थापन गरिनेछ ।

१३.गुणस्तरीय प्रयोगशाला, ब्लड बैंक, औषधि गुणस्तर परीक्षण सेवा, स्वास्थ्य बिमा सेवा, आपतकालीन सेवा जस्ता संयन्त्र र सेवालाई संस्थागत गरिनेछ ।

१४.आधारभूत औषधिको आपूर्तिमा सुनिश्चितता, निरन्तरता, गुणस्तरीयता र सार्वजनिक निजी सहकार्य अभिवृद्धि गरिनेछ ।

१५.गम्भीर प्रकृतिका नसर्ने रोग लागेका वा गरिबी परिचय पत्र बाहक र अन्य लक्षित वर्गलाई स्वास्थ्य सेवामा विशेष सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

१६.बालविवाहलाई दुरुत्साहित गर्ने, जन्मान्तर बढाउने, परिवारनियोजन सेवालाई भरपर्दो बनाउन र मातृशिशुकल्याण सम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाउन सचेतना मूलक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

१७.बालविवाह, असुरक्षित यौन सम्बन्ध तथा गर्भधारणलाई रोक्न अभिभावकीय शिक्षा (Earlyparenting)व्यवस्था गर्ने ।

१८. तरकारी, दुध, अण्डा, मासु तथा फलफूलका साथै पोषक खाद्यान्नको उपभोग बढाउन र त्यसबाट प्राप्त हुने पोषक तत्वबारे कृषि प्रसार कार्यक्रमबाट समेत प्रवर्द्धन गरी तदनुसार उत्पादन र प्रयोग बढाई बहुक्षेत्रीय पोषण कार्यक्रमलाई समन्वयात्मक रूपमा सञ्चालन गरिनेछ ।

१९. पोषण लक्षित र पोषण संवेदनशील कार्यक्रमहरूलाई लक्षित घरपरिवार बस्ती वा टोल स्तरमा आवश्यकताको आधारमा समन्वय, सञ्चालन र विस्तार गरिनेछ । गाँउपालिकाको मुख्य अस्पतालमा पोषण पुनःस्थापना केन्द्रस्थापना गरी सेवा प्रवाह गरिनेछ ।

२०.यौनिक एवं प्रजनन स्वास्थ्य, एच.आई.भी.एड्स, धूमपान, मद्यपान, मानसिक स्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक, प्रतिरोधात्मक एवं उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२१.आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा ध्यान, अकुपञ्चर सेवाको विकास गरी स्वास्थ्य सेवा विविधीकरण गरिनेछ ।

२२.अस्पतालबाट निस्कने फोहरलाई इन्सुलेटरको प्रयोगबाट नष्ट गरिनुका साथै स्वास्थ्य चौकीको फोहरलाई विशेष व्यवस्था गरिनेछ ।

२३.बिपन्न नागरिक उपचार कोष स्थापना गरि क्यान्सर, मुटु रोग, मिर्गौला रोग लगायतका रोगीहरूलाई विशेष सुबिधा उपलब्ध गराइनेछ ।

२४.रोगहरुको पहिचान गरि प्रत्येक वर्ष भिन्न भिन्न रोगहरुसँग सम्बन्धित स्वास्थ्य शिविर संचालन गरिनेछ ।

**८.प्रमुख कार्यक्रम**

| क्र. सं. | कार्यक्रम | अनुमानित लागत | कैफियत | सहयोगी कार्य |
|---|---|---|---|---|
| १ | स्वास्थ्य जांच कार्यक्रम (हरेक महिना, हरेक वडा) | | प्रत्यक वर्ष खर्च गर्नुपर्ने | संघीयसरकार/प्रदेश सरकार/निजी अस्पताल |
| २ | अत्यावश्यक औषधिको वितरण ( | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | संघीय सरकार/प्रदेश |

| | | | | |
|---|---|---|---|---|
| | दिर्घ रोगि, बालबालिका, जेष्ठ नागरिक तथा गरिबीको रेखामुनि भएका नागरिकको लागि) | | | सरकार |
| ३ | गाउँ स्तरीय सरसफाई कार्यक्रम | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | समुदाय |
| ४ | नियमित खोप कार्यक्रम ( त्रैमासिक) | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | संघीय सरकार/प्रदेश सरकार |
| ५ | सुधारिएको चुलो कार्यक्रम | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | प्रदेशसरकार/गै.स.स |
| ६ | सरुवा रोगको बारेमा जनचेतना कार्यक्रम | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | प्रदेशसरकार/गै.स.स |
| ७ | गर्भवती/सुत्केरी महिलाको लागि पोषण कार्यक्रम | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | संघीय सरकार/ प्रदेशसरकार |
| ८ | बिपन्न नागरिक उपचार कार्यक्रम | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | संघीय सरकार/ प्रदेशसरकार |
| ९ | स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन कार्यक्रम | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | संघीय सरकार/ प्रदेशसरकार |

| क.सं. | योजना | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|
| १ | गाउँ पलिका स्तरीय अस्पतालको निर्माण | | संघीय सरकार/ प्रदेशसरकार |
| २ | एम्बुलेन्सको ब्यबस्था | | संघीयसरकार/प्रदेश सरकार/गै.स.स |
| ३ | स्वास्थ्य संस्था निमार्ण | | संघीयसरकार/प्रदेश सरकार/गै.स.स |

| | | | |
|---|---|---|---|
| ४ | गाँउघरक्लिनिकहरुको स्तर उन्नति | | गै.स.स /समुदाय |
| ५ | सामुदयिक स्वास्थ्य इकाईहरुको स्तर उन्नति | | गै.स.स /समुदाय |
| ६ | सम्पुर्ण खोप केन्द्रहरुको भवन निर्माण | | गै.स.स /समुदाय |

### ७.४.४ लैंगिक समानता, सामाजिक समावेशीकरण र सामाजिक सेवा, संरक्षण तथा सुरक्षा

**१. विषय प्रवेश**

महिला बालबालिका तथा समाजमा पछाडि परेको वर्ग तथा समुदायको आर्थिक, सामाजिक विकास र सशक्तीकरणका लागि संविधानमा महिला, बालबालिका, दलित पिछडिएको र विपन्न बर्गको हक प्रत्याभूत गरिएको छ ।

**२. वर्तमान अवस्थाः**

लैगिंक समानता तथा समाजिक समावेशीकरणको मूलमर्म भनेको समान अधिकार, अवसर र समाजमा पछाडि परेका वर्ग तथा समुदाय र क्षेत्रलाई विकासको मूल प्रवाहमा प्रवाहीकरण गर्नु नै हो । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि विभिन्न ऐन, नियम, रणनीति र कार्ययोजना कार्यान्वयनमा समेत आएका छन् । संविधानबाट नै उपरोक्त व्यवस्था कार्यान्वयनका लागि विभिन्न संवैधानिक आयोगहरूको व्यवस्था गरिएकोछ । संविधानले ती आयोगहरूमा लक्षित वर्ग, लिंगको प्रतिनिधित्व र हनुपर्ने व्यवस्था गरेकोछ । बहुसङ्ख्यक दलित, महिला, आदिवासी जनजाति, मधेसी, मुस्लिम लगायतका समूह/समुदाय विगतमा राज्यको संरचाना द्वारा नै पछाडि पारिएको हुँदा नेपालमा सकारात्मक उपाय र समावेशीकरण नीति र यसको मूल प्रवाहीकरणको सान्दर्भिकता रहेकोछ । महिलालाई लैङ्गिक भेदभाव बिनास मान वंशीय, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक हुने,राज्यका सबै निकायमा महिला तथा लक्षित समूहले शिक्षा, स्वास्थ्य, रोजगारीर सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक

हुने, संसद् लगायतका तीन वटै तहका निकायमा महिला तथा लक्षित समूह र वर्गको समुचित र समानुपातिक प्रतिनिधित्वको व्यवस्था संविधान र कानुनबाट नै सुनिश्चित गरिएका छ ।
गाँउपालिकाको अध्यक्ष र उपाध्यक्ष मध्ये एकजना महिला हुनुपर्ने , गाँउ कार्यपालिकामा पाँचजना महिला सदस्यरहने, त्यस्तै कार्यपालिकामा अल्प संख्यक वादलित गाँउपालिकामा तीनजना महिलाको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । जिल्ला समन्वय समितिमा कम्तीमा तीनजना महिला रहने, गाँउपालिकाको प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेगरी गाउँसभाको गठनहुने, त्यस्तै स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय योजना बनाउँदा बालमैत्री, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तर्सम्बन्धित विषयलाई ध्यान दिनुपर्ने व्यवस्था गरेको छ ।
राष्ट्रले नै ज्येष्ठ नागरिक एवं अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न अवसरहरु प्रदान गर्दै आएको छ । यही प्रणाली यस गाँउपालिकामा पनि अनुसरण गर्दै थप कार्यक्रमहरु ल्याई ज्येष्ठ नागरिक एवं अपाङ्गता भएका व्यक्तिहरुको जिवनोत्थान गरी क्रान्ति ल्याउनु पर्ने देखिन्छ । गाँउपालिकाका अधिकांश भवनहरु अशक्त एवं अपाङ्ग मैत्री नभएको हुँदा सो समस्याको समाधानका लागि विभिन्न नीति अपनाउनु पर्ने देखिन्छ ।

### ३.अवसर र चुनौती

संविधानबाट प्रत्याभूत समानताको अधिकार, स्थानीय सरकारको निर्वाचनमा अवलम्बन गरिएको फलस्वरूप न्युनतम आवश्यक भन्दा बढी महिला पदाधिकारी निर्वाचित,समावेशी तथा सहभागिता मूलक प्रतिनिधित्वको व्यवस्था, स्थानीय तहको महत्वपूर्ण निर्णय र समितिहरूमा समानुपातिक तथा समावेशी प्रतिनिधित्वको व्यवस्था, न्यायिक समिति सम्बन्धीव्यवस्था, सहभागिता मूलक योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रिया, उपभोक्ता समितिहरूमा लाभग्राही तथा महिलाहरूको प्रतिनिधित्व जस्ता कानूनी तथा नीगित व्यवस्था आदिलाई स्थानीय तहमा लैङ्गिक समानता तथा समावेशीकरणका दृष्टिले महत्वपूर्ण अवसरको सृजना भएको छ ।
शताब्दीयौं देखि नेपालमा विद्यमान लैगिक सांस्कृतिक जातीय, वर्गीय, धार्मिक, भाषिक, सांस्कृतिक, भौगोलिक विभेद अद्यापिकायम रहनु, समाजका विभिन्न विभेदकारी कुरीतिहरू जस्तै बालविवाह, बालमजदुरी, दाइजो, धामी, झाँक्री प्रथाको अन्त्य हुन नसक्नु, विपन्न वर्गका लागि लक्षित सामाजिक

संरक्षण तथा सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयन र मूल्याङ्कन हुन नसक्नु, योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा रहेको समावेशिताको नीति कार्यान्वयनमा पूर्णता आउन नसक्नु, वास्तविक जीवनमा महिलालाई पुरुषको हाराहारीमा रहने वातावरण सृजना हुन नसक्नु, लैङ्गिक एवं घरेलुहिंसा घट्न नसक्नु, घरेलु तथा सामाजिक हिंसाका मुद्दा दर्तामा सामाजिक दबाब, कमजोर अभियोजनका कारणले पीडित पक्षले समुचित न्याय प्राप्तिमा कठिनाइ, गाँउपालिकामा लैङ्गिक तथा समावेशी नीति नहुनु, यस सम्बन्धी कमजोर र सतही बुझाइ र निर्णय प्रक्रियामा महिला, दलित, विपन्न तथा जोखिम युक्त समुदायको अर्थपूर्ण सहभागिता पर्याप्त नहुनु, सम्पत्ति तथा वित्तीय क्षेत्रमा महिला तथा सीमान्तकृत वर्ग तथा समुदायको पहुँच, स्वामित्व र नियन्त्रणको कमी, श्रमको समुचित बाँडफाँट तथा सम्मानको कमी, महिलाको घरायसी कामको आर्थिक मूल्याङ्कन हुन नसक्नु, गरिबीमा महिला तथा दलित परिवारको संख्या अधिक रहनु, महिला शिक्षाको अवस्था तुलनात्मक रूपमा कमजोर रहनु, अशक्त एवं अपाङ्गता भएका व्यक्तिहरुको जीवनकष्टकर रहनु जस्ता चुनौतीहरू विद्यमान रहेका छन् । त्यसै गरी महिला-महिलाका बीचमा पनि विभेद जन्य (Intersectionl aapproach) व्यवहार, दलित तथा सीमान्तकृत महिलाको आर्थिक, राजनीति कर सामाजिक अवस्था अन्य महिलाको तुलनात्मक रूपमा कमजोर र जोखिम पूर्ण हुनु पनि उसको अर्को चुनौती रहेको छ ।

### ४.सोच

आधारभूत सामाजिक संरक्षणका सेवासुविधाहरूमा सबै नागरिकहरूको पहुँचबाट समतामूलक समाज निर्माण ।

### ५.उद्देश्य

महिला, दलित, ज्येष्ठनागरिक, अपांगता भएका व्यक्ति, सीमान्तकृत समुदाय तथा अति विपन्न र जोखिममा रहेको वर्गलाई आर्थिक, सामाजिक तथा राजनीतिक सशक्तीकरणका माध्यमद्वारा विकासको मूलप्रवाहमा ल्याई लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई सुनिश्चित गर्दै समाजमा समानता तथा सामाजिक न्याय र सुरक्षा कायम गर्नु ।

६ .लक्ष्य, अपेक्षित उपलब्धि

महिला, बालबालिका, ज्येष्ठनागरिक, अपाङ्ग एवं लक्षित वर्गक्षेत्र विकासका सूचकहरु:

| क.सं. | विवरण इकाई आधारवर्ष २०७९/८०कोस्थिति | आर्थिक वर्ष२०८३/८४को लक्ष्य/अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | महिलाका लागि सीप विकासकेन्द्र संख्या | २ |
| २ | महिला माथिहुनेहिंसाप्रतिवर्षघटनाकोसंङख्या | २ |
| ३ | बालबालिका माथि हुने हिंसा प्रति वर्ष घटनाको संङख्या | ० |
| ४ | महिला साक्षरता दर प्रतिशत | ३८.५६ ९० |
| ५ | अशक्त एवं अपाङ्ग मैत्री पूर्वाधार सबै वडामा | |

७.रणनीतिहरू

१.गाँउ पालिकाले लैङ्गिक तथा समावेशिताका हिसाबले विषय क्षेत्रगत खण्डीकृत तथ्यांकको संकलन, नियमित रूपमा अद्यावधिक गराई राख्नेछ ।

२.योजना चक्रमा महिला, बालबालिका, समाजमा सामाजिक तथा आर्थिक रूपले कमजोर वर्ग, अल्प संख्यकका मुद्दालाई मूल प्रवाहीकरण गरी समावेशी सहभागिता सुनिश्चित गरिनेछ ।

३.सबै प्रकारक ाहिंसाहरू न्यूनीकरण गरी घरेलु एवं सामाजिक हिंसालाई कानुन बमोजिम दण्डनीय बनाउने विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

४.वडा तहबाट नै बालमैत्री शासन कार्यक्रम सञ्चालन र प्रवर्द्धन गरी गाँउ पालिकालाई बालमैत्री बनाउने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

५.निकृष्ट बाल श्रमको अन्त्यगरी अनाथ तथा विपन्न बालबालिकाहरूको उचित व्यवस्थापनद्वारा उनीहरूको शिक्षा,स्वास्थ्यमा पहुँच लगायतका सम्पूर्ण विकासका अवसरहरूमा समावेश गरिनेछ ।

६.समाजमा रहेका सबै प्रकारका विभेद, छुवाछूतको अन्त्य गरी यसप्रकारको व्यवहारलाई दण्डनीय बनाउने, सचेतना एवं सद्भाव विस्तार गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

७.अन्तर जातीय विवाह गर्ने जोडीलाई संरक्षण,आत्मसम्मान पूर्वक समाजमा बस्ने वातावरणको सृजना गरी सामाजिक अन्तरघुलनलाई सहयोग गरिनेछ ।

८.ज्येष्ठनागरिक, फरक क्षमता भएका, लोपोन्मुख आदिवासी जनजाति, एकल महिला, सीमान्तकृत र विपन्न वर्गलाई सामाजिक सुरक्षाका कार्यक्रम मार्फत सम्बोधन गरिनेछ ।

९.ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता सम्मान स्वरूप उपलब्ध गराइनेछ ।

१०.किशोरकिशोरीहरूका लागि जीवनपयोगी सीप प्रदान गरिने कार्यक्रम सञ्चालन गरिनेछ ।

११.ज्येष्ठ नागरिकलाई सार्वजनिक यातायात लगायतका अन्य कार्यक्रम मार्फत उनीहरूको सुविधालाई सम्बोधन गरिनेछ ।

१२.ज्येष्ठ नागरिकका लागि भनेर आफ्ना आफन्तलाई सम्पर्क गर्नका लागि ICTCenter को व्यवस्था हुनेछ ।

१३.सबै महिलाहरू विशेष रूपले आर्थिक र सामाजिक रूपमा विपन्न र अल्पसंख्यक महिलाको सामाजिक, आर्थिक सशक्तीकरण गर्दै महिलाको सामाजिक आर्थिक स्तरमाथि उठाउनुका साथै तिनीहरूको मूलभूत अधिकार सुनिश्चित गरिनेछ, लैङ्गिकतामा आधारित सबै प्रकारका हिंसा, भेदभाव र बहिष्करणको अन्त्य गरिनेछ । राजनीतिक, आर्थिक, सार्वजनिक लगायत सम्पूर्ण निर्णायक तह मामहिला, दलित तथा सीमान्तकृत समुदायको सार्थक र समान पहुँचका लागि समान अवसरहरूको सिर्जना गरिनेछ ।

१४.गाँउ पालिकाको योजना तथा कार्यक्रमहरू लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई मूल प्रवाहीकरण गरी तर्जुमा गरिनेछ ।

१५.लैङ्गिक संवेदनशील बजेट र लैङ्गिक बजेट परीक्षण प्रणालीको अवलम्बन गरिनेछ ।

१६.लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनका साथै, सामाजिक भेदभाव र बहिष्करण अन्त्यको लागि निरोधात्मक न्यायमा सहज पहुँच र संरक्षणात्मक उपायहरू अवलम्बन गरिनेछ ।

१७ निजी र गैरसरकारी क्षेत्रको नीति निर्माण, कार्यक्रम कार्यान्वयन लगायत प्रतिफलमा महिला तथा समाजमा कमजोर वर्गको सारभूत प्रतिनिधित्व सुनिश्चित हुने नीति अवलम्बन गरिनेछ ।

१८.आर्थिक सामाजिक रूपले विपन्न वर्ग तथा महिलाको लागि आय आर्जन, क्षमता विकास र सशक्तीकरण गर्ने कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ ।

१९.अपाङ्गता भएका व्यक्ति र विशेष गरी महिला माथि हुनसक्ने हिंसाको अन्त्य गर्दै रोजगारी र स्वरोजगारी उन्मुख कार्यक्रम सञ्चालन गरिनेछ ।

२०.महिला, बालबालिका तथा लक्षित समुदायहरूलाई सामाजिक परिचालनका माध्यमबाट सशक्तीकरण गरिनुका साथै क्षमता विकास गरिनेछ ।

२१.आवश्यकता अनुसारका विभिन्न किसिमका सीप विकासका कार्यक्रमहरूसँग आबद्ध गराई रोजगारी सिर्जना गरिनेछ ।

२२.समूहमा आबद्ध महिलाहरूलाई सहकारी संस्थाहरूको गठनबाट संस्थागत विकासमा सहयोग गरिनेछ ।

२३.बाल क्लबहरूलाई सक्रिय बनाउन बाल भेला लगायत औपचारिक कार्यक्रमहरूमा आबद्ध गराइनेछ ।

२४.ज्येष्ठ नागरिकको सम्मान र कदर गरिनेछ । परिवारबाट गरिने विभेदलाई न्यूनीकरण तथा कमजोर र असहायलाई समुचित प्रबन्ध गरिनेछ ।

२५.जातीय भेदभाव मुक्त बस्ती/टोल/वडा/गाउँ घोषणा अभ्यास गरिनेछ ।

२६.बाली घेर प्रथाको अन्त्य गर्दै परम्परागत सीपलाई प्रवर्द्धन तथा व्यवसायीकरण गरिनेछ ।

२७.आदिवासी जनजातिहरूको परम्परागत भाषा संस्कृति, लिपिको संरक्षण, प्रवर्द्धन गरिनेछ ।

२८.अन्तर्राष्ट्रिय श्रम संगठन नं.१६९जस्ता सन्धि महासन्धि तथा घोषणा पत्रका प्रावधानहरूको पालना तथा कार्यान्वयन गराइनेछ ।

२९.गर्भवती महिला एवं नवजात शिशुहरुका लागि नियमित पोशिलो खानेकुराको व्यवस्था हुनेछ ।

३०.गाँउ पालिकालाई बालमैत्री, लैंगिक मैत्री भिन्न क्षमता भएका व्यक्ति मैत्री, ज्येष्ठ नागरिक मैत्री र विपन्न वर्ग मैत्री बनाउन तदनुसारका नीति प्रतिपादन गरी व्यवहारमा लागू गर्न गाँउ पालिका संवेदनशील हुनेछ ।

## ८.प्रमुख कार्यक्रमहरू

### १) महिला तथा बालबालिका

| क.सं. | कार्यक्रम अनुमानित लागत | कैफियत | सहयोगी निकाय |
|---|---|---|---|
| १ | महिला स्वरोजगार कार्यक्रम | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | संघिय/प्रदेश सरकार |
| २ | नवजात शिशु र आमाको लागि पोषणयुक्त आहारको व्यवस्था | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | संघिय/प्रदेशसरकार/गै.स.स |
| ३ | कम आय भएका गर्भवती महिलाको लागि पोषणयुक्त आहारको व्यवस्था | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | संघिय/प्रदेशसरकार/गै.स.स |
| ४ | किशोरीहरुलाई आत्म सुरक्षा तालिम | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | नेपालप्रहरी/सशस्त्रप्रहरी/गै.स.स |
| ५ | ५बर्ष भन्दा मुनिका बालबालिकालाई निःशुल्क औषधिको व्यवस्था | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | स्वास्थ्य विभाग |
| ६ | महिला सशक्तीकरण कार्यक्रम (तालिम र निर्णय प्रक्रियामा सहभागी गराउने) | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | गै.स.स |
| ७ | लैंगिक समानता कार्यक्रम (तालिम, गोस्टी, सेमिनार र जनचेतना मुलक कार्यक्रम गरि लैंगिक असमानता हटाउने) | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | संघिय/प्रदेशसरकार/गै.स.स |
| ८ | जनचेतना कार्यक्रम | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | गै.स.स |
| ९ | बाल संजाल गठन र बालविकास कार्यक्रम | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | गर्नुपर्ने गै.स.स |
| १० | बाल सुरक्षा एवं बालबिवाह रोकथाम | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | संघिय/प्रदेशसरकार/गै.स.स |

| क.सं. | योजना | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|
| १ | महिला सिप बिकास केन्द्रको स्थापना (सबै वडामा) | | संघिय/प्रदेशसरकार/गै.स.स |
| २ | | | |

२) बृद्धबृद्धा, अपांङ्ग तथा अशक्त

| क्र.सं. | कार्यक्रम | अनुमानित लागत | कैफियत | सहयोगी निकाय |
|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा (केन्द्रीय सरकारबाट अनुदान प्राप्त नहुने गरिबीका रेखामुनी भएका परिवारका लागि समेत) | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | संघिय सरकार |
| २ | बृद्धवृद्धा एवं अपाङ्गता भएका नागरिक संरक्षण नीति निर्माण र कार्यन्वयन | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | प्रदेश सरकार |
| ३ | अपाङ्गता भएका नागरिकलाई अपाङ्गमैत्री घर बनाउन अनुदान वितरण | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | संघिय/प्रदेश सरकार/गै.स.स |

| क्र.सं. | योजना | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|
| १ | बृद्धबृद्धाको लागि मनोरञ्ज नस्थलको निर्माण | | संघिय/प्रदेश सरकार/गै.स.स |
| २ | सार्बजनिक भवनहरु अपाङ्ग मैत्री बनाउने | | संघिय/प्रदेश सरकार/ |
| ३ | बृद्धबृद्धाको लागि सूचना प्रबिधि केन्द्रको निर्माण | | संघिय/प्रदेश सरकार/गै.स.स |

## ७.४.५ परम्परा, धर्म एवं संस्कृति

### १.पृष्ठभुमी

नेपाल एक बहु संस्कृत, बहुधार्मिक र बहुजातीको बसोवास भएको देशहो । नेपालको संविधान २०७२ ले हरेक नागरिकलाई आफ्नो भाषा, धर्म र संस्कृतिको अनुशरण गर्ने र जगेर्ना गर्ने अधिकार दिएकोछ ।

यसका साथै हरेक नागरिकलाई आफुले रोजेको धर्म र संस्कृति निर्वाध रुपमा अपनाउने अधिकार पनि प्रदान गरेको छ ।

## २.वर्तमान अवस्था

समग्र नेपाल जस्तै यो गाँउ पालिका पनि विविध भाषा र धर्म भएका मानिसहरुको संगम हो । यस गाँउ पालिकामा क्षेत्री र ब्राहमण जातीको बसोबास धेरै रहेको छ । त्यसैकारणले यस गाँउपालिकाको मुख्य भाषा नेपाली हो । यसका साथै खाम लगायत अन्य भाषा बोल्ने समुदायको पनि बसोबास रहेकोछ ।

यस गाँउपालिकाका मुख्य धर्म हिन्दु हो । करिव ९० प्रतिशत जनसंख्याले यी धर्म अपनाएका छन् । विविध धर्म एवं संस्कृति मान्ने समुदायको उपस्थितिको कारणले यो गाँउपालिका धार्मिक तथा साँस्कृतिक हिसावले निकै धनी छ ।

यस बडिकेदार गाँउ पालिकाका अधिकांश जनसंख्या क्षेत्री र ब्राहमण जातिको भएता पनि अन्य जात, जातीको समेत उल्लेख्य रुपमा उपस्थिती रहेको छ । समान सह अस्तित्वको भाव अनुरुप मगर,कामी,दमाइ (दोली), ठकुरी, सार्कि , थकाली, वादी , सन्यासी (दसनामी) लगायतका जातजाति बस्ने गर्दछन जसको आफ्नै भाषा, लिपी, धर्म, पेशा, संस्कार, भेषभुषा, गरगहना, खानपिन, लोक नाच र लोक परम्पराहरु रहेका छन् ।

## ३.अवसर तथा चुनौती

यस गाँउ पालिका धार्मिक एबं साँस्कृतिक हिसावले निकै धनी भएको कारणले धार्मिक पर्यटनको रुपमा विकास गर्नसक्ने अवसर छ । यहाँका भेषभुषा, परम्परा, बाजा गाजा र नाचगानले थुप्रै आन्तरिक र बाह्य पर्यटक भित्राउने क्षमता राख्छन् । तर विकासको क्रमसँगै पुराना परम्परा र संस्कृतिहरु नाश भइरहेका छन् । अहिलेको नयाँ पुस्ताको आफ्नो धर्म एव ंसंस्कृतिको अपनन्व लिन नसक्नु विडम्बना हो । त्यसैंगरी आधुनिकीकरणसँगै पश्चिम संस्कृति हाम्रो पुरातन संस्कृतिमा थियो विहान नथालेको छ । यसैगरी विभिन्न लोभ एवं प्रलोभनमा पारी धर्म परिवर्तन गराउने प्रवृति पनि मौलाएको छ ।

४.सोच

बहुल संस्कृति एवं सम्पदाहरूको संरक्षण,संवर्द्धन र सांस्कृतिक सुसम्बन्धमा आधारित समाजको निर्माण ।

५.उद्धेश्य

यस गाँउपालिकामा रहेको धार्मिक सहिष्णुतालाई कायम राखी मौलिक परम्परा र संस्कृतिको जगेना र प्रबर्धन गर्नु ।

६.लक्ष्य/अपेक्षितउपलब्धि

यस गाँउ पालिकाको धार्मिक एवं साँस्कृतिक महत्वका स्थलहरुको प्रवर्दन भइ आन्तरिक पर्यटनको विकास हुनेछ । साथै गाँउपालिका भित्रका संरचनाहरु परम्परागत शैली झल्किने खालका हुने छन् । सांस्कृतिक समावेशीकरण तथा पुरातात्विक एवं ऐतिहासिक महत्वका सम्पदाहरूको संरक्षण, पुन निर्माण एवंजीर्णोद्वार भएको हुनेछ र त्यसैगरी धार्मिक-सांस्कृतिक पर्यटनको विकास भएको, विभिन्न भाषा धर्म, सांस्कृतिक सम्पदाहरू, परम्पराहरू तथा साहित्य, कला, रीतिरिवाजहरूको संरक्षणर प्रचारप्रसार भएको र प्रतिलिपि अधिकारको संरक्षण भएको हुनेछ ।

७.रणनितिहरु

- गाँउपालिकाको धर्म, संस्कृति र परम्पराको जानकारी दिने गरी एक ऐतिहासिक पुस्तकको निर्माण गर्ने ।
- गाँउपालिकामा हरेक वर्ष आफ्नै धर्म र संस्कृति झल्किने खालको सांस्कृतिक पर्वको आयोजना गर्ने ।
- स्थानीय संस्कृति झल्काउने खालका भवन निर्माण गर्न प्रेरित गर्ने ।
- विद्यालयमा पाठ्यक्रमका साथ साथै मातृभाषाको पनि शिक्षा दिने ।
- यस गाँउपालिकाको ऐतिहासिक, पौराणिक र साँस्कृतिक किम्बदन्तीहरु, औजारहरु, भेषभुषा र बाद्यबाधनहरु प्रदर्शन गर्नका निमित्त गाँउपालिका स्तरिय संग्रहालयको निर्माण गर्ने ।

८.प्रमुख कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम | अनुमानित लागत | कैफियत | सहयोगी निकाय |
|---|---|---|---|---|
| १ | स्थानीय संस्कृति तथा धार्मिक आस्थामा खलल पुर्याउने कार्यहरुको अनुगमन एवं निरीक्षण | | प्रत्यक वर्ष खर्च गर्नुपर्ने | नेपालप्रहरी/सशस्त्रप्रहरी |
| २ | संस्कृति प्रबर्द्धन एवं जनचेतना फैलाउने कार्यक्रम | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | समुदाय |
| ३ | स्थानीय संस्कृति र परम्परा झल्काउने गरि निर्माण गरिने भवनहरुलाई अनुदान | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | संघिय, प्रदेशसरकार, गै.स.स |
| ४ | स्थानीय संस्कृति झल्काउने परम्परागत पोशाक उत्पादनका लागि अनुदान | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | संघ, प्रदेशसरकार, गै.स.स |
| ५ | बिद्यालयमा मातृभाषा कक्षाको संचालन | | प्रत्यक वर्ष खर्च गर्नुपर्ने | प्रदेशसरकार, समुदाय |
| ६ | अल्पसंख्यक जातिहरुको संस्कृति संरक्षण तथा प्रबर्द्धन कार्यक्रम | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | संघिय, प्रदेश सरकार, गै.स.स |
| ७ | सांस्कृतिक प्रशिक्षण | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | प्रदेश सरकार, समुदाय |

| क्र.सं. | योजना | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|
| १ | गाउँ पालिकाको इतिहास, भाषा, धर्म, संस्कृति र परम्पराको बारेमा जानकारी दिने पुस्तकको प्रकाशन | | निजिक्षेत्र |

| | | | |
|---|---|---|---|
| २ | सांस्कृतिक महोत्सवको आयोजना | | निजिक्षेत्र |
| ३ | संग्राहलयको स्थापना | | निजिक्षेत्र |
| ४ | हरेक वडामा एक एक वटा धार्मिक क्षेत्रको विकास गर्ने | | संघिय,प्रदेशसरकार |
| ५ | हरेक वडामा भएका दाहा संस्कार स्थलको स्तर उन्नती | | संघिय, प्रदेशसरकार |

### ७.४.६ गरिबी न्यूनीकरण

**१.विषय प्रवेश**

मुलुकमा करिब छ दशक देखिको योजनाबद्ध विकासको अभ्यास एवंनवौं योजना देखि गरिबी निवारणलाई एकमात्र मूल उद्देश्यको रूपमा विकास योजनाको केन्द्रमा राखी गरिएका विभिन्न प्रयासहरूबाट गरिबी न्यूनीकरणको दिशामा उल्लेख्य प्रगति भएकोछ । गरिबी निवारण गर्ने सरकारको प्रमुख दायित्व भएपनि यो एक अन्तर सम्बन्धित विषय भएकोले यसका लागि सरकारका प्रत्येक अङ्गहरूको भूमिका अपरिहार्य हुन्छ । तथ्यांक विभागको तथ्यांक अनुसार नेपालको कुल २५.२ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको छ । त्यसैगरि डोटी जिल्लाको कुल ३४.६ प्रतिशत जनसंख्या गरिवीको रेखामुनि रहेकोछ । तालिका ९: गरीबी सुचांक (२०५८-२०६८ बिचको फरक, प्रतिशत)विगत १७ वर्षको अवधिमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या घटेको देखिएतापनि सहरी तथा ग्रामीण एवं विभिन्न भौगोलिक क्षेत्र र सामाजिक समूह बीचको खाडल अझैपनि उच्च रहेको देखिन्छ । तर विशेष गरी महिला, आदिवासी, अल्पसङ्ख्यक तथा दुर्गम ग्रामीण क्षेत्रमा बस्ने आम नागरिकहरूमा गरिबीको गहनता बढी भएको हुँदा गरिबी निवारणका प्रयासहरूमा यिनको अर्थ पूर्णसहभागिता आजको टड्कारो आवश्यकता देखिन्छ । यसर्थ गरिबी न्यूनीकरण प्रयासलाई निरन्तरता दिँदै गरिब र धनी बीचको असमानता घटाउनु र आर्थिक समृद्धि प्राप्त गर्नु आजको आवश्यकता हो । यसकार्यको जिम्मेवारी समग्र सरकारका अङ्गहरू तथा सरोकारवालाहरू समेतको भएकोले विभिन्न निकायहरूबाट सञ्चालन हुने यस्ता कार्यक्रमहरू प्रभावकारी हुनुको साथै ती निकायहरू बीच समन्वय हुनु जरुरी छ ।

गरिबीको वितरण भौगोलिक/क्षेत्रीय रूपमा मात्र नभई जातीय रूपमा समेत असमान रहेको देखिन्छ । यससँगै गरिबी निवारणका लागि गरिब घरपरिवारको पहिचान कार्य हुन नसक्नु, लक्षित घरपरिवारमा सामाजिक सुरक्षण कार्यक्रमहरू केन्द्रित गर्न नसकिनु, विभिन्न निकायहरूबाट सञ्चालित गरिबी निवारण कार्यक्रमहरू बीच समन्वयको अभाव रहनु, क्षमता विकासका कार्यहरू पर्याप्त नहुनु एवं नीति, योजना र बजेट कार्यक्रम बीच समानजस्य नहुनु जस्ता समस्याहरू विद्यमान छन् । सङ्ख्यात्मक रूपले गरिबीको तथ्याङ्कमा सुधार आएको देखिएता पनि आर्थिक असमानता कायम नै रहेको देखिएकाले गरिबी निवारणको कार्यथप जटिल बनेको छ ।

## २. चुनौती तथा अवसर चुनौती

गरिबी न्यूनीकरणको प्रयासलाई तीव्रता दिँदै भौगोलिक, लैङ्गिक, जातीय र आय वर्ग बीच रहेको गरिबीको मार र असमानताको अन्तरलाई कम गर्नु, न्यून आर्थिक वृद्धि, विनाशकारी भूकम्प र सीमाक्षेत्रको व्यापारिक अवरोधबाट सिर्जित समस्याबाट गरिबीको अवस्थामा परेको प्रतिकूल असर छिटो निवारण गर्नु, सीप, पुँजी र प्रविधिमा बहुसङ्ख्यक जनताको आवश्यक पहुँचन भएको अवस्थामा स्वरोजगार प्रवर्द्धन गर्नु, द्वन्द्वको अन्त्य भएपनि पूर्ण शान्तिको प्रत्याभूति सुनिश्चित नभएकोले लगानी मैत्री वातावरण कुण्ठित हुँदा नयाँ रोजगारीका अवसरहरू सिर्जना गर्नु र वैदेशिक रोजगारीमा जानेलाई निरुत्साहित गर्नु चुनौती रहेका छन् ।

अनौपचारिक क्षेत्रमा अत्यधिक रूपमा केन्द्रित विद्यमान बढ्दो अदृश्य बेरोजगारीलाई घटाउनु, कृषिमा आश्रित करिब ९० प्रतिशत जनसङ्ख्यालाई क्रमिक रूपले गैर कृषि क्षेत्रमा स्थानान्तरण गराउनु, नयाँ रोजगारीको अवसर सिर्जना गर्नु, स्थानीय सीप, पुँजी र प्रविधिमा पहुँच भएका स्वदेशी उद्यमीहरूको निमित्त स्वरोजगार प्रवर्द्धन गर्नु, औपचारिक वा सङ्गठित क्षेत्रमा संयुक्त लगानीमा आधारित उद्योगको माध्यमबाट दक्ष जनशक्तिलाई रोजगारीका अवसरहरू उपलब्ध गराउनु तथा प्रतिस्पर्धाको आधारमा सुरक्षित वैदेशिक रोजगारी प्रवर्द्धन गर्नु र सहरी तथा ग्रामीण एवं विभिन्न भौगोलिक क्षेत्र र समूहहरू बीचको खाडल अझै कम गर्नु चुनौतीका रूपमा रहेका छन् । अवसर स्थानीय सरकारलाई प्राप्त

अधिकारको प्रयोग गरि स्थानीय स्तर मैगरिबीकोरेखामुनिरहेकापरिवारकोपहिचानगरि, एकीकृत कार्यक्रम भन्दा पनि उक्त परिवार लक्षित कार्यक्रम संचालन गरि गरिवी न्यूनीकरण गर्ने अवसर छ।

### ३.सोच

रोजगारको अवसर, उत्पादनमा समान पहुँच तथा आयस्रोतका गतिविधिहरु बढाइ गाँउपालिकाको आर्थिक समृद्धि तथा गरि बीनिवारण गर्ने । निरपेक्ष गरिबी निवारण गर्दै आर्थिक समृद्धिको आधार तयार गर्ने ।

### ४.उद्देश्य

गरिबीको रेखामुनि रहेको जनसङ्ख्या शुन्य प्रतिशतमा ल्याउनु ।

### ५.लक्ष्य, अपेक्षित उपलब्धि

| क.सं. | विवरण इकाई आधार वर्ष २०७९/८० को स्थिति | आर्थिक वर्ष २०८३/८४को लक्ष्य/अपेक्षित उपलब्धि |
|---|---|---|
| १ | गरिबीदर कुल जनसंख्याको प्रतिशत | ३४.६५ |
| २ | आधारभूत उत्पादनमा सहज पहुँच भएको जनसंख्या कुल जनसंख्याको प्रतिशत | ९० |

### ६.रणनीति

- गाँउ पालिका स्तरमा गरिवीको रेखामुनि रहेका घर परिवारको पहिचान गर्ने ।
- पहिचान भएका परिवारलाई क्रमिक रुपमा सीपमूलक तालिम प्रदान गरि आर्थिक स्थर उकास्ने ।
- उत्पादन मूलक रोजगारी तथा अवसरहरूको अभिवृद्धि गर्ने ।
- आर्थिक वृद्धिमार्फत सृजना हुने रोजगारी लगायतका सम्पूर्ण अवसरहरूको न्यायोचित वितरण र समता मूलक विकास हुने गरी सम्बद्ध सबै क्षेत्रगत नीतिहरूलाई परिलक्षित गर्ने ।

- व्यक्ति, परिवार, निजिक्षेत्र एवं गैरसरकारी सङ्घ संस्थाहरू बीच प्रभावकारी समन्वय र सहकार्यलाई सुदृढ गर्दै गरिबी न्यूनीकरण र आर्थिक समृद्धिका लागि स्रोत परिचालन गर्ने ।
- गरिबी न्यूनीकरण सम्बन्धी नीति तथा कार्यक्रमहरूको पुनर्संरचना एवं प्राथमिकीकरण गर्दै सम्बद्ध नीति तथा कार्यक्रमहरूलाई पूर्वानुमान योग्य बनाउने ।

## ७ .प्रमुख कार्यक्रम

| क.सं. | कार्यक्रम | अनुमानित लागत | कैफियत | सहयोगी निकाय |
|---|---|---|---|---|
| १ | गरिवीको रेखामुनि भएका परिवारको पहिचान | | | तथ्याङ्क बिभाग |
| २ | गरिवीको रेखामुनि रहेका परिवारलाई सीप मूलक तालिमको ब्यबस्था (हरेक वर्ष हरेक वडा बाट ५० जना) | | हरेक वर्ष खर्च गर्नुपर्ने | संघिय,प्रदेशसरकार, गै.स.स |
| ३ | गरिवीको रेखामुनि रहेका परिवारका बालबालिकालाई छात्रवृत्तिको ब्यबस्था | | शिक्षा क्षेत्रमा सम्बोधन गरिएको | |
| ४ | गरिवीको रेखामुनिरहेका परिवारलाई निशुल्क स्वास्थ्य परीक्षण तथा औषधिको ब्यबस्था | | स्वास्थ्य क्षेत्रमा सम्बोधन गरिएको | |
| ५ | गरिवीको रेखामुनि रहेका परिवारका गर्भवती तथा सुत्केरी महिलालाई पोषण कार्यक्रम | | स्वास्थ्य क्षेत्रमा सम्बोधन गरिएको | |

| | | | | |
|---|---|---|---|---|
| ६ | लक्षित परिवारलाई बैदेशिक/स्वदेशी रोजगारीको कार्यक्रममा सहयोग | | | संघिय/प्रदेशसरकार |

### ७.५प्रक्षेपित लगानी

आवधिक योजना अवधिमा सामाजिक क्षेत्र अन्तर्गत कुल रु. ६३करोड, ९लाख, ४२ हजार(कुल प्रक्षेपित व्ययको २४.५ प्रतिशत) खर्च हुने अनुमान गरिएको छ। जस अन्तर्गत शिक्षामा ७.०प्रतिशत, स्वास्थ्यमा ७.० प्रतिशत, महिला, बालबालिका तथा लक्षित समुदायका लागि २ प्रतिशत, युवा तथा खेलकुदमा ४ प्रतिशत, जेष्ठ नागरिक तथा अपाङ्गमा १.५ प्रतिशत, धर्म, संस्कृति र परम्परा संरक्षण र सम्बर्द्धनमा १.५प्रतिशत र गरिवी न्यूनीकरणमा १.५ प्रतिशत खर्च हुने अनुमान गरिएकोछ।

## भाग ८ भौतिक पूर्वाधार विकास

### ८.१ विषय प्रवेश

गाँउ पालिकाको आर्थिक सामाजिक विकासमा पूर्वाधार विकास अपरिहार्य हुन्छ। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन लेस्थानीय तहमा सिर्जना गरिने स्थानीय भौतिक तथा सामाजिक पूर्वाधार जस्तै-स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र ती सडकमा पर्ने पुल, पुलेसा तथा झोलुंगे पुल, खानेपानी, सिंचाइ, वैकल्पिक ऊर्जा, १००मे.वा. सम्मका लघु तथा साना जलविद्युत्, विद्यालय, स्वास्थ्य चौकी, केन्द्र, अस्पताल तथा सामुदायिक भवन, कार्यालय भवन र आवास तथा बस्ती विकास, हाट बजार जस्ता पूर्वाधारको निर्माणको कार्य जिम्मेवारी समेत प्रदान गरेकोछ। यसले गाँउपालिकाको समग्र विकासलाई गतिशील बनाउनका साथै आर्थिक सामाजिक अवसरहरूलाई रूपान्तरण गर्दै समृद्धि हांसिल गर्न सहयोग पुऱ्याउँछ।

भौतिक पूर्वाधारको सुविधा जस्तैः सडक, ढल, विधुत, सञ्चार, खानेपानी, सडक यातायात आदिको विकास एवं विस्तार बिना आर्थिक एवं सामाजिक लगायत अन्य कुनै पनि क्षेत्रको विकास कठिन मात्र होइन प्राय असम्भव नै हुन्छ। तसर्थ, उपलब्ध सिमित साधन तथा स्रोतहरूको लगानी अन्य क्षेत्रमा

जस्तै आधारभूत पूर्वाधार सेवा तथा सुविधाको निर्माण एवं विस्तारमा पनि खर्च गर्दै जाने संस्कृतिको विकास हुनु अत्यावश्यक छ । तुलनात्मक हिसावले अन्य क्षेत्रहरूमा हुने लगानी भन्दा सडक, ढल, विद्युत, खानेपानी आदिमा हुने लगानीको राशि गाँउ पालिकाहरूको आयश्रोतले धान्नन सक्ने स्थिति भएको हुँदा यसको लागि केन्द्रीय निकाय वा दातृ निकायहरूसँग लगानीको लागि गुहार्नु स्वाभाविक छ । धेरै गाँउ पालिकाहरूमा आर्थिक विकासको गति ढिला हुनुमा धेरै हदसम्म पूर्वाधार सेवाज्ञसु विधा जिम्मेवार रहेको छ भन्नुमा अत्युक्ति नहोला । यस गाँउ पालिकाको भौतिक पूर्वाधार विकास योजना अन्तरगत प्रस्तावित योजनाहरू तर्क पद्धतिमा तल विवेचना गरिएको छ ।

## ८.२अवसर र चुनौती

यस गाँउ पालिकाको भौतिक पूर्वाधार विकासका लागि प्रशस्त अवसरहरू छन् । यो गाँउ पालिका क्षेत्रीय राजमार्गको नजिक भएको हुनाले यातायात पूर्वाधार विकास केही सहज हुन सक्छ । साथ साथै निर्माण सामाग्रीहरू स्थानीय स्तरमै प्रचुर मात्रामा उपलब्ध भएको हुनाले सडक पूर्वाधारको निर्माण कम लागतमा गर्न सकिन्छ । यसैगरी गाँउ पालिका भित्र पानीका स्रोत सतहमुनी भएको हुनाले खानेपानी र सिंचाइ आयोजनाहरू विकास गर्ने अवसर छ । त्यसैगरी समथ र जमीन भएको हुनाले ढल निकासको ठूलो समस्या छ । स्थनानीय स्तरमै उत्पादित बस्तुहरु प्रयोग गरी २ तला सम्मका भवन निर्माण गर्ने छ भवन निर्माण आचर संहिताले दिएको हुनाले भौतिक पुर्वाधार विकासका लागी ठूलो अवसर खुला गरेकोछ ।

अवसरहरु धेरै भएता पनि व्यवहारीक रूपमा लागु गर्न धेरै चुनौतीहरू छन् । त्यसैगरी बस्तिहरू छरिएर रहेका हुनाले हरेक टोलमा सडकको सुविधा पुऱ्याउनु ठुलो चुनौतिको रूपमा रहेकोछ । त्यसैगरी भएका पानीका स्रोतहरू सुक्दै जानु, खानेपानीको राम्रो व्यवस्थापन हुन नसक्नु यसगाँउ पालिकाको भौतिक पुर्वाधार विकासमा ठुलो लगानी आवश्यक भएको हुनाले लगानीको स्रोत जुटाउनु मुख्य चुनौति रहेकोछ ।

### ८.३ पूर्वाधार क्षेत्रगत रणनीति

(क)पूर्वाधार निर्माण विकासका लागि आवश्यकतानुसार सर्वेक्षण, डिजाइन, संम्भाव्याता अध्ययन, डीपी आर तयारी आदि कार्यको मापदणड निर्धारण गरी प्राविधिक अध्ययन गरिने छ । यस्तो कार्यमा प्रदेश, संघीय सरकार तथा विकास साझेदारसँग समेत समन्वय गरी गाँउ पालिकाभित्र उचित संयन्त्र निर्माण र सहयोग परिचालन गरिनेछ ।

(ख) सडक, पुल, पुलेसा, झोलुङ्गेपुल, सिंचाइ, बोरीङ्ग, पोखरी लगायतका पूर्वाधार निर्माण, मर्मत सम्भार, पुनर्निर्माण कार्य सञ्चालनका लागि आवश्यक संयन्त्र निर्माण गरिनेछ र यस कार्यमा संघीय सरकार प्रदेशसरकार तथा विकास साझेदारको सहयोग समेत आवश्यकतानुसार समन्वय गरी परिचालन गरिनेछ ।

### ८.४विषय क्षेत्र

यस गाँउ पालिकाको पूर्वाधार विकास तर्फ निम्न उप-क्षेत्रहरू रहनेछन् :

(क) यातायात पूर्वाधार

(ख) साना तथा मझौला सिँचाइ

(ग) विद्युत्त संचार

(घ) खानेपानी तथा सरसफाइ

### ८.४.१ यातायात पूर्वाधार

#### १. पृष्ठभूमि

गाँउ पालिकाको भौतिक विकास धेरै हदसम्म त्यस गाँउ पालिकामा विद्यमान तथा  भविष्यमा विस्तार हुने यातायात पूर्वाधारको सुविधाले निर्धारण गर्ने गर्दछ । गाँउ पालिका विकास आवधिक योजनाले परिकल्पना गरेको पूर्वाधार विकासको स्वरूपलाई मूर्तरूप दिन गाँउ पालिका सडकहरूको निर्माण, विस्तार एवं स्तारोन्नती, मर्मत सम्भार र सुधार गर्दै जानुनितान्त आवश्यक हुन्छ । यसले आर्थिक क्रियाकलापलाई वृद्धि गर्नका साथै कृषि, उद्योग, पर्यटन, व्यापार, व्यवसाय, जलविद्युत्, शिक्षा, स्वास्थ्य

जस्ता आधारभूत सेवा सुविधामा नागरिकको पहुँच बढाउनका साथै सेवा प्रवाह गर्न समेत सहयोग पुऱ्याउँदछ ।

**२.वर्तमान अवस्था:**

यस गा.पा.मा कुल रहेका धेरै सडकहरु कच्चिछन् । त्यसैगरी भएका सडकहरु साँघुरा छन् । यसबाहेक गा.पा.भित्र केही पक्कि पुल र कल्भर्टको निर्माण भएका छन । यसका अलावा गा.पा.मा व्यवस्थित वसपार्कको प्रबन्ध छैन, सवारी साधनहरु सडकमा नै पार्किङ्ग गर्ने गरीएको छ ।

**३.अवसर र चुनौती**

गाँउ पालिका भित्रका अधिकांश सडकहरू कच्ची प्रकृतिका रहेका कारण सबै आयाममा यातायात सञ्चालन गर्न कठिनाइ रहेकोछ, साथै कच्ची सडक, पुलपुलेसाका जीर्ण पुलपुलेसाको मर्मत सम्भार तथा पुनर्स्थापना गर्न ठूलो लगानी बहन गर्नु पर्ने देखिन्छ । यसैगरी सबै वडा तथा बस्तीमा बाह्रै महिना यातायात सञ्चालन हुन स्तरोन्नति गरी खण्ड स्मित वा कालोपत्रे गर्नुपर्ने अवस्था छ । यसक्षेत्रको घना बस्तीमा पक्की सडक सञ्जाल निर्माण तथा विस्तार गर्न साविकका संरचनाले सहजता पुर्याउने देखिँदैन ।

**४.सोच**

सडक यातायातको विकास मार्फत आर्थिक सामाजिक एकीकरण, प्रादेशिक सन्तुलन र आर्थिक समृद्धि ।

**५.उद्देश्य**

हरेक टोल वस्तीबाट वढीमा १०मिनेटको दरीमा सडक सुविधा पुऱ्याउने । गाँउपालिकाका सडकको स्तरउन्नती गरी आन्तरीक आवागमन सहज बनाउने ।

६.लक्ष्य/अपेक्षित उपलब्धि

| क.सं. | विवरण | ईकाई | आधार वर्ष | |
|---|---|---|---|---|
| | | | २०७९/८०को स्थिति | आर्थिक वर्ष२०८३/८४ कोलक्ष्य/अपेक्षित उपलब्धि |
| १ | सडकको कुल लम्बाई | किलोमिटर | २०० | |
| २ | कालोपत्रे सडकको कुल लम्बाई | किलोमिटर | ० | ५० |
| ३ | ग्राभेल सडकको कुल लम्बाई | किलोमिटर | १०० | |
| ४ | कच्ची सडकको कुल लम्बाई | किलोमिटर | १०० | |
| ५ | बसपार्क | संख्या | ० | १ |
| ६ | बस बिसौनि | संख्या | ० | १० |
| ७ | हेलि प्याड | संख्या | ० | २ |
| ८ | सडक पहुँच (सरदर) | मिनेट | ५ | |

७.रणनीति

- गाँउपालिकाको केन्द्र देखि प्रत्येक वडा केन्द्रसम्म १२ महिना यातायात सञ्चालन हुने गरी सडकको पहुँच पुऱ्याउने ।
- हरेक टोल बस्तीबाट ५मिनेटको पैदल दूरीमा कच्ची सडकको व्यवस्था गर्ने ।
- हरेक वडा कार्यालय जोड्ने सडकलाई स्तरउन्नती गरी कम्तिमा ग्राभेल गरीनेछ ।
- यस गाँउ पालिकाको केन्द्रमा एक बसपार्कको निर्माण गरिनेछ ।
- स्थानीय सडक स्तरोन्नति गरी गाँउपालिका भित्र सार्वजनिक यातायात सञ्चालन गर्ने गराउने व्यवस्था मिलाइनेछ ।

- वडा केन्द्र देखि वडामा रहेका मा.वि., स्वास्थ्य चौकी लगायत कासरकारी कार्यालयहरू, सामुदायिक भवनहरूसम्म पुग्ने गरी सडक विस्तार गरिनेछ ।
- गाँउ पालिका क्षेत्रभित्रका कृषि पकेट क्षेत्र, औद्योगिक ग्राम र पर्यटकीय स्थलहरूलाई मुख्य बजार केन्द्रसँग आबद्ध हुने गरी सडक सञ्जालको निर्माण गरिनेछ ।
- जिल्लाका अन्य गाँउ पालिका तथा गाँउ पालिकाहरूसँग समन्वय गरी स्थानीय सडक सञ्जालसँग जोडिने गरी गाउँ सडकहरूको विकास गर्दै लगिनेछ ।
- गाँउपालिका स्तरीय सडकको वर्गीकरण अनुसार सडकक्षेत्र (Rightofway) निर्धारण गरी हरियाली सडक निर्माण गर्ने नीति लिइनेछ ।
- आवश्यक स्थान र चौबाटोहरूमा ट्राफिक पोष्टको व्यवस्था गरी यातायात सुरक्षामा पदण्डहरूको अवलम्बन भएको हुनेछ ।
- सडक यातायात सुरक्षाका आधारभूत व्यवस्थाहरू (ट्राफिक सिग्नल, दुर्घटना ग्रस्तक्षेत्रको संकेत, मोड सुधार) कायम गरिनेछ ।
- अन्तर स्थानीय निकाय समन्वयबाट पूर्वाधार निर्माणको गुणस्तर मापनका लागि पूर्वाधार ल्याबको व्यवस्था गरिनेछ ।
- गाँउ पालिकाबाट वडा कार्यालयसम्म पुग्ने सडकहरू सडक मापदण्ड अनुसारको हुने छन् ।
- ग्रामिण सडकको आवश्यकता अनुसार एकतर्फ नाली र आवश्यकता अनुसार ढल व्यवस्थापन हुनेछ ।
- सडकलाई बार्है महिना सञ्चालन हुन सक्ने गरी आवश्यक पुलपुलेसा, कजवे तथा फ्लडवेहरूको निर्माण गरिनेछ ।
- आवश्यक स्थानमा आवागमन सुचारु गर्न झोलुङ्गे पुलहरूको निर्माण र स्तरोन्नति गरिनेछ ।
- सडक सीमाको अधिकार क्षेत्रमा पदण्ड अनुसार तोकिनेछ ।
- गाँउ पालिका स्तरीय सडकमा लगानी गर्दा व्यक्तिगत स्वामित्वबाट लगत कट्टा गरी सार्वजनिक भएको विषय स्थानीय राजपत्रमा प्रकाशित गरिनेछ ।

- निर्माण गरिने र भएका भौतिक तथा सामाजिक पूर्वाधारहरूलाई बालबालिका, लैंगिक, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति तथा वातावरण मैत्री हुने गरी निर्माण, सुधार गरिनेछ ।

**८.प्रमुख कार्यक्रमहरू**

| क.सं. | कार्यक्रम | अनुमानित लागत | सहयोगी निकाय |
|---|---|---|---|
| १ | गाँउ पालिकासंग सम्पूर्ण वडा कार्यालय सडक मार्गबाट जोड्ने | | प्रदेश, संघीयसरकार |
| २ | हाल रहेको मुख्य सडकहरु स्तरउन्नति गरि बाह्र महिना नै चल्ने बनाउने | | प्रदेश, संघीयसरकार |
| ३ | वडा कार्यालय जोड्ने सम्पूर्ण सडक ग्राभेल गर्ने | | प्रदेश, संघीयसरकार |
| ४ | बस्ती जोड्ने नयाँ ट्र्याक निर्माण | | |
| ५ | बस्ती जोड्ने सडकहरुको स्तरोन्नति | | |
| ६ | गाँउ पालिका जोड्ने सडक कालो पत्रे गर्ने | | प्रदेश, संघीयसरकार |
| ७ | ग्राभेल सडक निर्माण (नियमि तथा/बायो इन्जिनियरिङ प्रविधि प्रयोग गरी सडक किनार संरक्षण) | | प्रदेश, संघीयसरकार |
| ८ | सडक किनारमा फलपूल तथा श्रृङ्गारिक वृक्षारोपण | | प्रदेश, संघीयसरकार |
| ९ | बसपार्क निमाण गाँउ पालिका केन्द्र | | प्रदेश, संघीयसरकार |
| १० | बसस्टप निमार्ण | | प्रदेश, संघीयसरकार |
| ११ | सडकमा सोलार बत्ति | | प्रदेश, संघीयसरकार |

८.४.२ सिंचाइ

१. पृष्ठभूमिः

अधिकांश जनसंख्या कृषि पेसामा निर्भर रहेको यस गाँउपालिकामा कृषिको उत्पादन, उत्पादकत्व वृद्धिदर बालीको विविधिकरण गर्न सिंचाइ सुविधाले ठूलो महत्व राख्दछ ।

२.विद्यमान अवस्थाः

खोला किनाराका फाँटहरूमा कृषकले सिंचाइ गरी कृषि उत्पादन हुने गरेकोछ ।

३.अवसर र चुनौतीः

समथर जमिन भएकाले गाँउ पालिका क्षेत्रमा सिंचाइका सम्भावना राम्रो रहेकोछ । उपलब्ध सम्भाव्य पानीको स्रोतबाट एकीकृत र समन्वयात्मक रूपमा सिंचाइको व्यवस्था गरीी संचाइको कमान्ड एरिया सिञ्चित क्षेत्र विस्तार गर्ने पर्याप्त सम्भावनाहरू देखिन्छन् । बर्तमानमा आकाशे पानी तथा डिप बोरीङ्गबाट भाडामा पानि लिएर सिंचाई गरी रहेका छन् ।

गाँउ पालिकामा सिंचाइ अनुकूलको क्षेत्रफल धेरै भएतानी बनेका सिंचाइ पूर्वाधारहरूको नियमित मर्मत सम्भार भई सुचारु हुन नसक्नु, वैकल्पिक सिंचाइका प्रविधिहरू प्रयोगमा आउन नसक्नु, पानीको स्रोतको बहुआयामिक प्रयोग र  व्यवस्थापन हुन नसक्नु, कृषिप्रति युवाहरूको आकर्षणमा कमी, भएका मुहानहरू सुक्दै जानु र पानीको पुनःसंरक्षण (recharge) मा ध्यान नजानु, अव्यवस्थित बस्ती विकासबाट पानीको उचित व्यवस्थापन हुन नसक्नु आदि चुनौतीहरू देखिएका छन् ।

४.सोच

सम्पूर्ण कृषि योग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा ।

५.उद्देश्य

- नहरन भएको क्षेत्रमा बोरीङ्गको माध्यमबाट सिंचाइ सेवा पुगेको हुनेछ । यसका साथै कृषि क्षेत्रमा उत्पादकत्व तिब्र रुपमा बृद्धि हुनेछ ।

६.लक्ष्य/अपेक्षित उपलब्धि नतिजाः

खेती योग्य जमिनमा सिंचाइको सुविधा पुगी कृषि उत्पादनमा बृद्धि हुनेछ । हाल रहेका कच्चि कुलोहरु पक्कि साना तथा मझौला नहरहरुले विस्थापित भएका हुने छन्र बोरीङ्ग जडान गरीनेछ ।

७.रणनीतिः

- सिंचाइ सम्भावना भएका खेती योग्य जमिन पहिचान गरी स्थायी स्रोतबाट व्यवस्थित १२ महिना चल्ने सिंचाइ सुविधा उपलब्ध गराइनेछ ।
- बोरीङ्गलाई प्राथमिकता दिइनेछ ।
- पानीको स्रोतको समुचित व्यवस्थापन गर्न बहु आयामिक पानीको प्रयोग गरी सिञ्चित क्षेत्र विस्तार गरिनेछ ।
- सिञ्चित क्षेत्रमा आधुनिक र व्यावसायिक कृषि प्रणाली लागू तथा विविधिकरण गरिनेछ ।
- पानीको बहावको उचित व्यवस्थापन गरी भूक्षय रोक्नुका साथै उचित प्रविधिको अवलम्बन गरी पानीको अधिकतम उपयोग गरिनेछ ।

८.प्रमुख कार्यक्रमहरूः

| क्र.सं. | कार्यक्रम | अनुमानित लागत | सहयोगी निकाय |
|---|---|---|---|
| १ | नयाँ एकिकृत सिंचाई तथा बोरीङ्ग योजना सम्भाब्यता अध्ययन | | संघीय सरकार |
| २ | सामुदायिक डिप बोरीङ्गको निमार्ण | | प्रदेश सरकार |
| ३ | सिंचाईको लागि आकाशे पानी संकलन गर्न पोखरी निर्माण | | प्रदेश सरकार |
| ४ | सुख्खा क्षेत्रमा थोपा सिंचाई सञ्चालन गर्न अनुदान | | |
| ५ | सिंचाईको लागि कृषि विद्युतीकरण विस्तार | | |

### ८.४.३ विद्युत्, ऊर्जा र संचार

**१.पृष्ठ भूमिः**

गाँउ पालिकाको आधुनिकीकरण तथा पूर्वाधार विकास तथा उद्यम व्यवसायको विस्तारमा ऊर्जाको महत्वपूर्ण भूमिका रहन्छ । यसमा ऊर्जाका सम्भाव्य विभिन्न स्रोतहरू जस्तै-बायो ग्यास, सौर्य ऊर्जा, लघु जलविद्युत्त तथा राष्ट्रिय ग्रिड प्रणाली रहेका छन् । गाँउ पालिकामा विद्युत/ऊर्जाको आपूर्तिद्वारा उद्योग व्यापार, व्यवसाय प्रवर्द्धनका साथै दैनिक जनजीबनलाई सहज बनाउन सहयोग पुग्दछ । ऊर्जाको सहज उपलब्धता र प्रयोगले दाउरा र ग्यासको बचत हुन गई वातावरणीय योगदान पुऱ्याउनका साथै आयात प्रति स्थापन गर्न समेत मद्दत पुग्ने हुन्छ ।

**२.वर्तमानअवस्थाः**

त्यसैगरी यस गाँउ पालिकामा मोबाइल फोन सेवा प्रदायकहरुले टेलिफोन सेवा प्रदान गरी रहेका छन् । तर पनि केहि वडामा केही भुभागमा मोबाइल नेटवर्कको समस्या देखिन्छ । मोबाइल र टेलिफोनको पहुँच बढेतापनि इन्टरनेटको विस्तार भने अपेक्षित रुपमा हुनसकेको छैन । गाँउ पालिका केन्द्र आसपासको ठाउँ बाहेक अन्य वस्तीहरु सहज इन्टर नेटको पहुँच बाहिर छन् ।

**२.अवसर र चुनौतीः**

गाँउ पालिकामा पर्याप्त र नियमित विद्युत आपूर्तिको अभावमा उद्योग व्यवसायको उत्पादनमा अवरोध हुनका साथै लगानी समेत आकर्षित हुन सकेको छैन । बिद्युत चोरी अत्याधिक हुने गर्छ ।

**४.सोच**

जलविद्युतको तीव्र विकास मार्फत गाँउ पालिकाको दिगोविकास र समृद्धि ।

५.उद्देश्य

- गाँउ पालिका भित्रका सबै घरधुरीहरूमा १२ महिना विद्युत सेवा उपलब्ध गराउने, जस अन्तर्गत केन्द्रीय प्रसारणलाईनबाट ५० प्रतिशत नवीकरणीय ऊर्जाबाट ५० प्रतिशत विद्युतको आपूर्ति गरिनेछ ।
- सबै वडा कार्यालय र विद्यालयहरुमा इन्टरनेटको पहुच हुनु ।

६.लक्ष्य/अपेक्षित उपलब्धि

| क्र.सं. | सूचक लक्ष्य | आ.ब. ०७९/८०को अवस्था | आवधिक योजनाको लक्ष्य ९०८४/८५मा) |
|---|---|---|---|
| १ | विद्युत पहुँच प्राप्त जनसंख्या र प्रतिशत | – | १०० |
| २ | सबै सरकारी निकायमा इन्टरनेटको सुविधा | – | सबै निकायहरु |

७.रणनीतिः

- ५वटै वडामा केन्द्रीय विद्युति ग्रेडबाट विद्युत आपूर्तिको व्यवस्था मिलाइनेछ ।
- कम क्षमता भएको ट्रान्सफरमरहरूलाई क्षमता वृद्धि गराई विद्युतलाईन विस्तार गर्नुपर्ने छ ।
- वैकल्पिक ऊर्जाको उत्पादन र विकास (बायो ग्यास र सौर्य ऊर्जा आदि) गर्न प्रोत्साही गरिनेछ र दाउराको बचत गर्न धूवाँ रहित चुलो जडान कार्यलाई प्रवर्द्धन गरिनेछ ।
- विद्युत चुहावट न्यूनीकरणका सबै उपाय अवलम्बन गरिनेछ ।
- सबै सरकारी निकायमा इन्टरनेट सुबिधा पुर्याइनेछ ।

८.प्रमुख कार्यक्रमहरूः

| क्र.सं. | कार्यक्रम | अनुमानित लागत | कैफियत | सहयोगी निकाय |
|---|---|---|---|---|
| १ | घरायसी प्रयोजनका लागि सोलार प्यानल राख्न चाहनेको | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | संघिय/प्रदेशसरकार |

| | | | | |
|---|---|---|---|---|
| | लागि अनुदान कार्यक्रम | | | |
| २ | बायोग्यास उत्पादनका लागि अनुदान | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | संघिय/प्रदेशसरकार |
| ३ | बिधुत सेवा नपुगेको ठाउँमा सेवा प्रबाह | | | नेपाल बिधुतप्राधिकरण |
| ४ | मोबाइल नेटवर्क कमजोर भएको ठाउँलाई लक्षित गरि टावरको प्रबन्ध गर्न मोबाइल सेवा प्रदायक कम्पनीसँग सहकार्य | | | नेपालटेलिकम/एनसेल |

| क. सं. | योजना | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|
| १ | सार्वजनिक भवनहरुमा इन्टरनेट सेवाको प्रबन्ध | | गै.स.स |
| २ | हरेक वडा केन्द्रमा वाई.फाई.को ब्यबस्था | | गै.स.स |
| ३ | स्थानिय पत्रिका संचालनमा सहयोग | | नेपाल पत्रकार महासंघ |
| ४ | स्थानिय टेलिभिजन संचालनमा सहयोग | | नेपाल पत्रकार महासंघ |
| ५ | स्थानिय एफ.एम संचालनमा सहयोग | | नेपाल पत्रकार महासंघ |
| ६ | सार्वनजिक कार्यालयको सेवा प्रवाहमा प्रविधिको प्रयोग गर्न सम्पूर्ण कर्मचारीलाई सूचना प्रविधि मैत्री तालिम सञ्चालन | | निजिक्षेत्र |

### ८.४.४ खानेपानी तथा सरसफाइ क्षेत्र

**१.विषय प्रवेश**

खानेपानी तथा सरसफाई सेवा आधारभूत मानव अधिकारको रूपमा स्थापित छ । खानेपानीको पहुँचलाई नेपालको संविधानमा मौलिक हकको रूपमा नै व्याख्या भएबाट यसक्षेत्रमा थप जोड दिनु आवश्यक भएकोछ ।

२.वर्तमानअवस्था

यस गाँउ पालिका प्राय सबै  घरधुरीमा कल जडान गरिएको देखिन्छ । यद्यपी खानेपानीको शुद्धतामा समस्या देख्न सकिन्छ जसकारणले विभिन्न रोगहरू लाग्न सक्ने देखिन्छ । यस गाँउपालिकामा सबै घर घरमा खानेपानी भएपनि उक्त पानी पिउन योग्य हो या होइन भन्ने कुराको यकिन गर्न आवश्यक छ । सरकारले नेपाललाई पूर्ण खुला दिसामुक्त राष्ट्र घोषणा गर्ने उद्देश्यले एक घर एक चर्पीको अभियान थालेको छ । यस गाँउपालिकाको कुरा गर्नु पर्दा प्राय:घरमा चर्पीको व्यवस्था कम रहेको पाइन्छ । सार्वजनिक स्थानहरूमा शौचालयको व्यवस्था गर्नुपर्ने आवश्यकता छ ।

**३.अवसर र चुनौती:**

खानेपानी तथा सरसफाइ सेवाका जिम्मेवारी गाँउ पालिकामा रहनु, पानी तथा सरसफाइ सेवा एवं संरचनाको विकास तथा विस्तारमा स्थानिय सरकार, बिकास, साझेदार, अन्तराष्ट्रिय गैरसरकारी संस्था गैरसरकारी संस्था तथा उपभोक्त समितिहरू र नागरिकको सहभागिता बढ्दै जानु, स्वास्थ्य, खानेपानी र सरसफाइलाई स्थानीय तहले समन्वयात्मक रूपमा कार्यान्वयन गर्न सक्ने अवस्था , सरसफाइ कार्यक्रम सामाजिक अभियानको रूपमा सञ्चालन हुनु जस्ताकारणहरूले गर्दा यस क्षेत्रमा आशातित सुधार गर्न सकिने अवस्था सिर्जना हुन गएकोछ ।

वातावरणीय प्रभाव, जलवायु परिवर्तन, बढ्दो सहरीकरण र अव्यवस्थित बस्ती विकासका कारण खानेपानीका स्रोतहरू सुक्दै जान ुर स्रोत प्रदूषित हुनु, स्वास्थ्यलाई खाने पानी तथा सरसफाइ सुविधाको अभिन्न अङ्गका रूपमा लैजान नसक्नु, बढ्दो बसाईसराईका कारण सहरी बस्तीमा ढलनिकास व्यवस्थिता गरी नदीनाला, पोखरी आदिको संरक्षण र स्वच्छ्छता कायम गर्न कठिनाय हुनु एवं खानेपानी

तथा सरसफाइका क्षेत्रमा संलग्न सरोकार वालाहरू बीच प्रभावकारी समन्वय हुन नसक्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### ४.सोच

भरपर्दो, गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाइ सेवाबाट नागरिकको स्वास्थ्य तथा जीवनशैलीमा सुधार ।

### ५.उद्देश्यः

सबै नागरिकलाई आधारभूत स्वच्छ खानेपानी र सरसफाई सुल भढंगबाट उपलब्ध भएको हुनेछ ।

### ६.लक्ष्य/अपेक्षित उपलब्धि

| क्र.सं. | विवरण | ईकाई | आधार वर्ष २०७९/८०को स्थिति | आर्थिक वर्ष २०८३/८४को लक्ष्य/अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | खानेपानी सेवा कुल जनसंख्याको | प्रतिशत | १०० | |
| २ | सफा खानेपानीको पहुँच नभएका घर धुरी कुल जनसंख्याको | प्रतिशत | ० | |

### ७.रणनीति

- प्रत्येक घरधुरीमा 'एक घर एक धारार एक चर्पी' कार्यक्रम सञ्चालन गरिनेछ ।
- वर्तमानमा पालिका क्षेत्र भित्र सञ्चालनमा रहेका खानेपानीका स्रोतहरू एवं आयोजनाहरूको भौतिक स्तरोन्नति गरी व्यवस्थापनमा सुधार ल्याइनेछ ।
- खाने पानी पहुँचमा समस्या देखिएका क्षत्रेमा नयाँ खानेपानीका परियोजना सञ्चालन गरिनेछ ।

- पालिकाका हरेक घरधुरीका चर्पीका सेप्टि कट्याङ्को व्यवस्था गरिनेछ ।
- विद्यालयमा छात्राहरूलाई महिनावारीका बेलामा गर्नुपर्ने विषेश सरसफाइबारे तालिम दिई anitary Pad बनाउने घरेलु तरिका सिकाइनेछ ।
- विद्यालय माछात्राहरूलाई स्यानिटरी प्याड (SanitaryPad)वितरणगरिनेछ।

८. प्रमुख कार्यक्रमहरू

| क.सं | कार्यक्रम | अनुमानित लागत | कैफियत | सहयोगी निकाय |
|---|---|---|---|---|
| १ | हरेक घरमा सेप्टी ट्यांक सहितको चर्पीको ब्यबस्था | | | संघिय, प्रदेशसरकार, गै.स.स |
| २ | एक घर एक धारा कार्यक्रम | | प्रत्यक खानेपानी योजना भित्र समाहित गरिएको | |
| ३ | सरसफाई सम्बन्धि जनचेतना कार्यक्रम | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | गै.स.स |
| ४ | स्कुले किशोरीहरुलाई स्यानिटरी प्याड वितरण कार्यक्रम | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | गै.स.स |
| ५ | किशोरी तथा महिलाहरुलाई स्यानिटरी प्याड बनाउने तालिम | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | गै.स.स |

## ८.५पूर्वाधार क्षेत्रमा प्रक्षेपित लगानी

गाँउपालिकाको पाँच वर्षे आवधिक योजनाको लक्ष्य बमोजिम प्राथमिकतामा समावेश गरिएका विकासकार्यक्रम तथा क्रियाकलापहरू अन्तर्गत पूर्वाधार क्षेत्रमारु. १अर्ब ९करोड, ४४ लाख ९०हजार (

कुल प्रक्षेपित व्ययको ४२.५० प्रतिशत) खर्च हुने अनुमान गरिएको छ। जसअन्तर्गत सडक तथा पुल ( झोलुंगेपुल समेत) का लागि ३१.५० प्रतिशत, सिंचाइका लागि ६.२८ प्रतिशत, जलविद्युत् ( वैकल्पिक ऊर्जा समेत), सञ्चार क्षेत्रका लागि ०.५ प्रतिशत र खानेपानी तथा सरसफाइका लागि ७.५ प्रतिशत व्ययको प्रक्षेपण गरिएको छ।

## भाग -९ वन तथा भू-संरक्षण, वातावरण र विपद् व्यवस्थापन

### ९.१ विषय प्रवेश

वर्तमान मावन, वातावरण, जलवायु अनुकूलनले दिगोविकासको लक्ष्य प्राप्तिका महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ तथा स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारका

सुनिश्चित गर्दै मौलिकहकको व्यवस्था गरेको छ। सम्पूर्ण क्षेत्रको कम्तीमा पनि प्रतिशत वनभूभागले ओगटेको क्षेत्रहुने नीतिरहेको र वनबाटै काठ, दाउरा, घाँसपात, गैरकाष्ठ वनपैदावारको आपूर्ति हुने हुनाले यसक्षेत्रबाट कृषि, पशुपालन, पर्यटन सुविधा पुग्नेहुनाले यसको प्रवर्द्धन र भूक्षय रोकथाम गर्न यसले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

### ९.२उद्देश्य

जैविक विविधता र प्राकृतिक स्रोतको संरक्षण, संबर्द्धन र दीगो उपयोग गरी, जलवायु अनुकूलन तथा न्यूनीकरण पद्धतिको अवलम्बनका साथै बन भू-तथा जलाधार, विपद फोहरमैला व्यवस्थापन गरी वातावरण मैत्री विकासको माध्यमबाट हरित र सफा गाँउपालिका विकास गर्नु।

### ९.३ विषयक्षेत्र

यस विषयगत क्षेत्रभित्र निम्न उप क्षेत्र समावेश गरिएका छन्:

(क) वन, भू-संरक्षण तथा वातावरण व्यवस्थापन

(ख) विपद्‌ व्यवस्थापन

९.३.१वन तथा वातावरण

१.पृष्ठभूमि

दिगो विकासमा वन तथा वातावरण क्षेत्रको महत्वपूर्ण योगदान रहन्छ । यस क्षेत्रको रोजगारीको सिर्जना, आय वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तै-काठ, दाउरा, घाँसपात, गैरकाष्ठ वन पैदावारहरूको आपूर्तिका साथै कृषि, पशुपालन, पर्यटन र सिंचाइमा समेत वनक्षेत्रको उल्लेखनीय भूमिका रहेकोछ । जनसहभागितामूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक-सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेकोछ ।

अधिकांश तराई भू-भाग भएको यस गाँउ पालिका क्षेत्रमा माटोर पानीको संरक्षण गरी दिगोविकास तथा जीविकोपार्जनमा टेवा पुऱ्याउन एकीकृत जलाधार व्यवस्थापन तथा खोलानाला प्रणालीमा आधारित भू-जलाधार संरक्षण एवं व्यवस्थापनका साथै बनस्पति संरक्षाका साथै व्यवस्थापनको व्यवस्था गरिनु पर्नेछ ।

२.वर्तमान अवस्थाः

यस गाँउ पालिकाको वन क्षेत्रमा सरकारी वन, सामुदायिक वन तथा कबुलियती वनसमेत समावेश रहेकोछ । गाँउ पालिकाक्षेत्रको वनमा मुख्यतः साल, सिसौ, खयर आदि जातका रूखहरूको बाहुल्यता रहेकोछ ।

३.अवसर र चुनौतीः

यसैगरी वन क्षेत्रमा सुक्खा याममा हुने अनियन्त्रित डढेलोबाट वनक्षेत्रलाई जोगाउने चुनौती पनि रहेकोछ । यसैगरी सडक सञ्जालका कारण खाना पकाउन तथा घरायसी ऊर्जाका लागि काठदाउराको प्रयोग घट्दै जाने भएकाले वनक्षेत्रको संरक्षणमा योगदान पुग्न सक्ने हुन्छ । वन तथा वातावरणीय चेतनाको स्तर राम्रो रहेको यस गाँउपालिकामा समुदायमा आधारित वन संरक्षण र संवर्द्धनमा नागरिकको सक्रिय सहभागिता देखिएकाले उचित वन व्यवस्थापनका माध्यमबाट राष्ट्रिय लक्ष्य भन्दा

बढी वनक्षेत्र सृजना र जलाधार, पानीको स्रोत संरक्षण तथा भू-संरक्षका लागि उपयुक्त सम्भावना समेत रहेकोछ ।

वनको घनत्व समेत राम्रो भएकाले उपयुक्त वन व्यवस्थापन योजनाको तर्जुमा गरी वनमा आधारित व्यवसायको वृद्धि हुनका साथै हरित रोजगारीको अभिवृद्धिका अवसरहरू पनि रहेका छन् ।

**४.सोच**

सघन तथा विविधता युक्त वन स्रोत, विशिष्टीकृतजैविकविविधता, समृद्ध जलाधार र उद्यमशीलता युक्त वन क्षेत्र ।

**५.उद्देश्यः**

वन तथा जैविक विविधता र प्राकृतिक स्रोत (खानी तथा खनिज पदार्थ समेत) को वैज्ञानिक व्यवस्थापन गर्दै वातावरणमैत्री व्यवस्थापन, संरक्षण तथा उपयोग गर्नु ।

**६.लक्ष्य/अपेक्षित उपलब्धि**

- गाँउ पालिकाले भवन निर्माण आचार संहिता लागु गरिसकेको हुनेछ ।
- भु-उपयोग गर्न जग्गाको वर्गिकरण गरिएको हुनेछ ।
- यस गाँउपालिकाको प्रमुख स्थानहरुमा डस्टविनको व्यवस्था भएको हुनेछ ।

**७.रणनीतिः**

वन पैदावार उपयोग तथा जैविक विविधता र वातावरण सम्बन्धी नीति, कानुन, योजना तर्जुमा कार्यान्वयन नियमन तथा अनुगमन गर्ने,

गाँउ पालिका क्षेत्र भित्रको उपयुक्त स्थानहरूमा वन पैदावर संकलन र वितरण केन्द्रस्थापना गरिनेछ ।

गैर काष्ठ उत्पादन (जडीबुटी) लाई व्यवस्थित एवं वैज्ञानिक तरिकाले व्यवस्थापन गरी मूल्य अभिवृद्धि हुने गरी निकासी गरिनेछ,

सबै प्रकारका वनमा वैज्ञानिक पद्धतिबाट व्यवस्थापन गरी (पकेट क्षेत्रका पुराना तथा सडेगलेका काठ दाउरा व्यवस्थापन) प्रयोग तथा उपयोग गरिनेछ,

उपयोग नभएको वन क्षेत्रमा कबुलियती वन कार्यक्रम आरम्भका साथै आयमूलक खेती गर्न किसानलाई प्रोत्साहित एवं अनुदानको समेतको व्यवस्था मिलाई सामूहिक युवा लक्षित जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिनेछ,

व्यवस्थित तरिकाले गैरकाष्ठ उत्पादन (जडीबुटी) लाई वैधानिक तरिकाले निकासी पैठारी गर्न सुरुवात गर्ने,विद्यमान सामुदायिक वनमा भएका स्थानीय जलवायु अनुकूलन योजनाहरू संकलन गरी गाँउपालिका क्षेत्रको समष्टिगत जलवायु अनुकूलन योजना बनाई तद अनुसार कार्यक्रम सञ्चालन गरिनेछ,

गाँउ पालिकाको भु-उपयोग एवं वातावरण व्यवस्थित गर्नका लागि भवन निर्माण आचर संहिता निर्माण गरिनेछ । किसानहरुलाई कम्पोष्ट मल बनाउने तालिम प्रदान गरिनेछ । सडक किनारामा बृक्षरोपण गरी हरियाली प्रवर्द्धन गरिनेछ । भु-संरक्षणमा जोड दिइनेछ । वातावरणीय प्रदुषण न्यूनिकरण गरिनेछ । उपयुक्त स्थानहरुमा फोहोर संकलनका लागि डस्टविनको व्यवस्था गरिनेछ ।

**८.प्रमुख कार्यक्रमहरू**

| क्र.सं | कार्यक्रम | अनुमानित लागत | कैफियत | सहयोगी निकाय |
|---|---|---|---|---|
| १ | भूक्षय नियन्त्रण कार्यक्रम | | प्रत्यक वर्ष खर्च गर्नुपर्ने | संघिय, प्रदेशसरकार, गै.स.स |
| २ | वायु प्रदूषण नियन्त्रण कार्यक्रम | | प्रत्यक वर्ष खर्च गर्नुपर्ने | संघिय, प्रदेशसरकार, गै.स.स |

| | | | | |
|---|---|---|---|---|
| ३ | ध्वनि प्रदूषण नियन्त्रण कार्यक्रम | | प्रत्यक वर्ष खर्च गर्नुपर्ने | संघिय, प्रदेशसरकार, गै.स.स |
| ४ | भवन निर्माण आचारसंहिता लागु गर्ने | | | |
| ५ | वृक्षारोपण कार्यक्रम | | प्रत्यक वर्ष खर्च गर्नुपर्ने | गै.स.स |
| ६ | प्राङ्गगारिक मल उत्पादन तालिम | | प्रत्यक वर्ष खर्च गर्नुपर्ने | गै.स.स |

| क.सं | योजना | अनुमानित लागत | सहयोगी निकाय |
|---|---|---|---|
| १ | डस्टबिनको व्यवस्था | | निजी क्षेत्र |
| २ | गाउँ पालिका केन्द्र तथा अन्य बजार केन्द्रमा फोहोरको व्यबस्थापन | | संघिय,प्रदेशसरकार |
| ३ | नाली तथा ढलको व्यवस्थापन | | संघिय,प्रदेशसरकार |
| ४ | सम्पूर्ण सामुदायिक वन उपभोक्ता समितिहरुको बैज्ञानिक वनकार्य योजना तयारी तथा परिमार्जन,अद्यावधि | | वन कार्यालय, सावउमसं |
| ५ | बैज्ञानिक वन व्यवस्थापन तालीम | | वन कार्यालय, सावउमसं |
| ६ | उत्कृष्ट सामुदायिक वनलाई पुरस्कार ( नमुना वन पुरस्कार) | | वन कार्यालय, सावउमसं |
| ७ | एक वडा एक नर्सरी निर्माण | | वन कार्यालय, सावउमसं |
| ८ | जडिबुटी बिरुवा उत्पादन तथा वितरण | | वन कार्यालय, सावउमसं |
| ९ | रुख बिरुवाको बेर्ना उत्पादन तथा वितरण | | वन कार्यालय, सावउमसं |

| | | | |
|---|---|---|---|
| १० | डालेघाँस बिरुवा उत्पादन तथा वितरण | | वन कार्यालय, सावउमसं |
| ११ | जङ्गलमा उचित तरिकाले वर्षातको पानी संकलन हुने पोखरीहरु निर्माण | | वन कार्यालय, सावउमसं |
| १२ | फल फूल वनको विकास | | वन कार्यालय, सावउमसं |
| १३ | खाली रहेका बाँझाें जमीनमा निजी वनको विकास तथा वन सम्बन्धी तालिम ( वृक्षारोपण अनुदान) | | वन कार्यालय, सावउमसं |

### ९.३.२ विपद्ब्यवस्थापन र प्रकोप न्यूनिकरण

**१. पृष्ठभूमिः**

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरेको छ । नेपालको संविधानले विपद्व्य व्यस्थापनलाई उच्च प्राथमिकतामा राखी तीन वटै तहका सरकारका लागि विपद व्यवस्थापनको कार्य जिम्मेवारी तोकेकोछ । यसका साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि विपद्ब्यवस्थापन सम्बन्धी स्थानीय स्तरमा योजना एवं कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय सरकारलाई तोकेकोछ ।

विपद्ब्यवस्थापनलाई योजनाबद्ध रूपमा आ-आफ्नो क्षेत्रमा आवश्यकता अनुसार परिचालन गर्न पूर्व तयारी आवश्यक हुन्छ । यसरी पूर्व तयारी गरिँदा पूर्व अनुमान समेत गरी आवश्यक जनशक्ति, सामग्री, उपकरण, कोषको व्यवस्था र जोखिम युक्त स्थानको पहिचानका साथै जोखिम न्यूनीकरणका मापदण्डको गम्भीर पूर्वक परिपालना गर्नुपर्छ । विपद्ब्यवस्थापन कार्यक्रम कार्यान्वयनका लागि नियमित स्रोत व्यवस्थापन गर्न एक विपद्ब्यवस्थापन कोषको स्थापना गर्न सकिन्छ । उक्त कोषमा नियमित एवं अन्य स्रोतबाट समेत रकम जम्मा गर्ने र स्वीकृत कार्यविधिका आधारमा सो कोषको परिचालन मार्फत विपद्ब्यवस्थापन कार्य सञ्चालन तथा व्यवस्थापन गरिनु उपयुक्त हुन्छ । साथै विपद् पश्चात बसोबास गराउन सकिने स्थानको पहिचान समेत गराई राख्नु पर्ने हुन्छ । यस्तो विपद्को बेला विभिन्न संस्थाहरू

बीच समन्वयका लागि सबै तहमा उचित संस्थागत व्यवस्था समेत गरिनु पर्ने जरुरी हुन आउँछ । स्थानीय सरकारहरूले अन्तर स्थानीय तह बीच समेत समन्वय गरी आ-आफ्नो क्षेत्रमा कार्यक्रम र बजेटको व्यवस्था कार्यान्वयन गर्नु पर्ने हुन्छ ।

**२.वर्तमान अवस्थाः**

गरिबी न्यूनीकरणको मुद्दालाई प्रभावकारी रूपमा सम्बोधन गर्नका लागि वातावरणमैत्री जलवायु उत्थान शील र विपद् प्रतिरोधात्मक क्रियाकलापहरू एकीकृत रूपमाका र्यान्वयन गर्नु पर्ने हुन्छ । यसका लागि संघीयमामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यस अघि देखिनै निर्माण गरी कार्यन्वयनमा रहेको वातावरणमैत्री स्थानीय शासन प्रारूप २०७० लाई आधार लिन सकिन्छ ।
हालसम्म यस गाँउ पालिकामा ठूलो धनजनको क्षति हुने खालको प्राकृतिक प्रकोप गएको देखिंदैन । तर केहि स्थानहरुमा पहिरोको जोखिम रहेकोछ । त्यस्तै नदीको छेछाउमा बाढीको जोखिम रहेकोछ ।

**३.अवसर र चुनौतीहरूः**

गाँउ पालिकाले व्यवस्थित र योजनाबद्ध विकासका प्रयासहरूको अवलम्बन प्रारम्भ गरेकोछ । गाँउ पालिकाले आरम्भ गरेको योजनाबद्ध विकास प्रयास, वातावरण मैत्री पूर्वाधार विकास, हरित सडक, फोहर मैला व्यवस्थापन, जनचेताना अभि वृद्धि जस्ता प्रयासहरूले विपद् न्यूनीकरण र स्थानीय सहभागिताबाट विपद्व व्यवस्थापन गर्ने उपयुक्त अवसरहरूको विकास गरेकोछ ।

यसैगरी सबै स्थानमा विपद्को अवस्थामा तत्काल नियन्त्रण गर्न पूर्वाधारको अवस्था अर्का चुनौतीको रूपमा रहेको देखिन्छ । विपद्व व्यवस्थापनलाई योजनाबद्ध रूपमा सञ्चालन गर्ने प्रति कार्यका लागि पनि जनशक्ति, उपकरण, सामग्री, कोषको व्यवस्था र जोखिम युक्त स्थानको पहिचानका साथै जोखिम न्यूनीकरणका मापदण्डको गम्भीरता पूर्वक परिपालना गराई विपद्व व्यवस्थापनको कार्यलाई सुव्यवस्थित गर्नु गाँउपालिकाका लागि चुनौतीको विषय रहेकोछ ।

विपद् जोखिम व्यवस्थापनको सवाललाई विकासका योजनासँग मूल प्रवाहीकरण गरी विपद् उत्थानशील समाज निर्माण गर्ने क्रममा गाँउ पालिकाले पहल कदमी लिन आवश्यक हुन्छ ।

४.सोच

सबै प्रकारका विपद्हरूको प्रभावकारी व्यवस्थापनबाट विपद् उत्थानशील मुलुकको रूपमा गाँउ पालिकालाई विकास गर्ने ।

५.उद्देश्यः

गाँउ पालिका भित्र प्राकृतिक प्रकोपको जोखिम न्युनिकरण गर्नु र विपद्ध व्यवस्थापन गर्न ।

६.लक्ष्य/अपेक्षित उपलब्धि

- यस गाँउ पालिका भित्रका पहिरोको जोखिममा रहेका स्थानहरुमा बढी नियन्त्रण कार्य सम्पन्न हुनेछ ।
- हरेक वडा कार्यालयमा प्राकृतिक प्रकोप न्युनिकरण तथा राहत र उद्धार कोषको स्थापना हुनेछ । साथै आवश्यक उपकरणहरु पनि उपलब्ध हुने छन् ।
- कुनै पनि प्राकृतिक विपदको अवस्थामा उद्धार र राहत वितरण चुस्त हुनेछ ।

७.रणनीति

- विपद्ध व्यवस्थापन नीति, रणनीति तयार गरी कार्यान्वयन गरिनेछ ।
- विपद्ध व्यवस्थापनको पूर्व तयारीका लागि विपद् जोखिम न्यूनीकरण तथा HazardMappingसमेत तयार गरी सञ्चालन गरिनेछ ।
- विगतमा भएको भूकम्पको क्षति भएको तथा अन्य विपद्बाट भएको तदारुकताका साथ कार्यान्वयन गरिनेछ ।

- गाँउ पालिका स्तरीय विपद जोखिम व्यवस्थापनका लागि वडा स्तर देखि नै संस्थागत व्यवस्था समेत गरी विकास निर्माण र जोखिम न्यूनीकरणका कार्यमा संलग्न गराउनुका साथै नियमन र अनुगमनको व्यवस्था समेत गरिनेछ ।
- गाँउ पालिका  स्तरीय विपद्ब व्यवस्थापन कोषमा र कम वृद्धि गरी विपद्ब व्यवस्थापनका लागि वडा स्तरीय स्वयंसेवक तयार परिचालनको व्यवस्था गरिनेछ ।
- वन्यजन्तुबाट हुने क्षतिको न्यूनीकरण गर्नका लागि (बाँदर, दुम्सी जस्ता जंगली जनावरको नियन्त्रणको व्यवस्था समुदायको सहभागितामा गरिनेछ ।
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरिनुका साथै विपद्ब व्यवस्थापनमा समन्वय प्रणालीलाई प्रभावकारी बनाइनेछ ।
- विपद्ब व्यवस्थापन सम्बन्धी सूचना प्रणालीलाई सर्व सुलभ र प्रभावकारी बनाउने ।
- विपद्ब व्यवस्थापनका लागि पूर्व तयारी गर्न उपकरण, सामग्री र दक्ष जनशक्तिको प्रबन्ध गरिनेछ ।
- एम्बुलेन्स, बारुण यन्त्र जस्ता अत्यावश्यक साधनहरू र यसको प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।
- विपद् पश्चात पुनर्स्थापना र पुनर्निर्माणकार्यहरूको सबै सरोकारवालाहरूसँग संयोजन र प्रबन्धन गरिनेछ ।
- विपद् जोखिम शासनको सुदृढीकरण गरिने ।
- गाँउ पालिका भित्रका सम्भावित जोखिम क्षेत्रको पहिचान गरी न्यूनीकरण तथा अनुकूलन कार्य सञ्चालनका लागि प्राथमिकता निर्धारण गरी सञ्चालन गरिनेछ ।
- विकास निर्माणका कार्यमा जोखिम न्यूनीकरणका उपाय अवलम्बन गरिनेछ ।
- डढेलोको जोखिम कम गर्न जंगल वरपर ‘फायरलाइन बनाइने ।
- प्राकृतिक प्रकोपको समयमा उद्धार तथा राहत कार्यको लागी आवश्यक प्रशिक्षण दिइने ।
- गाँउ पालिका भित्रका म गर्ने ठेकेदारहरुलाई प्रकोप न्यूनिकरणको तालिम दिइने ।

- गाँउ पालिका भित्रका सिकर्मी, डकर्मीलाई भुकम्प प्रति रोधीघरहरुको निर्माण गर्न आवश्यक तालिमको व्यवस्था गरिने ।
- सबै सार्वजनिक भवनहरुमा आगो नियन्त्रणका उपकरणको व्यवस्था गरिने ।
- सबै वडा कार्यालयहरुमा राहत तथा उद्धारका सामाग्रीको व्यवस्था गरिने ।
- सबै वडाहरुमा आपतकालिन उद्धारका लागि हेलिप्याड निर्माण गरिने ।

८.प्रमुख कार्यक्रमहरू

| क.सं. | योजना | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|
| १ | बाढी नियन्त्रण | | संघिय,प्रदेशसरकार |
| २ | दमकलको व्यवस्था | | संघिय,प्रदेशसरकार |
| ३ | सार्बजनिक भवनहरुमा आगलागी नियन्त्रणको उपकरण | | संघिय,प्रदेशसरकार,गै.,स.स. |

| क.सं | कार्यक्रम | अनुमानित लागत | कैफियत | सहयोगी निकाय |
|---|---|---|---|---|
| १ | प्राकृतिक प्रकोप न्यूनीकरण, उद्धार तथा राहत वितरण समितिको ब्यबस्था | | | संघिय, प्रदेशसरकार,गै.स.स |
| २ | प्राकृतिक प्रकोप न्यूनीकरण, तथा उद्दार कोषमा जम्मा रकम | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | संघिय, प्रदेशसरकार, |
| ३ | आगलागी नियन्त्रणका लागि फाएर लाइनको निर्माण | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | प्रदेशसरकार,समुदाय |

| | | | | |
|---|---|---|---|---|
| ४ | युवाहरुलाई दैबी प्रकोप उद्दार तालिम | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | नेपालप्रहरी,सशस्त्रप्रहरी,नेपालीसेना |
| ५ | गाउ पालिका भित्रकाम गर्ने निर्माण ब्यबसायीलाई प्रकोप न्यूनीकरण तालिम | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | सशस्त्रप्रहरी, नेपालीसेना |
| ६ | सिकर्मी र दकर्मिलाई भूकम्प प्रतिरोधक भवन निर्माण गर्ने तालिम | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | संघियसरकार |
| ७ | जनचेतना कार्यक्रम | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | गै.स.स |

### ९.४.वातावरण संरक्षण तथा विपद्व व्यवस्थापनमा प्रक्षेपित लगानी

वातावरण क्षेत्र अन्तर्गत वन तथा भ-सूंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद्व व्यवस्थापन र बारुण यन्त्र सञ्चालन सम्बद्ध कार्यहरू समावेश गरिएका छन्। वातावरण संरक्षण तथा विपद्व व्यवस्थापनमा अन्तर्गत आवधिक योजनामा करिब रु. ११ करोड ५८ लाख ८७ हजार अर्थात्कुल खर्च अनुमानको ४.५ प्रतिशत खर्च हुने अनुमान गरिएको छ । वातावरण सरक्षण तथा विपद्व व्यवस्थापन सम्बद्ध कार्यहरूमा निजी क्षेत्र, गैरसरकारी क्षेत्र र समुदायको लगानी एवं सहभागिता रहने अपेक्षा गरिएकोछ ।

## भाग १० संस्थागत विकास तथा सेवा प्रवाह

### १०.१ विषयप्रवेश

नेपालको संविधान (२०७२) बमोजिम मुलुकसंघीय संरचनामा प्रवेश गरी राज्यको पुन:संरचना पश्चात्जारी भएको स्थानीय सरकार सञ्चालन ऐन २०७४ले स्थानीय सरकारको रूपमा गाँउपालिकालाई समग्र विकासको नेतृत्व गर्नेजिम्मेवारी प्रदान गरेको छ । गाँउपालिकाल विकास आयोजनाको तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्नुकासाथै नागरिक मैत्रीसेवा प्रवाह,

सेवाप्रवाहमा प्रविधिको उपयोग, चुस्त संगठन संरचनाको विकास, प्रभावकारीथागत संयन्त्रको स्थापनार विकास, पधाधिकारी एवं कर्मचारीको क्षमता विकास मार्फत अधिकारमा आधारित सेवाप्रवाहको प्रत्याभूति गर्नु वर्तमान स्थानीय सरकारको अवसर हो भने नवस्थापित संरचनका लागि यो कार्यभार पूरागर्न कमचुनौ तीपूर्ण छैन । यी कार्यहरू पूरागर्न नातिजा मूलक कार्ययोजनाको तर्जुमाका साथै त्यसको प्रभावकारी कार्यान्वयनका माध्यमबाट मात्र पूरागर्न सकिन्छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको  मूल संरचनासंघ, प्रदेश र स्थानीयतह गरी तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग तीनै तहले संविधान र कानुन बमोजिम गर्ने व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था समेत गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाँउपालिका तथा गाँउपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र विषयक्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजनाबनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय सरकार सञ्चालन ऐनले संघीय सरकारको स्वीकृतिमा विकास साझेदार तथा अन्तर्राष्टिय गैरसरकारी संस्थाको गाँउपालिकाको विकासका लागि स्रोत जुटाउन सक्ने व्यवस्था गर्नुका साथै गाँउपालिका क्षेत्रभित्र कार्यरत सबै संघीय, प्रादेशिक र स्थानीय तहमा कार्यरत सबै सरकारी कार्यालय, गैरसरकारी, सहकारी संस्था एवं निजी क्षेत्रसँग सहकार्य र अन्तर सम्बन्ध स्थापित गरी समन्वयात्मक रूपमा कार्य सञ्चालन र व्यवस्थापन गर्ने जिम्मेवारी समेत दिएको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यमकालीन  खर्च संरचना तयार गर्ने, आवश्यकताको प्रक्षेपण गर्ने, राजस्वको प्रक्षेपण तयार गर्ने र वित्तीय अनुशासन कायम गर्नुपर्ने व्यवस्था समेत गरेकोछ ।

संघीय सरकारले चालुयो जनाले कानुनी शासनको मूल्य तथा मान्यता अनुरूप नागरिक संलग्नता, जवाफदेहिता, पारदर्शिता र भ्रष्टा चार मुक्त अवस्थाको सिर्जना र सञ्चालित विकास कार्य तथा

प्रवाहित सेवाको प्रभावकारिता अभिवृद्धि गरी विकास कार्यलाई नतिजामुखी बनाउन जोड दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले सम्पादन गर्ने सम्पूर्ण गतिविधि तथा सेवालाई सरल, सुव्य स्थित, सेवाग्राही मैत्री र जवाफदेही बनाई स्थानीय निकायलाई नागरिक प्रति उत्तरदायी बनाउनुपर्ने अपेक्षा गरेकोछ ।

यस विषयक्षेत्र अन्तर्गत मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरण, सुशासन कायममा सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, आन्तरिक

र अन्तिम लेखापरीक्षण, बेरुजुफ छ्र्योट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टि सर्वेक्षण र अन्तर निकाय समन्वय जस्ता क्षेत्र समावेश भएको हुनेछ ।

**१०.२ वर्तमान अवस्था**

राज्यको पुनः संरचना पश्चात नयाँ गठन भएको गाँउ पालिकाको संस्थागत विकास प्रयासको थालनी प्रारम्भ मात्र भएको छ । गाँउ पालिकाको संगठन संरचनाको खाका निर्माण, जनशक्तिको व्यवस्था प्रमुख समस्याको रूपमा रहेको छ । सेवाप्रवाहको केन्द्रको रूपमा रहेका वडा कार्यालयहरूको भौतिक संरचना (भवन) र जनशक्तिको व्यवस्था, गाँउ पालिकाको केन्द्रीय भवन, कर्मचारी, मेसिन औजारको व्यवस्था तत्कालका प्रमुख जिम्मेवारी हुन् । हालको संक्रमणकालीन अवस्थामा गाँउ पालिका भित्र रहेका सरकारी, गैरसरकारी निकाय र निजी क्षेत्रसँगको साझेदारी, समन्वय र सहकार्य गाँउपालिकाको लागि निकै चुनौतीको रूपमा रहेकोछ ।

परिणाममुखी विकास तथा प्रभावकारी सेवा प्रवाह, स्थानीय शासनको प्रभावकारी सञ्चालनको लागि संस्थागत, क्षमता विकास तथा सुशासनको आवश्यकता पर्दछ । यसको अर्थ स्थानीय शासनको संस्थागत विकास तथा सुशासनबाट मात्र विकास गतिविधि तथा सेवाप्रवाहबाट अपेक्षित नतिजा हासिल

गर्न सकिन्छ । आवधिक विकास योजना आफैंमा संस्थागत विकास तथा सुशासनको एक प्रमुख रणनीति भएको कारण संस्थागत, क्षमता विकास र सुशासनलाई यस भित्रको प्रमुख साधन तथा माध्यमको रूपमा लिइएको छ ।

## १०.३ अवसर र चुनौती

आवधिक योजना अवधिमा संस्थागत विकास तथा सेवा प्रवाहलाई सुदृढ तुल्याउन निम्न अवसरहरू विद्यमान रहेकोछ :

- निर्वाचित युवा पदाधिकारी
- बढी स्रोत र साधनको उपलब्धता
- राष्ट्रिय विद्युत प्रसारणमा जोडिएको
- विधि निर्माणका खाका प्राप्त र तर्जुमाको सुरुवात भएको अवस्था गाँउपालिकाका सामुकेही चुनौतीहरू रहेका छन्
- मौजुदा जनशक्तिमा विज्ञताको कमी,
- नयाँ संरचना जटिल किसिमको भएको हुनाले सरकारी निकाय भित्र असमझदारी बढ्न सक्ने ।
- इच्छा शक्तिको कमि तथा आन्तरिक राजनीतिले विकास निर्माणको काममा वाधा पुऱ्याउन सक्ने
- अन्तरिम व्यवस्थापनकाल भएकाले संघीय, प्रादेशिक र स्थानीय तहका संरचनाको निर्क्योल र व्यवस्थापन पूर्ण रूपमा भइ नसकेको,
- सेवा प्रवाहका लागि आवश्यक भौतिक पूर्वाधार नहुनु,
- जनशक्तिको नितान्त कमी र गाँउपालिकाको जिम्मेवारी सेवा दिने उपयुक्त जनशक्ति समायोजित भई आइन सकेको,
- बढ्दो आकांक्षा अनुरूप आफ्नो आयस्रोत प्राप्त हुन नसक्नु, केन्द्रबाट प्राप्त हुनुपर्ने समानीकरण अनुदान समेत घट्दै जानु, वैदेशिक र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको स्रोतको समेत व्यवस्था हुन नसक्नु,

- सुशासनका प्रमुख औजारहरू कार्य विधि बनाई लागू गरिनु पर्ने भएकोले त्यसको पनि व्यवस्थापन हुन नसक्नु,
- गाँउ पालिकाका वडा तहमा भौतिक पूर्वाधार तथा उपकरणको व्यवस्था गर्नु जस्ता चुनौती देखिन आएका छन् ।

१०.४.उदेश्य

विधि र प्रक्रियाको निर्माण, चुस्त तथा प्रभावकारी संगठन संरचना र क्षमता विकास, सार्वजनिक, निजी,सहकारी, गैसस तथा सामुदायिक साझेदारीलाई प्रवर्द्धन गर्दै सार्वजनिक सेवामा पहुँच र गणुस्तर वृद्धि गर्नु ।

१०.५.रणनीति

- जन प्रतिनिधी तथा कर्मचारी सहितको विभिन्न क्षेत्रगत तथा विषय गत समिती बनाइ विकासका कार्य अनुगमन गरी प्रभावकारी बनाइने ।
- कर्मचारी र राजनीति बीचको अन्तर सम्बन्धलाई सेवा प्रवाहसँग आवद्ध गरी कर्मचारी व्यवस्थापन प्रभावकारी बनाइने
- संस्थागत क्षमता विकास गर्दै लैजान कर्मचारीहरुलाई क्षमता अभिवृद्धि तथा सिपमूलक तालिम, गोष्ठि तथा पदाधिकारीहरुलाई नेतृत्वविकास तालिमदिने नीती अबलम्बन गरिनेछ ।
- संविधान बमोजिम निर्दिष्ट एकल अधिकार क्षेत्र र अधिकारको साझा सूची तथा संघीय र प्रादेशिक कानुन बमोजिम आवश्यक नीति, कानुन, कार्यविधि, मापदण्डहरूको निर्माण गरी कार्यान्वयन र नियमन, अनुगमन गरिनेछ ।
- संगठन तथा व्यवस्थापन अध्ययन गरी चुस्त तथा प्रभावकारी संगठन संरचना निर्माण गरिनेछ ।
- वर्तमानमा संघीय सरकारबाट प्राप्त संगठन संरचनार दर बन्दीको गाँउपालिकाको परिप्रेक्ष्यमा समीक्षा गरिनेछ । गाँउ पालिकाको समग्र सम्भाव्यता तथा आवश्यकताका आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी न्यूनतम अत्यावश्यक दरबन्दी सृजना गरिनेछ ।

- गाँउ पालिका क्षेत्रमा सम्भाव्यताका आधारमा प्राविधिक दक्ष प्राविधिकको प्रयोग सेवा करार वा साझेदारीलाई प्रश्रय दिई मितव्ययिता पूर्वक विकास निर्माण एवं सेवा सुविधाको प्रवाह र पहुँच सुनिश्चित गरिनेछ ।
- गाँउ पालिका (विषयगत शाखा समेत) र वडा कार्यालयहरूबाट प्रवाह हुने सेवालाई नागरिक बडापत्र जारी गरी सो बमोजिम सेवा उपलब्धताको सुनिश्चितता गरिनेछ र क्रमशः क्षतिपूर्ति सहितको नागरिक बडापत्र लागू गरिनेछ ।
- गाँउ पालिकाका निर्वाचित पदाधिकारी तथा कर्मचारीहरूका लागि आचार संहिता लागू गरी तद अनुसार सदाचार पद्धति लागू गरी भ्रष्टाचारमा शून्य सहनशीलता अवलम्बन गरिनेछ । कार्यस्थलमा लैङ्गिक हिंसा र विभेद रहित कार्यालयको रूपमा गाँउपालिकालाई स्थापित गरिनेछ ।
- जनप्रतिनिधि, कर्मचारी, साझेदार संस्थाहरूको क्षमता पहिचान गरी क्षमता विकासको कार्यक्रमहरू सञ्चालन गरिनेछ । विशेष गरेर महिला, अल्पसंख्यक तथा दलित तथा अन्य पिछडिएका वर्ग सम्बद्ध पदाधिकारीहरूको क्षमता विकासमा विशेष ध्यान पुऱ्याइनेछ ।
- गाँउ पालिका विकासमा सार्वजनिक, निजी, गै.स .स. तथा सामुदायिक साझेदारीलाई संस्थागत गर्दै साझेदारीमा आधारित सहकार्यलाई अभि वृद्धि गरिनेछ ।
- सार्वजनिक प्रशासनलाई स्वच्छ, परिणाम मुखी, जवाफदेही र पारदर्शी बनाई सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनका साथै सार्वजनिक प्रशासनलाई नागरिकप्रति उत्तरदायी, सेवामूलक तथा विकासमैत्री बनाइनेछ ।
- गाँउ पालिकाको कार्य सम्पादनलाई प्रविधि मैत्री तथा विद्युतीय शासनमा आबद्ध गर्दै लगिनेछ ।
- गाँउ पालिकाले प्रवाह गर्ने सार्वजनिक सेवामा लैङ्गिक मैत्री र समावेशी बनाइनेछ ।
- नागरिकको दिनानुदिनका सेवाहरू वडाकार्यालय/सेवा केन्द्रहरूबाट प्रवाहको सुनिश्चित गरिनेछ र सेवा प्रवाह र पहुँचको लागत घटाइनेछ ।
- कार्य सम्पादनमा आधारित मूल्याङ्कनका लागि कार्य सम्पादन करार प्रणाली लागू गरिनुका साथै प्रोत्साही प्रणालीसँग आबद्ध गरिनेछ ।

- आन्तरिक स्रोत परिचालनका लागि करका आधार, दायरा र दरलाई नागरिकको क्षमताका आधारमा निर्धारण गर्न नागरिकको व्यापक सहभागिता परिचालन गरिनेछ र राजस्वको चुहावट नियन्त्रणमा समेत नागरिक परिचालन गरी आन्तरिक स्रोत वृद्धि गरिनेछ।
- गाँउ पालिका गतिविधिलाई पारदर्शी, जवावादेहिता तथा भरपर्दो विश्वसनीय बनाई सञ्चालन गरिनेछ र भ्रष्टाचारमा शून्य सहनशीलता कायम गरिनेछ र भ्रष्ट प्रवृत्तिको अन्त्य गर्न नागरिक सचेतना समेतमा जोड दिइनेछ।
- बाह्य स्रोत परिचालनका लागि गाँउ पालिकाको प्रतिष्ठामा वृद्धि गरी लगानी मैत्री वातावरण तयार गरिनेछ र सम्भा व्ययोजनाको पहिचान गरी संघ,
- प्रदेश तथा अन्य निकायसँग साझेदारी कायम गरी विशेष र सम्पूरकता तथा आन्तरिक ऋणमा आधारित योजनामा पुँजीगत लगानी वृद्धि गरिनेछ।
- तोकिएको समय सीमा भित्र सबै पुँजीगत रकम खर्च हुने गरी साधनस्रोतको व्यवस्थापन गरी नागरिकलाई समयमा सेवा उपलब्ध गराउन क्रियाशील र प्रतिबद्ध व्यवस्थापन प्रणाली स्थापित गरिनेछ।
- सबैशाखा, वडाहरू विद्युतीय सुशासनमा आबद्ध गरी दैनिक काम काज विद्युतीय सुशासनका माध्यमबाट गरिनेछ।
- वातावरण, प्रविधि एवं नागरिक मैत्री गाँउ पालिका बनाई सुशासनको प्रत्याभूति हुने गरी सेवा सुविधा व्यवस्थापन गरिनेछ।
- सार्वजनिक जवाफदेहिता, उत्तरदायित्व र पारदर्शिता कायम गर्नमा नागरिक समाजको भूमिकालाई प्रश्रय दिइनेछ।
- आवश्यकता नुसार संघीय तथा प्रादेशिक सरकारसँग सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन र व्यवस्थापन गरिनेछ।
- संघीय सरकारको स्वीकृति तथा प्रादेशिक सरकारको सहमतिमा प्राथमिकताको क्षेत्रमा आवश्यकतानुसार वैदेशिक सहयोग परिचालनमा समन्वय र सहकार्य समेत गरिनेछ।

## १०.६. लक्ष्य/अपेक्षित उपलब्धि

- गाँउ पालिका कार्यालय, शाखा र वडा कार्यालय व्यवस्थित हुनेछ ।
- क्षमता विकास योजना प्रभावकारी रुपमा कार्यन्वयन भएको हुनेछ ।
- क्षमता विकास योजना प्रभावकारी रुपले लागु भएको हुनेछ ।
- संस्थागत र व्यवस्थापन योजना तयार गरी लागु हुनेछ ।
- गाँउ पालिकाको विकास निर्माण र निर्णय बारे नागरिक सुसुचित हुनेछन् ।
- गाँउ पालिकाको सम्पूर्ण गतिविधिहरु तथा विकास निर्माणका खर्चहरु सार्वजनिक भएका हुने छन् ।

## १०.७ प्रमुख कार्यक्रम

| क्र.सं. | कार्यक्र | अनुमानित बजेट | कैफियत | सहयोगी निकाय |
|---|---|---|---|---|
| १ | स्थानीय बिकासमा जनसहभागिता | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | समुदाय |
| २ | नागरिक संजालको बिकास | | प्रत्येक वर्ष खर्च गर्नुपन | गै.स.स. |
| ३ | सरकारी कर्मचारी, जनप्रतिनिधि तथा शिक्षकको वृद्धि बिकासका लागि तालिम, गोष्ठी एवं सेमिनारका ब्यबस्था | | प्रत्येक वर्ष खर्च गर्नुपन | |
| ४ | सरकारी कर्मचारी तथा शिक्षकका लागि अवलोकन भ्रमण | | प्रत्येक वर्ष खर्च गर्नुपन | संघिय, प्रदेश सरकार |
| ५ | संस्थागत विकास तथा ब्यबस्थापन योजना | | | संघिय, प्रदेशसरकार |

## १०.८ सार्वजनिक भवन तथा अन्य पूर्वाधार

### १. पृष्ठभूमिः

स्थानीय सरकारको रूपमा रहेको गाँउ पालिकालाई शिक्षा, स्वास्थ्य जस्ता आवश्यक सेवा प्रवाहका साथै सामुदायिक कार्यका निमित्त समेत आधारभूत भवन तथा पूर्वाधार आवश्यक हुन्छ । यसैगरी गाँउ पालिका क्षेत्रको आधारभूत पूर्वाधारका अन्य क्षेत्रमा पार्क तथा मनोरञ्जन स्थल, पर्यटन पूर्वाधार, खेलकुद मैदान,सामुदायिक भवन लगायतका अन्य पूर्वाधारहरूसमेत आवश्यक पर्दछन् ।

### २.वर्तमान अवस्था

कतिपय वडा कार्यालयहरूको आफ्नो भवन नभई सेवा प्रवाहमा असर परिरहेकोछ । साविकका सेवा केन्द्रहरू र वडा कार्यालयहरू संयोजन गरी एकीकृत रूपमा एकद्वार सेवा प्रवाह गर्नुपर्ने अवस्था सृजना हुनसकेको छैन । यसैगरी गाँउपालिकामा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिलाई आवश्यक आवासको सुविधा नहुँदा सेवा प्रदान गर्न कठिनाई भइरहेको छ । त्यस्तै गरी सामुदायिक विद्यालयका शिक्षक, स्वास्थ्य संस्थाका कर्मचारी तथा अन्य सरकारी निकायका कर्मचारीलाई उचित आवासको व्यवस्थन भएको अवस्था छ ।

### ३.अवसर तथा चुनौती

गाँउ पालिकाको आफ्नै भवनको  नरहेको र वडा तहमा भवन पूर्वाधारको अवस्था कमजोर रहेकोछ । साविकका गाउँ विकास समिति कार्यालयहरुमा केहि समयसम्म वडा कार्यालय चलाउन सकिने सम्भावना छ । त्यसैगरी ग्रामिण भेग भएको हुनाले सामुदायिक संरचनाको लागि जग्गाको अभाव हुने देखिंदैन । तर सामुदायिक संरचना निर्माण गर्दा धेरै नितिनियममा बाँधिनुपर्ने हुँदा लागत बढ्न जान्छ । यो लागतको लागि स्रोत जुटाउनु नै यस गाँउपालिकाको लागि ठूलो चुनौतीको विषय हो ।

### ४.सोच

आवश्यक सुविधा तथा उपकरणसहितको भवन तथा पूर्वाधार निर्माण तथा मर्मत गरि गाँउपालिका तथा वडा कार्यालयहरुबाट पाइने सेवाको स्तरोन्नति ।

५.उद्देश्य

गाँउ पालिका र सबै वडामा एकीकृत रूपमा सेवाउ पलब्ध हुने गरी आवश्यक सुविधा तथा उपकरणसहितको भवनहरू निर्माण, स्तरोन्न तिर मर्मत सम्भार भई कार्य सुचारु गर्नु ।

५.लक्ष्य, अपेक्षित उपलब्धि

| क.सं. | विवरण | इकाई | आधार वर्ष २०७९/८०को स्थिति | आर्थिक वर्ष २०८३/८४को लक्ष्य/अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | गाँउ पालिका भवन आफ्नै भवन | संख्या | | १ |
| २ | गाँउ पालिका भवन आफ्नै भवन | संख्या | ० | २ |
| ३ | सेवा केन्द्रहरु | संख्या | ० | ३ |
| ४ | सामुदायिक हल | संख्या | | ४ |

२.रणनीतिः

- गाँउ पालिकामा सम्पूर्ण भवनहरू (व्यक्तिगत तथा सार्वजनिक) भवनमा पदण्ड ऐन २०७२ र भवन
- संहिता अनुसार निर्माण गर्ने गराइनेछ,
- गाँउ पालिकाबाट उपलब्ध हुने सबै सेवा एकै स्थानबाट उपलब्ध हुने गरी व्यवस्था गरिनेछ ।
- भवन नभएका वडा कार्यालयहरूमा एकीकृत सेवा उपलब्ध हुने गरी पक्की भवन (तालिम बैठक कक्षसहितको) निर्माण भएको गरिनेछ ।

- वडा कार्यालयको आवश्यकता अनुसार हुने गरी साविकबाट हस्तान्तरण भई आएका गाविस/वडा कार्यालय भवन मर्मत सुधार र स्तरोन्नति भएको हुनेछ।
- गाँउ पालिकाको भवन लगायत सबै सार्वजनिक भवनहरू अपांगमैत्री हुने छन्। वर्तमानमा निर्माण भएका भवनहरू पनि अपांग मैत्री रूपमा विकास गरिनेछ।
- निर्माण भएका भवनहरूमा खाने पानी सरसफाइ, विद्युत सुविधाका साथै आवश्यक न्यूनतम उपकरण (भवन सुरक्षा उपकरण, कम्प्युटर, इन्टरनेट, फोटो कपी मेसिन, टेलिफोन इन्टरकम आदि सुविधा, फर्निचर र फर्निसिङ) सहितको भवन निर्माण तथा स्तरोन्नति गरिनेछ।
- हरेक वडामा सामुदायिक प्रयोजनको लागि सामुदायि कहलको निर्माण गरीनेछ।
- गाँउ पालिका भित्रका कर्मचारी एवं शिक्षकहरुलाई आवासको उचित प्रबन्ध मिलाइनेछ।

८.प्रमुख कार्यक्रमहरू

| क्र.सं. | योजना | अनुमानित बजेट | सहयोगी निकाय |
|---|---|---|---|
| १ | सबै वडा कार्यलयमा इन्टरनेट सुबिधाको ब्यबस्था | | गै.स.स |
| २ | वडा कार्यलय भवनहरुको स्तर उन्नती | | संघिय/प्रदेशसरकार |
| ३ | गाँउ पालिका भित्र कार्यरत कर्मचारी तथा शिक्षकहरुको लागि आवासको निमार्ण | | संघिय/प्रदेशसरकार क्षेत्र |
| ४ | आमा समुहको भवन निमार्णको लागी अनुदान | | गै.स.स |

## १०.९ कानुन निर्माण, शान्ति सुरक्षा र न्याय ब्यबस्था

### १. विषय प्रवेश

लोक तान्त्रिक शासन प्रणालीको दिगो आधार न्यायको सुनिश्चितता हो। जनताको ६ दशक भन्दा लामो अथक सङ्घर्षको परिणाम स्वरूप भर्खरै प्राप्त भएको नेपालको संविधानले न्याय व्यवस्थाको आधारभूत

खाका निर्धारण गरेकोछ । संविधान प्रदत्त मौलिक हक संरक्षण गरी जनतामा न्याय सुनिश्चित गर्न केबल संविधानमा हकहरू उद्घघोष गरेर मात्र पुग्दैन, न्यायिक पद्धतिको प्रभावकारी कार्यान्वयन सुनिश्चित हुनै पर्दछ । न्याय व्यवस्थाका प्रभावकारी कार्यान्वयनबाट मात्र संवैधानिक व्यवस्थाले परिकल्पना गरेको कानुनको शासन, मौलिक हक र मानव अधिकारको संरक्षण र प्रवर्द्धन तथा शान्ति, सुशासन र विकासका माध्यमबाट राष्ट्रिय जीवनका सबैक्षेत्रमा न्याय पूर्ण व्यवस्था कायम गर्न सम्भव हुन्छ ।

## २.वर्तमान अवस्था

## ३. चुनौती र अवसर

राज्यका पुरा नान्यायिक संरचनाहरु देशको नयाँ शासकीय स्वरुपसंग समाहित हुन समय लग्नु अहिलेको न्याय प्रवाहका लागि चुनौतीको विषय हो । त्यस्तै गरि, प्रबिधिको बिकाश संगसंगै दुरुपयोग बढ्दै जानु र सोहि प्रकृतिका आपराधिक घटना निरन्तर घट्नु गाँउ पालिका भित्र शान्ति सुरक्षा कायम गर्नका लागि ठुलो चुनौती हो । नेपालको संबिधानले स्थानीय सरकारलाई स्थानीय स्तरमै न्यायिक समीतिद्वारा न्याय प्रवाह गर्ने अधिकार दिएको छ. त्यस्तै गरि हरेक वडामा मेलमिलाप केन्द्र स्थापना गरि मुद्दामामिला भन्दा मेलमिलाप द्वारा नै समस्या सुल्झाउन प्रेरित गरेको छ. यसका साथै स्थानीय सरकारले आफ्नै प्रहरी संगठन निर्माण गरी शान्ति सुरक्षाकायम गर्ने अवसर नेपालको संबिधानले स्थानीय सरकारलाई प्रदान गरेकोछ.।

## ४.सोच

नागरिकको स्वतन्त्रता, दुरुस्त सुरक्षा प्रवन्ध, सामाजिक न्याय र मानव अधिकारको सुरक्षालाई सुनिश्चित गरि शान्त तथा सुरक्षित समाज निर्माण ।

## ५.उद्देश्य

१.स्थानीय स्तरमा नै न्याय प्रदान गर्नु ,

२.न्याय प्रक्रियालाई छिटो, छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउन ।
३.सबैका लागि न्याय सुनिश्चित गर्न न्यायमा सहज पहुँच कायम गराउनु ।
४.स्वतन्त्र र निष्पक्ष न्यायको सिद्धान्तलाई कुण्ठित बनाउने गरी राजनीतिक, प्रशासनिक, सम्पूर्ण न्याय प्रशासन र समाजिक क्षेत्रबाट हुने विसङ्गति र अनियमितताको गुनासोलाई न्यूनीकरण गर्ने उपायहरू अवलम्बन गरी भ्रष्टाचारमुक्त कानुनी राज्यको स्थापनार्थ अग्रसरता देखाउनु ।
५ गाँउपालिका क्षेत्रलाई अपराधमुक्त क्षेत्रको रुपमा कायम गर्नु ।

**६.लक्ष्य,अपेक्षित उपलब्धि**

नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानुनको शासन, मौलिक हक र मानव अधिकारको संरक्षण र प्रवर्द्धन तथा सामाजिक न्यायको माध्यमबाट सबै क्षेत्रमा न्याय पूर्ण व्यवस्था कायम गर्नु र गाँउपालिका भित्र शान्ति सुरक्षाकायम गर्नु ।

| क्र.सं. | विवरण | ईकाइ | आर्थिक वर्ष | |
|---|---|---|---|---|
| | | | आधार वर्ष २०७९।८० को स्थिति | २०८३।८४को लक्ष्य,अपेक्षित उपलब्धि |
| १ | सामुदायिक मेलमिलाप केन्द्र | संख्या | २ | |
| २ | औसत अपराध दरसंख्या प्रति | वर्ष | १ | |
| ३ | न्याय पालिका समितिद्वारा समाधान भएका मुद्दाहरु | संख्या प्रतिवर्ष | १० | |

**२.रणनीति**

- सबै गाँउ पालिकाबासीहरुलाई छिटो, छरितो, पहुँच योग्य र प्रभावकारी न्याय प्रणालीको विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

- गाँउ पालिका बासीहरुलाई छिटो छरितो रुपमा न्याय दिनका लागि आवश्यक स्रोत, साधन र संयन्त्रको प्राथमिकताका साथ व्यवस्थापन गरिनेछ ।
- नेपालको संविधान, २०७२ को अनुसुची ८ र ९ अन्तर्गतका विषयहरुमा क्रमशः आवश्यक पर्ने ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड इत्यादि तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।
- गाँउ पालिकाले तर्जुमा गरेका कानुन तथा गतिविधिहरुको बुलेटिन प्रकाशन गरि गाँउ पालिकाबासीहरुलाई सुसूचित गरिनेछ ।
- गाँउ पालिकाको नीति नियम तथा कानूनको पालना गराउनका लागि प्रभावकारी संयन्त्र निर्माण गरिनेछ । यसका लागि दीर्घकालमा गाँउ प्रहरीको व्यवस्था गरिनेछ ।

### ३. प्रमुख कार्यक्रमहरू

| क.सं. | कार्यक्रम | अनुमानित लागत | कैफियत | सहयोगी निकाय |
|---|---|---|---|---|
| १ | २.रणनीति सबै वडामा सामुदायिक मेलमिलाप केन्द्रको स्थापना | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | संघिय,प्रदेश सरकार |
| २ | जनचेतना अभिबृद्धि कार्यक्रम | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | नेपाल प्रहरी, गै.स.स |
| ३ | मेलमिलाप कर्ता तथा जनप्रतिनिधिलाई न्यायिक तालिम | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | नेपाल वारएसोसिएसन |
| ४ | अर्धवार्षिक सामुदायिक अनुगमन कार्यक्रम | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | संघिय, प्रदेशसरकार |
| ५ | प्रहरीको ब्यबस्था | | प्रत्येक वर्ष खर्च गर्नुपर्ने | संघिय, प्रदेशसरकार |

### १०.१०.संस्थागत विकास तथा सेवा प्रवाहमा प्रक्षेपित लगानी

आवधिक योजना अवधिमा संस्थागत विकास, सेवा प्रवाह सुशासन तथा व्यवस्थापन सुधार गाँउपालिका र वडा कार्यालयहरुका भवन निर्माणका क्षेत्रमा रु.४३ करोड ७७ लाख ९६ हजार (कुल प्रक्षेपित व्ययको १७ प्रतिशत) खर्च हुने अनुमान गरिएको छ । यसमा मानव संसाधन विकास, संस्थागत विकास, सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग, कानुन निर्माण, शान्ति सुरक्षा र न्याय व्यवस्था जस्ता कार्यहरू समेत पर्दछन् ।

## भाग-११ वित्तीय व्यवस्थापन र सुशासन

### ११.१ विषय प्रवेश

यस आवधिक योजनामा प्रस्ताव भएका योजना तथा कार्यक्रमहरू गाँउ पालिकाको विकास वजेट मात्रले सञ्चालन गर्न सम्भव छैन र यो योजना गाँउ पालिकाका कार्यालयको मात्र पनि होईन । योजना तर्जुमाको दौरानमा यसको जिम्मेवारी गाँउ पालिकाले लिएतापनि कार्यान्वयन तहमा गाँउ पालिकाका सवै क्षेत्र, वर्ग,समुदायहरू तथा यहाँ कार्यरत सवै सरकारी, अर्ध सरकारी निकाय, संघ संस्थाहरूको महत्वपूर्ण भूमिका रहेका छन् । हुनत गाँउ पालिकाले विभिन्न प्रकारका कर, शुल्क तथा विकास निर्माणको लागि केन्द्रीय सरकारवाट अनुदान प्राप्त गरिरहेको सन्दर्भमा गाँउ पालिकाको विकासको जिम्मा गाँउ पालिकाको हो भनी गाँउ पालिकावासीहरूले अपेक्षा गर्नु खासै गलत धारणा पनि होईन । तर गाँउ पालिकावासीहरूले गाँउ पालिका विकासको लागि यस गाँउ पालिकामा तिर्ने कर को रकम तथा केन्द्रवाट प्राप्त हुने अनुदान र कम गाँउ पालिकाले पारदर्शिताका साथ गाँउ पालिकावासी माझ राख्नसक्नु पर्दछ जुन राख्न सकिरहेको छैन ।

गाँउ पालिकाको आवधिक विकास योजनाको सफल कार्यान्वयनका लागि प्रभावकारी वित्तीय व्यवस्थापन आवश्यक पर्दछ । यस गाँउ पालिकाको आफ्नो स्वआर्जित सीमित स्रोत-साधन, संघ, प्रदेशबाट प्राप्त हुन सक्ने वित्तीय हस्तान्तरण, राजश्व बांडफांड एवं अन्य बाह्य स्रोतबाट प्राप्त हुने रकम समेतको महत्तम उपयोग गरी आवधिक योजनाद्वारा अपेक्षित उपलब्धिहरू हासिल गर्नका लागि नतिजा उन्मुख आधारमा वित्तीय व्यवस्थापन गरिनु पर्ने हुन्छ ।

### ११.२.वर्तमान अवस्था

गाँउ पालिकाको हाल समष्टिगत वित्तीय स्थिति सबल देखिदैन । विकट भौगोलिक परिवेश, न्यून आर्थिक क्रियाकलाप, जीविकोपार्जनमुखी कृषि आदिका कारण आन्तरिक आयमा ठूलो परिवर्तन सहजछैन । यस आवधिक योजनामा गाँउ पालिकाको आम्दानी हरेक बर्ष १० प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको छ ।

### ११.३अवसर तथा चुनौतीहरू

(क) चुनौतीहरू

यस गाँउ पालिकाको विद्यमान आर्थिक तथा सामाजिक स्थितिका सूचकहरु कमजोर रहेकाले आगामी वर्षहरूका वित्तीय व्यवस्थापन गर्न चुनौतीपूर्ण हुने देखिन्छ । बढ्दो जनअपेक्षाको तुलनामा गाँउ पालिकाको न्यून स्रोतबाट सार्वजनिक खर्च र सेवाको बीचमा तादात्म्यता कायम गर्न निकै कठिन हुन आउने देखिन्छ । गाँउ पालिकाको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याई जनताको आधारभूत सेवा र सुविधालाई प्रभावकारी रूपले सहज पहुँच पुऱ्याउनका लागि आवश्यक पर्ने लगानी लगायतको कार्यक्रम खर्च र सामाजिक सुरक्षा तथा चालु खर्च गरी कुल व्ययको व्यवस्थापन गरिनुपर्ने हुन आउँछ । यसैगरी उपलब्ध स्रोत साधनको ठूलो अंश उपभोगमा (चालु) खर्च गर्नुपर्ने बाध्यताले विकास कार्यका लागि थोरै मात्र खर्च गर्न सकिने अवस्था विद्यमान रहेकोछ । अर्कोतर्फ गाँउ पालिकाको आन्तरीक आम्दानी निकै कम भएको र संघिय सरकार र प्रदेशसरकारबाट प्राप्त हुने अनुदान घट्दै जाने हुनाले वित्तिय व्यवस्थापनमा ठूलो चुनौति रहेकोछ ।

(ख) अवसर

सङ्घीयताको कार्यान्वयनको क्रममा स्थानीय सरकार सञ्चालन ऐन र अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन ले  गाँउ पालिकालाई आन्तरिक राजस्व र संघ तथा प्रदेशबाट प्राप्त हुने गरी थप स्रोत तथा साधनहरू जुटाउन सक्ने कानुनी अवसरहरू प्राप्त भएकोछ । यसै गरी स्थानीय स्तरमा निजी, सहकारी, गैरसरकारी क्षेत्र र नागरिक समाजको सहकार्यमा पूरक वित्तीय स्रोतहरू जुटाउन सक्ने थप अवसरहरू समेत विद्यमान रहेका छन् । गाँउ पालिकाको भौगोलिक विकटता र न्यून आर्थिक क्रियाकलापहरूको

विद्यमान स्थितिमा सुधार ल्याउन सम्भाव्य आर्थिक अवसरहरूलाई उपयोग गरिनु पर्ने हुन आउँदछ । स्थानीय सरकार संचालन ऐन-२०७४ले स्थानीय निकायहरुलाई आफ्नै ढंगबाट विकास निर्माणका गतिविधिहरु संचालन गर्ने अधिकार दिएका हुनाले आर्थिक विकासको माध्यमबाट आन्तरीक आय वृद्धि गर्न सकिन्छ । यसका लागि गाँउ पालिकाको पाँच वर्षे आवधिक योजना अवधिमा वित्तीय व्यवस्थापनलाई प्रभावकारी एवं नतिजा उन्मुख तुल्याएर गाँउ पालिका क्षेत्रको समृद्धिमा सघाउ पुग्ने अवसरहरूलाई उपयोग गर्न सक्ने सम्भावना बलियो छ ।

### ११.४सोच

वित्तीय सुशासन मार्फत प्रभावकारी सार्वजनिक वित्तीय व्यवस्थापन ।

### ११.५उद्देश्य

गाँउ पालिकाको आम्दानी वृद्धि गर्न तथा खर्चलाई मित व्ययी, प्रभावकारी, नियमि तर औचित्य पूर्ण बनाउनु ।

### ११.६लक्ष्य/अपेक्षित उपलब्धि

वार्षिक खरिद योजना निर्धारित समयमै तयार भई खरिद कार्य भएको, राजस्व परिचालन प्रभावकारी रूपमा भएको, सार्वजनिक खर्च व्यवस्थित भई बेरुजु कम भएको र आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रभावकारी भएको हुनेछ ।

### ११.७.रणनीति

(क)समग्र वित्तीय व्यवस्थापनलाई यथार्थ परक, पारदर्शी एवं विश्वसनीय तुल्याइनेछ ।

(ख)गाँउ पालिकाको समग्र वित्तीय स्थितिलाई आवधिक रूपमा सार्वजनिक गरिनेछ ।

(ग)गाँउपालिकाको बजेट प्रणालीलाई सन्तुलित बनाई अनुत्पादक खर्चहरूलाई नियन्त्रण गरिनेछ ।

(घ) गाँउ पालिकाको आय व्यय सम्बन्धी सम्पूर्ण आर्थिक कारोबारको विद्युतीय प्रणालीमा आधरित गरी अद्यावधिक अभिलेख राखिनेछ ।

(ङ) गाँउ पालिकाको आय व्यय सम्बन्धी सम्पूर्ण लेखा तथा आर्थिक विवरणको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराई कायम भएका बेरुजुको प्रतिवेदन लेखा समितिमा प्रस्तुत गरी गाँउ सभाको निर्देशन बमोजिम कारबाही तथा फछ्र्योट गरिनेछ ।

(च) गाँउ पालिकाको आय व्यय सम्बन्धमा सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइ गरी गाँउ पालिकाका वेबसाइटको माध्यमद्वारा नागरिकलाई सुसूचित गरिनेछ ।

(छ) विकास निर्माणको कार्यमा लागत सहभागिता बढाउन निजीक्षेत्र, गै.स.स. र समुदायसँग सहकार्य गरीनेछ ।

(ज)सेवा शुल्कको अवधारणा प्रयोगमा ल्याउने ।

(झ)सार्वजनिक निजी साझेदारीमा गाँउ पालिकाको स्रोत र साधनको व्यवस्था गर्ने ।

(ञ)गाँउ पालिकाको बजेट प्रणालीमा सन्तुलन कायम गर्ने गरी आय व्ययलाई व्यवस्थापन गरिनेछ ।

ट) गाँउ पालिकाको बजेट प्रणालीमा वित्तीय आयोगले निर्धारण गरेकामा पदण्ड बमोजिम पुँजीगत लगानीमा सहुलियत पूर्ण ऋण उपयोग गर्न सकिनेछ ।

(ठ) अन्य गाँउ तथा गाँउ पालिकामा प्रदान गरिने सेवाका लागि थप वित्तीय स्रोत व्यवस्थापन हुन पहल गरिनेछ ।

### ११.८प्रमुख कार्यक्रमहरू

सम्भाव्य राजस्वका श्रोतहरु पहिचान तथा गाँबासिमा कर बारे चेतना र सकारात्मक सोंच अभिवृद्धि गरि करको दायरा वृद्धि गर्ने ।

| क्र.स | क्रयाकलाप/कार्यक्रमहरु | लक्ष्य | अनुमानित रकम | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | राजस्व दायरा फाराकिलो बनाउन अध्ययन | १ | | | |
| २ | एक द्वारकर प्रणालीबारे अध्ययन तथा कार्यान्वयन अध्ययन गर्ने | २ | | | |
| ३ | एकिकृत सम्पत्ति करबारे नीति निर्माण | १ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | तथा लागू | | | | |
| ४ | प्रणालीमा नक्शापास तथा घरनिर्माण स्वीकृतिदरको पुनरावलोकन | १ | | | दातृनिकाय |
| ५ | राजस्व सचेतना कार्यक्रम संचालन | | | | |
| ६ | घुम्तिकर संकलन | ८ | | | आ. रा. का. |
| ७ | आयात तथा निर्यात अनुगमन गर्न डेस्क संचालन | १ | | | |
| ८ | ढुङ्गगिटि वालुवा उत्खखन तथा विक्रि वितरण नियमन समिति गठन | ८ | | | |
| ९ | गाँउपालिकाको आम्दानी वृद्धि गर्न पार्क, | | | | |
| | व्यापारिक भवन, बसपार्क आदि निर्माण ( गाँउविकास कोष सँग ऋण सहायता माग) | | | | |
| | गाँउविकास कोष प्रदेश तथा संघबीच समन्वय अभिवृद्धि गरि ठूला परियोजनामा लगानी सुनिश्चित गर्ने। | | | | |
| | संभावना बोकेका ठूला परियोजनाहरुमा लगानी गर्न समन्वय | | | | प्रदेशसरकार |
| | प्रदेश तथा संघीय सरकारसँग एकिकृत विकास योजना संबन्धी परामर्श तथा समन्वय बैठक | १ | | | कार्याशालागोष्ठी |
| | चालू परियोजनाहरु समयमै सम्पन्न गर्नसंबन्धी तनिकाय तथा केन्द्र, प्रदेशसरकारलाई ताकेता | | | | पत्राचार(प्रदेश एवं संधीय सरकार |

| क्र.सं. | क्रयाकलाप/कार्यक्रमहरु | लक्ष्य | अनुमानित रकम | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | तुलनात्मक लाभका क्षेत्रमा सार्वजनिक निजी साझेदारी प्रवर्धन गर्ने। | १ | | | |
| २ | आयोजना सहवित्तीयकरण कार्यक्रम सञ्चालन वार्षिक रुपमा | | ५० लाखवि नियोजन | | प्रदेश सरकार |
| ३ | प्राथमिकता प्राप्त क्षेत्रमा सहुलियत ऋण कार्यक्रम सञ्चालनमा सहकार्य | ५ | क्षेत्रमा सुरुवात गर्ने | | वित्तीयसंधसंस्था |
| ४ | उद्यमशीलता विकासकोष स्थापना र सञ्चालनमा सहकार्य | | ५करोडको कोषस्थापना | | प्रदेश एवं संधीयसरकार |
| ५ | लागानीकर्ता प्रोत्साहन गर्न गाँउपालिकाको नीति निर्माण बनाउने | | | | उ.वा.सं |
| ६ | तुलनात्मक लाभका केही सार्वजनिक निजी साझेदारीमा परियोजना संचालन | | | | |
| ७ | लगानीकर्ता आकर्षित गर्न वृहत्उद्यमी भेला | | | | उ.वा.सं |

## ११.९ वित्तीय स्रोतको प्रक्षेपण

यसगाँउपालिकाको पाँचवर्षे आवधिक योजना(२०७९/८०–२०८३/८४) अन्तर्गत गाँउपालिकाको आर्थिक तथा सामाजिक विकासका लागि समग्ररूपमा प्रभावकारी वित्तीय व्यवस्थापन गर्नुपर्ने हुन्छ । आवधिक योजनाद्वारा परिलक्षित आर्थिक वृद्धि र सामाजिक विकासका लक्ष्यहरू हासिल गर्नका लागि स्रोतसाधनको महत्तम परिचालन र सोको नतिजा उन्मुख उपयोगको आवश्यकता पर्दछ ।
गाँउपालिकाको समग्रविकासका लागि आवश्यक पर्ने विकास खर्च र प्रशासनिक खर्चको समेत आवश्यकता पूरागर्न अन्तर सरकारी वित्तीय हस्तान्तरण प्रणालीको अधिकतम उपयोग गर्दै आन्तरिक स्रोत परिचालनलाई समेत जोडदिनुपर्ने हुन्छ । गाँउपालिकाकाको भौगोलिक विकटता र न्यून आर्थिक क्रियाकलापहरूको विद्यमान स्थितिमा सुधार ल्याउन सम्भाव्य आर्थिक अवसरहरूलाई उपयोग गरी आन्तरिक स्रोतलाई बढाउन स्वच्छ, तटस्थ एवम्पारदर्शी स्थानीयकर प्रणालीको विकास र स्वैच्छिककर सहभागिताबाट गाँउपालिकाको आन्तरिक कर राजस्वको अनुपात बढाउँदै लैजान आवश्यक हुन्छ ।

गाँउपालिकाको पांच बर्षेआवधिक विकास योजनाका निर्दिष्ट उपलव्धी लक्ष्य हासिल गर्न आ.ब ( २०७९/८०–२०८३/८४) को अवधिमा प्रक्षेपित (वर्ष २०७९/८०लाई आधार वर्षमानी) सार्वजनिक क्षेत्र अन्तर्गत र अन्य विभिन्न स्रोतहरूबाट गरी कुल रु. २अर्ब ७४ करोड ७२ लाख ९५ हजार रकम पुँजीगत खर्चका लागि परिचालन गर्ने अनुमान गरीएको छ ।

गाँउ पालिकाको आन्तरिक राजस्व तर्फ हाल कायम भएका आयस्रोतहरु र आगामी बर्षहरुमा परिचालन गर्न सकिने सम्भाव्य थप आयस्रोतहरु समेतलाई विचार गरी प्रक्षेपण गरिनेछ । यस प्रयोजनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४मा उल्लेख भए बमोजिम गाँउ पालिकाको वित्तीय अधिकार क्षेत्रमा उल्लेख भए बमोजिम लगाउन सक्नेकरहरुलाई आधारमा नीप्रक्षेपण गरिएको छ । आन्तरीक राजस्व वृद्धिका लागी गाँउ पालिकाले लगाउने करलाई विज्ञ सहितको अध्ययन गरी एकिकृत तथा प्रभावकारी बनाउने अपेक्षा गरीएको छ साथै करको दायरा फराकिलो बनाउँदै लगिने छ । यस आवधिक योजना अर्न्तगत विविध कार्यक्रमको कार्यन्वयन हुँदै गर्दा रोजगारीका अवसरहरु सृजना हुनेर आर्थिक गतिविधिका कारण राजस्व समेत उल्लेख रुपमा वृद्धि हुने अपेक्षा गरीएको छ । २. व्ययको प्रक्षेपण यस

गाँउ पालिकाको पाँच वर्षे आवधिक योजना अन्तर्गत सार्वजनिक खर्चको प्रक्षेपण गर्दा स्वीकृत योजना र बजेटको परिधि भित्र रहेर वित्तीय जवाफ देहिता सहित कुशल र समन्यायिक तथा दिगो रूपमा धान्न सकिने गरी आर्थिक वृद्धि तथा  सामाजिक विकासमा योगदान पुग्ने तर्फध्यान दिइएको छ । सार्वजनिक खर्चबाट न्यायोचित र  उत्पादन मूलक विनियोजन  तथा प्रभावकारी कार्यान्वयनका लागि दक्षता अभिवृद्धि गर्ने समेत अपेक्षा गरिएको छ । यस आवधिक योजनामा करीब २ अर्ब ५७ करोड ५२ लाख ७२ हजार रुपैयाँ गाँउ पालिकाको तर्फबाट खर्च हुने अनुमान गरीएको छ । जसमध्ये भौतिक पुर्वाधार विकासमा रु. १ अर्ब ९ करोड ४४लाख, सामाजिक विकासमा रु. ६३ करोड ९लाख, आर्थिक विकासमा रु. २९करोड ६१लाख, वातावरण तथा बिपत्त ब्यबस्थापन मा रु. ११ करोड ५८ लाख र संस्थागत विकासमा व्यवस्थापनमा रु. ४३ करोड ७७ लाख खर्च हुने अनुमान गरीएको छ । आगामी पाँच वर्षको क्षेत्रगत व्यय निम्न अनुसार रहेकोछ ।

गाँउ पालिकाको पाँचवर्षे आवधिक योजनाको लक्ष्य बमोजीम सबै भन्दा बढी यातायात क्षेत्रमा खर्च हुने देखिएको छ । आगामी पाँच वर्षमा यस क्षेत्रमा करीव ८१ करोड ११ लाख (कुल खर्चको ३१.५ प्रतिशत) खर्च हुने अनुमान छ । त्यसैगरी शिक्षा क्षेत्रमा १८ करोड २ लाख, स्वास्थ्य क्षेत्रमा १८ करोड २ लाख र संस्थागत विकासमा रु.४१ करोड २० लाख खर्च हुने अनुमान छ ।

**मुख्य शीर्षक गत व्ययको तालिका**

| क्र.सं. | बिषयगत क्षेत्र लगानी रु. हजारमा) | जम्मा | प्रतिशतमा | आ.व. ०७९।८० | आ.व. ०८०। ८१ | आ.व. ०८१.८२ | आ.व. ०८२.८३ | आ.व. ०८३.८४ |
|---|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | | | | | | | |
| २ | सामाजिक विकास | | | | | | | |
| ३ | संस्थाग तबिकास | | | | | | | |
| ४ | आर्थिक विकास | | | | | | | |
| ५ | वातावरण तथा | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | प्रकोप व्यवस्थापन | | | | | | | |
| | जम्मा | | | | | | | |

| क.सं. | बिषयगतक्षेत्र लगानी ( प्रतिशतमा ) | लगानी रु. हजारमा) | **जम्मा** | आ.व. ०७९।८० | आ.व. ०८०।८१ | आ.व. ०८१।८२ | आ.व. ०८२।८३ | आ.व. ०८३।८४ |
|---|---|---|---|---|---|---|---|---|
| १ | स्वास्थय ७ | | | | | | | |
| २ | शिक्षा ७ | | | | | | | |
| ३ | कृषि ७ | | | | | | | |
| ४ | पर्यटन २ | | | | | | | |
| ५ | प्राकृतिक सम्पदा र उद्योग २ | | | | | | | |
| ६ | प्रकोप नियन्त्रण तथा न्यूनीकरण महिला, बालबालिका तथा पिछडिएका समुदाय | | | | | | | |
| ७ | युवा तथा खेलकुद ४ | | | | | | | |
| ८ | जेस्ठ नागरिक तथा अपाङ्ग १.५ | | | | | | | |
| ९ | संस्थागत विकास १.६ | | | | | | | |
| १० | धर्म, संस्कृति र परम्परा १.५ | | | | | | | |
| ११ | वातावरण व्यवस्थापन १.५ | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२ | खानेपानी तथा सरसफाई ७.५ | | | | | | | |
| १३ | बिधुत तथा सञ्चार १०.५ | | | | | | | |
| १४ | यातायात ३१.५ | | | | | | | |
| १५ | गरिवी न्यूनीकरण १.५ | | | | | | | |
| १६ | शान्ति सुरक्षा र न्याय व्यबस्था १ | | | | | | | |
| १७ | सिंचाई ३ | | | | | | | |
| १८ | सहकारी १०.५ | | | | | | | |
| | जम्मा | | | | | | | |

सामाजिक र पूर्वाधार क्षेत्रको तुलनामा आर्थिक क्षेत्रका लागि प्रक्षेपित व्ययको र कमएकदमै कम देखिन्छ । तथा यि कृषि तथा पशुपालनको व्यवसायीकीकरण, आर्थिक क्षेत्र अन्तर्गत औद्योगिक ग्रामको विकास, बजार केन्द्रहरूको स्थापना तथा विस्तार, पर्यटन केन्द्रहरूको विकास, सहकारी संस्थाहरूको प्रवर्द्धन र वित्तीय संस्थाहरूको विकास सम्बद्ध कार्यहरूमा निजीक्षेत्रको अधिकाधिक लगानी एवं सहभागिता रहने अपेक्षा गरिएको हुँदा गाँउ पालिकाको प्रत्येक्ष लगानी कम मात्र देखाइएको हो । वातावरण क्षेत्र अन्तर्गत (कुल प्रक्षेपित व्ययको ४.५ प्रतिशत) खर्च हुने अनुमान गरिएको छ । वातावरणक्षेत्र अन्तर्गत वन तथा भूसंरक्षण, जलाधार

संरक्षण, वातावरण संरक्षण, जलवायुपरिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद्‌ व्यवस्थापन र वारुण यन्त्र सञ्चालन सम्बद्ध कार्यहरू समावेश गरिएका छन् । भौतिक

पूर्वाधार निर्माणको लागि के-कसरी वित्तीय स्रोत जुटाउन सकिने भन्ने वारे केही वैकल्पिक उपायहरू तल विवेचना गरिएकोछ ।

लागत सहभागिता

केन्द्रीय सरकारले गाँउ पालिकालाई दिने स्थानीय विकास शुल्क वढी जसो गाँउ पालिकाको प्रशासनिक खर्च जुटाउन तथा सानातिना कार्यहरू गर्नको लागि मात्र प्रयाप्त छन् । तर गाँउपालिका वासीहरूको आधारभूत पूर्वाधार जस्ता विकास निर्माणको योजना सञ्चालन गर्न जगेडाकोष, कृषि सडक, सडक वोर्ड, स्थानीय शुसासन तथा सामुदायिक विकास कार्यक्रम (एल.जी.सिंचाइ डि.पी) मार्फत थुप्रै कार्यक्रमहरू सञ्चालन भई रहेकोछ । यस कार्यक्रम अन्तर्गतका योजना सञ्चालन गर्न लाभान्वित उपभोक्ताहरूबाट २० देखि ४० प्रतिशतसम्मको लागत सहभागिता जुटाउन पर्ने हुन्छ । यसरी लागत सहभागिता जुटाउन सकिने गाँउपालिका/गाँउपालिकाहरूले स्थानीय विकास शुल्कको तुलनामा यस्ता कार्यक्रमहरूवाट अत्यधिक अनुदान प्राप्त गरी आधारभूत आवश्यकता मध्यको सडक, ढल निर्माण गर्ने कार्य गरेको पाईन्छ । ६० देखि ८० प्रतिशतसम्मको अनुदान प्राप्तगरी सडक, ढल जस्ता आधारभूत आवश्यकता पूरा गर्ने यस्ता अति नै उपयुक्त अवसर हुँदा हुँदै पनि कतिपय गाँउ पालिका/गाँउ पालिकाहरूले यस्ता अवसरहरू खासै सदुपयोग गर्न सकिएको छैन । तसर्थ गाँउपालिका वासीहरूलाई यस्ता कार्यक्रम सम्वन्धी जानकारी गराई अधिक से अधिक लागत सहभागिता जुटाई सडक, ढल जस्ता गाँउ पालिका वासीहरूको आवश्यकतापूर्ति गर्ने जस्ता कार्यक्रम समेत यस योजनामा समावेश गरिनु पर्दछ ।

सेवा शुल्क

प्रति व्यक्ति सरदर आय र आर्थिक विकासका गतिविधिहरू अति न्यून रहेका कारण गाँउपालिका/गाँउपालिकाहरूले करको दायरा वृद्धि गरी सङ्कलित राजश्ववाट गाँउ पालिका वासीहरूको अति नै प्राथमिकतामा रहेका सडक, ढल, खाने पानी जस्ता पूर्वाधारहरू उपलव्ध गराउन सम्भव छैन । यसैगरी एक स्थानवाट सङ्कलन गरेको एकीकृत सम्पति कर वा अन्य आन्तिरिक आय श्रोतवाट अर्को स्थानको पूर्वाधार निर्माण गर्नु त्यति तर्क तथा न्यायसंगत पनि देखिदैन । तसर्थ जुन स्थानका

उपभोक्ताले जे जस्तो भौतिक पूर्वाधारको सुविधा प्राप्त गर्ने हो सोही स्थानका लाभान्वित वासिन्दाहरूवाट त्यस्ता सुविधा प्राप्त गर्न लाग्ने खर्च सेवा शुल्कको रुपमा उठाइ आवश्यक पूर्वाधार निर्माण गर्न उचित देखि यस्ता कार्यक्रमहरू समेत यस योजनामा समावेश गरिएकोछ ।

अन्य वैकल्पिक उपायहरू

गाँउ पालिका वासीहरूलाई करको भारमा कमी गरी आधारभूत आवश्यकता उपलब्ध गराउन लागत सहभागिता, सेवा शुल्कको प्रावधानका अतिरिक्त अन्य थुप्रै विकल्पहरू परिचलनमा आई रहेको अवस्थामा यस गाँउ पालिकाको आर्थिक तथा सामाजिक पक्षको अध्ययन गर्दै यस गाँउ पालिकामा लागु गर्न सकिने त्यस्ता विकल्पहरू मध्ये व्यवहारीक विकल्पहरूको खोजी गर्न समेत यस योजनामा कार्यक्रम प्रस्ताव गरिएका छन् । यससँग सम्वन्धित अन्य कार्यक्रमहरू वहुक्षेत्रगत लगानी योजनामा समावेश गरिएका छन् ।

## भाग-१२ कार्यानवयन योजना

### १२.१कार्यान्वयन कार्य योजना

गाँउ सभाबाट आवधिक विकास योजना स्वीकृत भएपछि यसका आधारमा गाँउ पालिकाले सबै विषय क्षेत्र शाखा र वडा कार्यालयहरूलाई मार्ग दर्शन सहित वार्षिक योजना तर्जुमाका लाीग बजेट पूर्वा नुमान पठाउनु पर्दछ । उक्त पूर्वानुमान र मार्ग दर्शनका आधारमा सहभागितात्मक प्रक्रिया अवलम्बन गरी वार्षिक योजना तर्जुमा गर्नुपर्ने हुन्छ ।

### १२.२मार्ग दर्शन तयारी

योजना वा कार्यक्रम सञ्चालन हुनु पूर्व स्वीकृत योजनाको विभिन्न विषय क्षेत्रगत कार्यक्रम कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन तयार गर्नु पर्दछ । उक्त मार्गदर्शन साथ खर्च गर्ने अख्तियारी पठाउनु पर्ने भए सो समेत संलग्न गरी पठाउनु पर्दछ ।

### १२.३ कार्यान्वयन विधिको छनोट

योजना कार्यान्वयन गर्नु पूर्व आवश्यकता अनुसार सार्वजनिक खरिद ऐनको परिधिभित्र रही ठेक्कापट्टा, उपभोक्ता समिति, करार, अमानत, गैरसरकारी संस्थासँगको साझेदारी मध्ये कुन प्रक्रिया अवलम्बन गरिने हो सो समेत खुलाई गाँउपालिकामा पठाउनु पर्नेछ र गाँउ पालिकाबाट स्वीकृत भएपछि सोही बमोजिम कार्यान्वयन गर्नुपर्नेछ । गाँउ पालिकाले कार्यान्वयन कार्ययोजना निर्माण गर्दा उपलब्धि सूचक समेत उल्लेख गर्नुपर्छ । स्थानीय तहले सम्बन्धित कार्यान्वयन एकाइबाट चौमासिक रूपमा सोही सूचक बमोजिम प्रगति प्रतिवेदन लिने प्रणाली अपनाउनु पर्दछ ।

गाँ पालिकले सबै विषयगत क्षेत्र समेटी समष्टिगत कार्यान्वयन कार्य योजना समेत बनाउनु पर्ने हुन्छ । कार्यान्वयन गर्ने सबै निकायबाट अनुसूची बमोजिमको कार्यान्वयन योजना प्राप्त भएपछि गाँउपालिकाले एकीकृत गरी विषय क्षेत्रगत प्रमुख कार्यक्रम र लगानी देखिने गरी समष्टिगत विवरण तयार गन पर्दछ । यसै बमोजिम योजना कार्यान्वयन सम्बद्ध निकाय र व्यक्तिलाई कार्य जिम्मेवारी र क्रियाकलापप्रति जिम्मेवार बनाउनु पर्दछ ।

### १२.४अख्तियारी

वार्षिक कार्यक्रम र बजेट गाँउ सभाबाट पारित भएपछि गाँउ पालिका प्रमुखले स्वीकृत कार्यक्रम कार्यान्वयनका लगि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिनुपर्दछ । प्रमुख प्रशासकीय अधिकृतले विषयगत शाखा र वडा कार्यालयहरूलाई अनुसूची ३ र ३ क फाराम भर्न लगाई चौमासिक विभाजन सहितको कार्यक्रम माग गर्नुपर्नेछ । उक्त विवरणमा स्वीकृत वार्षिक कार्यक्रम अनुसार आवश्यक परिमार्जन सहित स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि मार्ग दर्शनसहित प्रमुखबाट अख्तियारी प्राप्त भएको १५ दिन भित्र सम्बन्धित विषय क्षेत्रगत शाखा र वडा कार्यालयहरूलाई अख्तियारी प्रदान गर्नु पर्नेछ ।

## १२.५अनुगमनको प्रतिवेदन र समीक्षा

उक्त फाराममा उल्लेखित क्रियाकलापहरूको आधारमा अनुगमन योजना बनाई उप-प्रमुखको संयोजकत्वमा गठन भएको समितिबाट अनुगमन योजना स्वीकृत गराई नियमित अनुगमनको व्यवस्था गर्नु पर्दछ । यसरी अनुगमन गर्दा अनुग मन सूचकको आधारमा गरी अनुगमन प्रतिवेदन पेस गर्नुपर्ने हुन्छ । उप-प्रमुखको संयोजकत्वमा भएका अनुगमनको प्रतिवेदन कार्य पालिकाको नियमित बैठकमा छलफल गर्नु पर्दछ । यसैगरी योजनाको अनुगमन तथा कार्यालयको समष्टि भौतिक र वित्तीय प्रगति एवं समस्याहरूको बारेमा चौमासिक र वार्षिक समीक्षा तथा स्थानीय तह विकास समस्या समाधान समितिको बैठकमा पेस गरी प्राप्त निर्देशन बमोजिम कार्यान्वयन गर्नु पर्नेछ ।

# भाग-१३ अनुगमन तथा मूल्याङ्कन

## १३.१पृष्ठभूमि

स्थानीय तहको विकासको मेरुदण्डको रूपमा रहेका विकास नीति, योजना तथा कार्यक्रमहरूको सफल कार्यान्यनका लागि अनुगमन तथा मूल्यांकनको महत्वपूर्ण भूमिका रहन्छ । स्थानीय तहले योजना तर्जुमा तथा कार्यान्वनमा सशक्त स्वःअनुगमन तथा मूल्यांकन प्रणालीको स्थापना गरी आफूले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्ने दिशा तर्फ योजनाको प्रगति उन्मुख भएको छ वा छैन भन्ने जानकारी प्राप्त गर्नु पर्ने हुन आउँदछ । कार्यान्यिन चरणको समयमा नै आयोजनाहरूमा भएको लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ वा छैन,  कार्यतालिका अनुसार क्रियाकलापहरू सुचारु भएका छन वा छैनन् साथै व्यवस्थापकीय कमजोरीहरू के-के छन भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ । त्यसैले, गाँउ पालिकाले आवधिक विकास योजनाको आधारमा वार्षिक विकास योजना तर्जुमा गर्नु पर्ने हुन्छ । वार्षिक योजना कार्यान्वयनका लागि कार्यान्वयन तालिका समेत तयार गर्नुपर्ने र सो कार्यान्वयन तालिकामा बजेट सहितका अनुगमनका कार्यहरू समेत निर्दिष्ट गरी तदअनुसार अनुगमन गर्ने कार्य प्रणाली स्थापित गरिनुपर्दछ ।

### १३.२वर्तमान अवस्था

गाँउ पालिकाले वार्षिक योजनाका कार्यान्वयन तालिका बनाएर कार्यान्वयनका चरणमा अनुगमनलाई प्राथमिकता दिने गरेको पाइँदैन । अनुगमनलाई सामान्य प्राविधिक निरीक्षणको विषयको रूपमा ग्रहण गर्ने गरेको पाइन्छ । विकास साझेदारहरूको सहयोगमा सञ्चालित कार्यक्रमहरूको हकमा सघन अनुगमन प्रणाली पनि पाइन्छ । निर्वाचित जनप्रतिनिधिहरूको बहाली पछि प्रतिनिधि सहितको संयुक्त अनुगमनको अभ्यास पनि भएको पाइन्छ । यसैगरी चौमासिक तथा वार्षिक समीक्षामा प्रगतिको स्थितिको समीक्षा पनि हुने गरेकोछ । निरीक्षण, सुपरिवेक्षण र अनुगमनमा खासै भिन्नताछ भन्ने महसुस हुन सकेको देखिँदैन । अनुगमन गर्दा पूर्वनिर्धारित सूचकहरूको आधारमा हुने अभ्यास पनि भएको देखिँदैन । अनुगमनलाई योजना चक्रको हिस्साको रूपमा बजेट विनियोजन समेत हुने गरेको छैन । अनुगमनको परम्परागत प्रणाली समस्या समाधानको दृष्टिले त्यति प्रभावकारी हुन सकेको देखिँदैन ।

### १३.३ अवसर र चुनौती

योजनाबद्ध विकासको प्रयासमा अनुगमनलाई योजना चक्रको अभिन्न हिस्सा र प्रगति सिंहा वलोकन गर्ने प्रमुख आधार मान्ने गरिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ ले उपाध्यक्ष वा उपप्रमुखको र वडा अध्यक्षको काम कर्तव्य र अधिकारमा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्नुपर्ने कानुनी व्यवस्था गरेकोछ । त्यस्तै उपप्रमुखको अध्यक्षतामा अनुगमन समितिको समेत प्रबन्ध भएको देखिन्छ । जिल्ला समन्वय समितिले पनि अनुगमन र वार्षिक समीक्षा गर्नुपर्ने संस्थागत र कानुनी व्यवस्था भएकोछ । त्यस्तै ऐन को दफा ८४ ले प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने कानुनी व्यवस्था गरेकोछ । स्थानीय सरकार सञ्चालन ऐनले गाँउ पालिकालाई आफ्नो कार्यक्षेत्र भित्रपर्ने विकास योजनाको अनुगमन सम्बन्धी कानुनी संस्थागत तथा कार्यविधिगत जिम्मेवारी समेत किटानी व्यवस्था हुनुलाई प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्ने अवसरको रूपमा लिनुपर्ने हुन्छ ।

भरखरै स्थापित स्थानीय तहहरूको संस्थागत विकास भइनसकेको वर्तमान अवस्थामा उपरोक्त कानुनी व्यवस्थाको कार्यान्वयन गर्नु चुनौतीपूर्ण रहेकोछ । योजना सम्बद्ध प्राविधिक जनशक्तिको अभावले

नियमित अनुगमन प्रभावित भइरहेको अवस्थाछ । अनुगमन सम्बन्धी संयन्त्रहरू क्रियाशील हुन सकिरहेका छैनन्, अनुगमनका लागि भिन्दै बजेटका विनियोजन समेत हुन सकेको देखिँदैन । यसैगरी स्थानीय सरकारका रूपमा विभिन्न विषयगत कार्य जिम्मेवारीहरू प्राप्त भएता पनि ती कार्य जिम्मेवारी अनुसारका अनुगमनका सूचकहरू निर्धारण हुन नसक्नु, तत्तविषयगत शाखाबाट आ-आफ्नो कार्यक्रम अनुसारका क्रियाकलापगत, परिमाणत्मक, नतिजागत, असर वा प्रतिफल गत तहसम्मका सूचकहरू प्राप्त गरी अनुगमन प्रणालीलाई सुव्यवस्थित गर्नु चुनौती पूर्ण कार्यको रूपमा रहेकोछ । कार्य प्रतिनिधिहरूलाई अनुगमनको महत्व बोध गराउन नसकिँदा अनुगमनले उचित प्राथमिकता प्राप्त गर्न सकेको देखिँदैन ।

कार्यक्रम अनुसार काचरणगत अनुगमन गरी पूर्वनिर्धारित समय, गुणस्तर, लागतमा कार्य भएन भएको यकिन गर्न कार्यान्वय चरण देखि नै प्रभावकारी अनुगमन प्रणाली स्थापित गरी नतिजा मुखी अनुगमन प्रणालीको स्थापना हुन झनै जरुरी देखिन्छ ।

### १३.४.उदेश्य

आवधिक योजना र यसबमोजिम तर्जुमा हुने वार्षिक योजनाहरूको नतिजामुखी अनुगमन तथा मूल्याङ्कन पद्धति स्थापित भई संस्थागत गर्छु ।

### १३.५.रणनीति

- स्थानीय सरकार सञ्चालन ऐन बमोजिमका अनुगमन संयन्त्रलाई संस्थागत गरी क्रियाशील गराइनेछ ।
- आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य हासिल भएन भएको उपलब्धि र नतिजा सूचकहरूका विकास गरी मध्यावधि मूल्याङ्कन गरिने ।
- आवधिक योजनाका आधारमा वार्षिक योजना तर्जुमा गरी आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरू प्राप्त उन्मुख भए नभएको अनुगमन गरिने ।

- विषयगत कार्यक्रमहरूको कार्यक्रम गत सूचकहरूको निर्माण गरी तदअनुसार अनुगमन गरिनेछ ।
- अनुगमनको कार्य तालिका बनाई अनुगमन गर्ने प्रणालीको विकास गरी, तद अनुसार क्षमता विकासका साथै बजेटको व्यवस्था गरिने ।
- अनुगमन पश्चात अनुगमन कर्ताबाट लिखित रूपमा अनुगमन प्रतिवेदन लिने, यसलाई नियमित बैठकमा छलफल गरी देखिएका बाधा अड्चन फुकाइने ।
- चौमासिक समीक्षा तथा स्थानीय तहको समस्या समाधान समितिको बैठकमा अनुगमन समितिबाट समष्टिगत अनुगमन प्राप्त गरी छलफल गरी समस्याको समाधान गर्ने प्रणालीको स्थापना गरिने ।
- अनुगमनको प्रतिवेदन गाँउ पालिकाको वेबसाइटमा राखिनुका साथै सार्वजनिक समेत गरिने ।

### १३.६ कार्यक्रम

- संस्थागत संयन्त्रका स्थापना र क्षमता विकास,
- अनुगमन प्रणाली र तहगत सूचकहरूको निर्माण र कार्यान्वयन,
- अनुगमन कार्यान्वयन कार्यक्रम
- समीक्षा तथा स्थानीय समस्या समाधान समितिको बैठक

### आवधिक योजना तर्जुमा मूल-समिति

| क.सं. | पद | नाम/थर | जिम्मेवारी |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री भरव बहादुर साउँद | संयोजक |
| २ | उपाध्यक्ष | श्री डम्मरी कुमारी विष्ट | उपसंयोजक |
| ३ | कार्यपालिका सदस्य | | सदस्य |
| ४ | सदस्य | पाचँ वटै वडाका वडा अधक्ष्य ज्युहरु | सदस्य |
| ५ | सदस्य | प्रेम सार्की | सदस्य |
| ६ | सदस्य | तारा कुमारी नाम्जाली | सदस्य |

(क) आवधिक योजना तर्जुमा विषय क्षेत्रगत समिति

| क.सं. | पद | नाम/थर | जिम्मेवारी |
|---|---|---|---|
| १ | कार्यपालिका सदस्य | पदम सिंह बोहरा | संयोजक |
| २ | कार्यपालिका सदस्य | पदमा देवी जेठारा | सदस्य |
| ३ | कार्यपालिका सदस्य | प्रेम सार्की | सदस्य |

(ख) आवधिक योजना तर्जुमा प्राविधिक समिति

| क.सं. | पद | नाम/थर | जिम्मेवारी |
|---|---|---|---|
| १ | प्रमुख प्रशाशकिय अधिकृत | श्रीदिला राज भट्ट | संयोजक |
| २ | इन्जिनियर | श्री दिपक बम | सदस्य |
| ३ | प्रशासन सहायक पाचौ | श्री दिपक राज जोशी | सदस्य |
| ४ | लेखापाल | युवराज भट्ट | सदस्य |
| ५ | सूचना अधिकृत | टोप बहादुर चन्द | सदस्य |

विषय क्षेत्रगत योजना कार्यान्वयन विवरण फाराम

विषयगत शाखा/ शाखा उप शाखा निकाय/संस्था र गैसस तथा निजी क्षेत्रले यस फाराम भरी गाँउ पालिकामा पेस गर्नु पर्नेछ। अख्तियारीका साथ सम्बन्धित विषयगत शाखा/शाखा उपशाखा/निकाय/संस्था र वडा कार्यालयलाई प्रमुख प्रशासकीय अधिकृतले यसै फारामलाई प्रमाणित गरी पठाउनु पर्नेछ।

जम्मा पुँजीगत खर्च :६५०९८७४०/-

जम्मा चालु खर्च : ५९८००००/-

कूल जम्मा :

द्रष्टव्यः यस वार्षिक कार्यक्रमको चौमासिक विभाजन ढाँचा राष्ट्रिय योजना आयोगले निर्दिष्ट गरेको ढाँचामा तयार गरी स्वीकृत गराउनु पर्नेछ।